# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २२ वैशाख २०८२

# सोमबार

# बैठक सङ्ख्या- ५

राष्ट्रिय सभाको आजको बैठक सम्मानननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:३१ बजे प्रारम्भ भयो।

(१३:३१ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु।सर्वप्रथम माननीय सदस्य कृष्णबहादुर रोकाय।

(१३:३२ बजे) माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्ष महोदय, मध्यपहाडी लोकमार्ग नेपालको राष्ट्रिय गौरवको आयोजना हो। यो आयोजना पूर्वपश्चिम देशका २६ पहाडी जिल्लाहरूमा यातायात सञ्जाल विस्तार गर्ने उद्देश्य राखेको छ। तर जाजरकोटको मन्ता भिर रुकुम चौरजहारी र कुदु जोड्ने भेरी नदीमा सडक पुल हालसम्म नभन्दा उक्त आयोजना

गति लिनसकेको छैन। मध्य पहाडी आयोजना निर्देशनालयले पुलको टेण्डर छिट्टै हुने भन्न लागेको करिब ६ महिना बितिसकेको छ। हाल अर्थ मन्त्रालय स्रोत सुनिश्चितताको सहमति नदिएकाले गर्न सकिएको छैन भनेको छ। यसको सत्य तथ्य के हो? के कति कारणले टेन्डर हुन सकेको छैन र कहिलेसम्म हुन्छ? सम्माननीय अध्यक्ष मार्फत म भौतिक पूर्वाधार तथा यातायात मन्त्रीसँग जवाफको लागि जोडदार माग गर्दछु। धन्यवाद।

(१३:३२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य घनश्याम रिजाल।

(१३:३३ बजे) **माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल र चीनको पुरानो व्यापारिक नाकाहरूमध्ये दोलखा जिल्लाको लामबगर फलाक नाका पनि एक विगतमा सो नाका हुँदै नेपाल र चीनबीच व्यापार हुने गरेको थियो र नेपालको उल्लेख्य राजस्व समेत संकलन गर्ने गरेको थियो भने सोही नाका हुँदै त्रिदेशीय व्यापार गर्ने लक्ष्यका साथ २० को दशकमा नै भन्सार अध्यागमन लगायत आवश्यक कार्यहरु स्थापना गरिएको थियो। २०५२ साल पछि सुरक्षा लगायतको कारण देखाउँदै उक्त नाका सञ्चालन हुन सकेको छैन। उक्त नाका सञ्चालनको लागि चीनको सिगात्सेको किमिरी काउन्टीमा पर्ने रोङसियामा कार्यलय र सम्पूर्ण पूर्वाधार निर्माण कार्य पनि सकिसकेको छ भने नेपालतर्फको कुनै तयारी रहेको देखिँदैन। आयात निर्यात र पर्यटनका माध्यमद्वारा नेपालले उल्लेख्य आर्थिक लाभ लिन सक्ने परिस्थिति हुँदा पनि सरकारको उदासीनता निन्दा योग्य छ। तसर्थ जम्मा ३ किलोमिटर सडक ट्र्याक जोड्न बाँकी रहेको नेपाल चीन र भारत जोड्ने सबैभन्दा छोटो लामाबगर फलाक नाका संचालनका लागि चाहिने सम्पूर्ण भौतिक पूर्वाधार तथा व्यवस्थापकीय तयारी गरी नाका संचालनका लागि सरकारको गम्भीर ध्यान आकर्षण गराउँदछु। धन्यवाद।

(१३:३४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य पूजा चौधरी।

(१३:३४ बजे) <u>माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)</u> :- हालै मात्र प्रिसा साह र सुशान्त ओलीको मृत्युको खबरले हामीलाई मर्माहित बनाएको छ। उहाँहरूको परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछु। साथै उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली पनि अर्पण गर्न चाहन्छु। र साथै दोषीलाई कडाभन्दा कडा कारबाही होस् भन्दै सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु। साथै आफ्नो मामाको छोरीको वैवाहिक समारोहमा रेन्जर टोय खेलाउन पड्काएर नाचेको भिडियोले सामाजिक सञ्जाल तातेको नै देखियो। सन्दर्भ डाक्टर बबीसिंह यादवको उहाँले एउटा पारिवारिक महोत्सवमा रेन्जर टोय नामक गन लिएर नाचेको भिडियोलाई केही साथीहरुले भाइरल बनाउनु राजनीतिक रङ दिएर कसैको चरित्र हत्या गर्नु सम्माननीयज्यू के यो सही छ? कसैको चरित्र हत्या त्यहाँ गर्ने अधिकार कसले दिएको छ? त्यसैले सामाजिक सञ्जालमा यस्तो क्रियाकलाप बन्द गरिनुपर्छ र दोषीलाई कसैको चरित्र हत्या गर्ने व्यक्तिलाई कडाभन्दा कडा सजायको माग गर्दछु। धन्यवाद।

(१३:३५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रुकमिणी कोइराला।

(१३:३५ बजे) <u>माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, पछिल्लो समयमा प्रविधिको विकाससँगै सामाजिक सञ्जालको दुरुपयोगबाट हुने अपराधका घटना बढ्दै गएका छन्। यसै महिनामा काठमाडौंमा फागुनमा देशमा ४४६८ आपराधिक घटनाका मुद्धा दर्ता भएका छन्। फागुनमा मात्रै बैंकिङ्ग कसुर हजार ११२७ मुद्दा दर्ता भएका छन्। बैंकिङ्ग कसुरमा पनि चेक बाउन्सका मुद्दा धेरै छन्। त्यसैगरी स्वास्थ्य सुरक्षा सुविधा र नैतिकता विरुद्ध ५२१ अपराधका मुद्दा दर्ता भएका छन्। आत्महत्या सम्बन्धी अपराधका ५०१, लागु औषध सम्बन्धी अपराध ४१९, चोरीका २६८, जबरजस्तीकरणीका १६८, ठगी सम्बन्धी १६२, सवारी चोरी मुद्दा १५४, ज्यान मार्ने मुद्दा ६१, कर्यव्यज्यान सम्बन्धी ४२ मुद्दा प्रहरीमा दर्ता भएका छन्। काठमाडौं उपत्यकामा १३३७, मधेस प्रदेशमा ७१५, (...... समय सकिएको।)

(१३:३६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रेनु चन्द।

(१३:३६ बजे) <u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, अछामको बानिगढी गाउँपालिकास्थित पुरानो बजार, जयगढ बजारमा आगलागी भएको

छ। २१ घर जलेका छन् त्यसमा २६ व्यवसायीले व्यवसाय गर्थे। उहाँहरूको २१ जना आश्रित परिवार हाल अप्ठ्यारोमा परेको छ। ८ करोड बराबरको क्षति भएको छ र अनुसूची भरेर सबै विवरण केन्द्रमा पठाइसकेको अवस्था छ। त्यसैगरी साँफेबगरको नगरपालिकाको मुख्य बजार हाट बजारमा पनि यही १३ गते आगलागी भएको छ। जसमा १० पसल पूर्ण रुपमा नष्ट भएका छन् र दुइटै जलेका छन्। करिब ४ करोडको क्षति भएको छ। यी दुवै ठाउँका लागि हाललाई अस्थायी आवासको म सरकारसँग माग गर्न चाहन्छु। र बजार पुनस्थापन गर्नका लागि पनि सरकारसँग गम्भीरतापूर्वक माग गर्न चाहन्छु। धन्यवाद।

(१३:३७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१३:३७ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, मौसम वितका अनुसार २०८२ सालमा धेरै पानी पर्छ भन्ने कुरा धेरै अगाडिदेखि नै विभिन्न संचार माध्यमबाट सूचना आइसकेका छन्। तर पनि हाम्रा लामो दुरीका सडकहरु अस्तव्यस्त छन्। काठमाडौं-नारायणघाट बुटवलको सडक लामो समयदेखि अवरुद्ध हुँदा धेरै नागरिकहरुले शास्ती भोग्नु परेको छ। नारायणघाटदेखि बुटवलको दुरी जम्मा तीन घण्टाको हो तर अहिले १५ देखि २० घण्टा बाटोमा कुर्नुपर्दछ। चाइनिज कम्पनीले निर्माण गर्ने जिम्मा लिएको यो सडक दुईदुई पटक म्याद थप्दा पनि पूर्ण हुन नसक्दाको कारण के हो? निर्माण एरियाको एकैपटक भत्काएर सबैतिर बाटो अवरुद्ध गराउने जस्ता कार्यहरुलाई सुधार गर्न सरकारले कडा निर्देशन गरोस् भन्ने कुरालाई सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। अन्त्यमा लन्डन र भारतमा अध्ययन गर्न गएका छात्र छात्रा सुशान ओली र प्रीसा साहको निधनप्रति दुःख व्यक्त गर्दै दुवैजनाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा (.... समय सकिएको।)

(१३:३८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१३:३८ बजे) <u>माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, स्थानीय जनप्रतिनिधिहरू र स्वयं प्रत्यक्ष छलछाम गरी बालविवाह गर्ने व्यक्तिहरूमा पर्न गएको समस्यालाई सहज बनाउन एकपटकलाई मिति तोकेर विवाह दर्ता नभए जन्म दर्ता गर्न

नमिल्ने, जन्मदर्ता नभए नागरिकता दिन नमिल्ने यस्तो धेरै समस्या भएको हुनाले उमेर नपुगे विवाह गर्दा विवाह दर्ता गर्न जन्मने विवाह दर्ता गरेको छैन अनि जन्मदर्ता पनि हुँदैन। त्यसले गर्दा धेरै समस्या पर्न गएको हुनाले स्थानीय जनप्रतिनिधिहरुलाई पनि यो समस्या परेको छ। त्यसैले यो समस्यालाई समाधान गर्न एकपटकको लागि मिति तोकेर यतिसम्म नि जन्मदर्ता भएकालाई जन्मदर्ता गर्ने भन्ने खालको निर्णय हुनुपर्छ भन्ने मेरो धारणा छ। धन्यवाद। जय नेपाल।

(१३:३९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१३:३९ बजे) <u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, यही चैत्र १५ गते तिनकुनेमा भएको वितण्डताले देश मर्माहित भएको छ। त्यसको सहायक कमाण्डर गिरफ्तार गरिएका छन्। सहायक कमाण्डर जेलमा छन् तर मुख्य कमाण्डरलाइ समातिएको छैन। मुख्य कमाण्डर भनेकै प्रतिगामीका मुख्य नायक ज्ञानेन्द्र शाह हुन्। ज्ञानेन्द्र शाहलाई अहिले पनि सरकारले समात्न सकेका छैन। दरबार हत्याकाण्डका मुख्य आयोजक पनि तिनै हुन् भन्ने सर्वत्र चर्चा छ। प्रविण गुरुङको हत्याको पनि छानबिन भएको छैन। र यी आयोगहरू रायमाझी आयोगले २२२ जनालाई दोषी ठहर गरेको छ। रायमाझी आयोग कार्यान्वयन होस र त्यो मुख्य कमान्डर ज्ञानेन्द्र शाहलाई गिरफ्तार गरी सम्पत्तिको पनि छानबिन होस्। धन्यवाद।

(१३:४० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१३:४० बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, लेखा समितिमा परेका उजुरीहरूमध्ये अझै पनि धेरै उजुरीहरू अलपत्रमा परेका छन्। त्यसलाई कुनै चासो देखाइएको छैन। के कारण लुकेको छ? माननीय सभापतिज्यूलाई यति धेरै अलपत्रमा परेका उजुरीहरुलाई सम्बोधन गरी समितिबाट निकास निकाल्न आर्थिक अनियमितता र भ्रष्टाचारको खबरदारी गर्न लेखा समितिको नेतृत्व विपक्षले लिने प्रावधान हुँदाहुँदै पनि यी सबै अनियमिततालाई ढाकछोप गर्नकै लागि हो त सरकारले लेखा समिति ओगटेर

बसेको? के गर्दैछ लेखा समितिमा म सरकार सम्माननीय अध्यक्षज्यू मार्फत म सरकारसँग प्रश्न गर्न चाहन्छु। धन्यवाद।

(१३:४१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य सावित्री मल्ल।

(१३:४१ बजे) **माननीय श्री सावित्री मल्ल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, पश्चिम नेपाल कर्णाली प्रदेश दैलेख जिल्लामा प्रत्येक महिनामा कहिले चट्याङ त कहिले विद्युत करेन्ट, कहिले भूकम्प क्षतिबाट ठूलो जनधनको क्षति भइराखे कर्णाली प्रदेश मध्य पहाडी बाटो अहिलेसम्म पूरा भएको छैन। Two lane बाटो पनि अहिलेसम्म छैन उच्च जोखिम प्रदेश कर्णाली राष्ट्रिय विपत न्यूनीकरणको लागि उपाय खोज्न नेपाल सरकारको गम्भीर ध्यान आकर्षण गर्न चाहन्छु। निर्वाचन क्षेत्र नम्बर एक २०८२-१-२० गते दिउँसो ३ बजे दैलेख जिल्लाको नौमुले गाउँपालिका वडा नं ८ चौराठामा आँगनमै चट्याङ लागेर दशरथ शाहीको असामयिक निधन भएको खबरले अत्यन्तै मर्माहत छु। २०८२-१-२१ गते निर्वाचन क्षेत्र नम्बर २ दैलेखकै जिल्लाको आठबिस नगरपालिका वडा नम्बर ४ र राकम कर्णाली गाउँ निवासीको नन्दराम माझीको छोरा नगेन्द्र माझीको विद्युत करेन्ट लागेर मृत्युको खबरले अत्यन्तै मर्माहीत छु। दुवैजना ( .....समय सकिएको। )

(१३:४२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय भौतिक, पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाललाई "सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८२ साल वैशाख १९ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१३:४४ बजे) **माननीय भौतिक, पूर्वाधार तथा यातायात मन्त्री श्री देवेन्द्र दाहाल** :- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८२

साल वैशाख १९ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु। धन्यवाद।

(१३:४४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय भौतिक, पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले सभा समक्ष प्रस्तुत गर्नुभएको उक्त प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि १४ जना माननीय सदस्यहरूबाट संशोधन प्रस्तावहरू प्राप्त हुन आएका छन्। संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुले छलफलमा भाग लिँदा आ-आफ्नो संशोधन प्रस्ताव सहित छलफलमा भाग लिनुपर्ने छ। साथै दलीय आधारमा बिभाजन भएको समय नै उपयोग हुने व्यहोरा समेत जानकारी गराउँछु। अब, माननीय सदस्यहरूलाई छलफलमा भाग लिन क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य गोपाल भट्टराई। समय ७ मिनेट।

(१३:४५ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी २०८२/८३ को नीति तथा कार्यक्रम माथि छलफलको सुरुवात गरेका छौं। यो नीति कार्यक्रम अहिलेको नीति कार्यक्रम असाध्यै व्यवस्थित रुपमा आएको छ। नीति नीतिकै रूपमा आएको छ। यो विवरण छैन। नीति मात्रै प्रस्तुत गरिएको त्यसो भएर यो कार्यक्रम असाध्यै व्यवस्थित छ भन्ने मलाई लाग्छ। यो नीति कार्यक्रमले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढिकरण, यस विरुद्ध हुने प्रतिगामी पुनरुत्थानवादी गतिविधिको प्रतिवाद गर्ने कुरा गरेको छ। र अहिले लोकतन्त्रलाई, गणतन्त्रलाई च्यालेन्ज गर्ने गरी जसरी उहरु आए त्यसलाई प्रतिवाद गर्ने कुरा गरेको छ। अर्को संविधानको समीक्षा सबल पक्षको सुदृढीकरण गर्ने कार्यान्वयनको क्रममा देखिएका कमीकमजोरीलाई सच्याउने सहितको आधारभूत संशोधन प्रक्रिया अघि बढाउने र त्यसलाई सहमतिको आधारमा अगाडि बढाउने जुन कुरा गरेको छ। यो सरकार निर्माण हुँदैखेरिदेखि यो एउटा बुँदामा समेटिएको विषयको विषय हो। र अहिले १० वर्ष हुँदैछ। त्यसो भएको हुनाले यो यसको अब समीक्षा गर्ने बेला पनि भएको छ, यो कुरा आएको छ। विकासको ढाँचा गति र संस्कृति फेर्ने विभिन्न सरकार फेर्ने विभिन्न सरकारका पालना घोषणा गरि

एका परियोजनाहरूको पुन प्राथमिकरण गर्ने परियोजनालाई वर्गीकरण गरेर आगामी आर्थिक वर्षमा सम्पन्न हुने र यसै संसदको अवधिभित्र सम्पन्न हुने परियोजना यकिन गर्ने। स्रोत सुनिश्चित गर्ने सम्पन्न हुने सम्भावना नभएका परियोजनालाई स्थगित गर्ने र त्रुटीपूर्ण आयोजनाहरुलाई खारेज गर्ने। यो विकास निर्माणको एउटा मोडल तयार गर्ने कुरा भएको छ। यसो भयो भने मात्रै धेरै कार्यक्रमहरु योजनाहरु अगाडि बढ्न सक्छ। भएन भने सधैंभरि प्रत्येक योजनामा रकम छर्ने तर ती सम्पन्न नहुने अवस्था रहिरहने कुरालाई यसले अन्त्य गर्न खोजेको छ। त्यसो भएको हुनाले यो असाध्यै दूरदृष्टिबाट आएको छ। परियोजनाहरू सञ्चालन गर्दाखेरि तीनै तहका सरकारको समन्वय गर्ने भनिएको छ। योभन्दा पहिला के के भइरहेको थियो भने एउटै योजनामा संघ, प्रदेश र स्थानीय तहले समेत एउटै परियोजनामा रकम सुनिश्चित गर्ने र कहि रकम अभाव हुने। र एउटै परियोजनामा धेरै रकम जाने त्यस्तो खालको परिस्थिति सिर्जना भएको छ। त्यसो भएको हुनाले अब समन्वयकारी समन्वय गरेर मात्रै परियोजनाहरुलाई अगाडि बढाउने कुरा यो असाध्यै दृष्टियुक्त छ। त्यसो भएको हुनाले यस्ता खालका परियोजनाहरूलाई अगाडि बढाउँदा सम्पन्नतातिर लैजान  सजिलो हुने कुरा मैले राख्न चाहन्छु।

अब खास गरेर हामी धेरै चिजहरू आयातमा निर्भर छौं। हाम्रो देशमा पेट्रोलियम पदार्थ फलाम खानी तामाखानी म्याग्नेसियम जस्ता थुप्रै खानीहरु छन्। ती खानीहरूलाई  उत्पन्न गर्ने र त्यसलाई त्यसको व्यवस्थापन गर्ने कुरा अहिलेसम्म भएको छैन। गत केपी ओलीको सरकारले ७८ सालमा फलाम खानीको अनुसन्धान सम्पन्न भइसकेको अवस्थामा फलाम खानीलाई अब उत्पादन सुरु गर्नको निम्ति आठ अरब रुपैयाँ विनियोजन गरेको थियो। त्यसपछिका सरकारहरुले यसलाई  चासो राखेनन्। त्यसो भएको हुनाले अब यो फलाम खानीलाई सार्वजनिक- निजी- साझेदारीको आधारमा यसलाई अगाडि बढाउने कुरा गऱ्या छ, यो असाध्यै उपयोगी छ र हाम्रो आयातलाई प्रतिस्थापन गर्न त्यसलाई  आयात घटाउन हामीले यसले ठूलो मद्दत गर्नेछ। यो लाखौंको टनको हिसाबमा त्यहाँ फलाम छ भन्ने प्रमाणित भइसकेको छ। र त्यो फलाम उपयुक्त छ भन्ने पनि भईसक्या छ, त्यसो भएको हुनाले यस्ता कुराहरू यसमा आएको छ। खास गरेर शिक्षालाई सर्वसुलभ गुणस्तरीय जीवन उपयोगी बनाउने कुरा र पढ्दै कमाउँदैको नीति समेत ल्याएको छ। यो अब यो शिक्षालाई उपयोगी शिक्षा भनेको प्राविधिक शिक्षा हो। र अहिले थुप्रै जनशक्ति हाम्रो  शिक्षित बेरोजगारको रुपमा छ। त्यसो भएको हुनाले त्यो जनशक्तिलाई पढ्दै कमाउँदै गर्ने उसमा  लैजानुपर्छ भन्ने जुन कुरा आएको छ। यस्ता यस्ता धेरै कुराहरु खास गरेर स्थानीय तह देखी केन्द्रसम्मकालाई यो इन्टरनेटमा जोड्ने

र सबै आयोजनाहरू विद्युतीय उसमा  राख्ने र सबैले सर्वसुलभ तरिकाले हेर्न सक्ने त्यसैबाट काम गर्न सकिने कुरा समेत यस उसमा आएको छ। यो खासगरेर नेटवर्कड सिस्टमलाई व्यवस्थित गरेर मान्छेहरू लाइन लागेर बस्नुपर्ने र त्यहाँ गएर कुर्नुपर्ने अवस्थाको अन्त्य गर्ने कुरा गरेको छ। यस्ता धेरै कुराहरू यसमा छन् अहिले यो पाँच सात मिनेटमा भन्न सकिदैन। यति कुरा राखेर ....

(१३:५३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य नारायण काजी श्रेष्ठ समय १४ मिनेट। यसपछि माननीय सदस्य आनन्द प्रसाद ढुङ्गाना।

(१३:५३ बजे) <u>माननीय श्री नारायण काजी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, सरकारले आर्थिक वर्ष २०८२/८३ को निम्ति प्रस्तुत गरेको नीति तथा कार्यक्रमले देशको आजको विशिष्ट अवस्थालाई सम्बोधन गर्न सकेको छैन। र यो त्यस दिशातिर समाधानमुखी गम्भीरता, स्पष्टता र ठोसपन पनि यसमा छैन। हामीले यसभन्दा अगाडि राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्ने गरी केही क्रमभङ्गताको दिशातिर ठोस पहल गरिने गरेका थियौं। आवश्यकता त्यस प्रकारको क्रमभङ्गतालाई निरन्तरता दिनु थियो तर यसले पछाडि फर्केर यथास्थितिवादलाई निरन्तरता दिएको छ। त्यसकारणले यो नीति तथा कार्यक्रम वक्तव्य यथास्थितिलाई निरन्तरता दिने परम्परागत निबन्धको रुपमा अगाडि आएको छ यसले कुनै आशा र विश्वास पैदा गर्न सकेको छैन। दोस्रो कुरा यो सरकार वैधानिक छ अङ्कगणित्यको हिसाबले। तर यसको बैधता र औचित्यता यसले गुमाउँदै गएको छ। त्यसकारणले नीति तथा कार्यक्रममा अरु जेसुकै कुरा लेखेको भएपनि यसको व्यावहारिक कार्यान्वयनको प्रश्नमा कुनै विश्वास र आशयले पैदा गर्न सक्ने र त्यस वरिपरि छलफल गरेर त्यसलाई गम्भीरतापूर्वक लिन पर्ने स्थिति पनि लिन सकिने स्थिति पनि देखा पर्दैन। अर्को कुरा सरकारले ल्याएको नीति अत्यन्तै to general आम छ। यसलाई ठोस नीतिको रुपमा अभिव्यक्त गरेको छैन त्यसकारणले त्यो बजेट वक्तव्यमा आइसकेपछि मात्रै त्यसबारेमा छलफलको सान्दर्भिकता बढेर जाला। यो प्रश्न पनि अहिले यतिखेर यहाँ विचारणीय हुन आउँछ। जहाँसम्म यो नीति कार्यक्रमको वक्तव्यको कुरा छ यसले अहिलेको देशको मुख्य कार्यभार के हो? र त्यसलाई कसरी सम्बोधन गर्ने? भन्नेमा नै केन्द्रित गर्न ध्यान केन्द्रित गर्नुपर्थ्यो। एकदम छरपष्ट रुपमा आम नीति मात्रै यसले बोकेको छ। जस्तो यसको अहिलेको राष्ट्रिय प्रमुख कार्यभार के हो भन्दा सिधा र स्पष्ट रुपमा यत्रो ठूलो युगान्तकारी राजनीतिक परिवर्तन पछाडि त्यो राजनीतिक

परिवर्तनको उपलब्धिहरूलाई सामाजिक आर्थिक क्षेत्रमा विस्तारित गर्ने सामाजिक आर्थिक रूपान्तरण गर्ने विकास र समृद्धिको प्रक्रिया तीव्रता दिने त्यसको फड्कोमा बिन्दुमा पुर्याउने ताकि शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यान्न, आभास बाटाघाटा सूचना सञ्चार र खानेपानी बिजुली लगायतका आवश्यकताहरु पूरा गरेर नयाँ नेपाल निर्माण गर्ने नयाँ जीवन दिने नेपालीहरुलाई भन्ने कुरा प्रष्ट यो अलि boldly आउनुपर्थ्यो। त्यसमा  समृद्धिको कुरा नभएको होइन छ तर  त्यसले कुनै प्रष्ट तस्बिर सहित ध्यान केन्द्रित गर्न सकेको छैन। र यो नै हो जसले अहिले यो प्रतिगमनको कुरा सुरुमै नीतिगत वक्तव्यमा गरिएको छ। तर यसले बुझ्नुपर्ने कुरा के हो भने यो नै हो जसले प्रतिगमनलाई परास्त गर्न सक्छ प्रतिगमन परास्त गर्ने यो नै अचुक अस्त्र हो। तर यसमा गम्भीर ध्यान छैन। त्यसैगरी सामाजिक आर्थिक ढाँचा अथवा विकासको ढाँचाको कुराकानी त्यहाँ गरिएको छ तर कस्तो विकासको ढाँचा भन्ने फेरि केही पनि प्रस्तुत गरिएको छैन। म विकासको ढाँचाको बारेमा यति मात्रै भन्न चाहन्छु नेपालको आजको विकासको ढाँचा समाजवाद उन्मुख, समावेशी प्रकृतिमैत्री विकासको ढाँचा हो त्यो कुरालाई प्रष्ट पारेर अगाडि बढ्नुपर्ने आवश्यकता छ। अर्को कुरा नेपालको सन्दर्भमा आज त्यो सामन्तवाद विरोधी लोकतान्त्रिक क्रान्तिलाई सम्पन्न गरेर आज हामी जुन ठाउँमा छौ त्यसको सामाजिक, आर्थिक पक्षको मुख्य शक्ति अहिले पनि दलाल तथा नोकरशाही पुँजीपति वर्ग रहेको छ पुँजीवाद रहेको छ। त्यसमा पनि तेस्रो यसले प्रष्ट पार्ने भने दलाल पुँजीवादलाई परास्त नगरी, अन्त नगरिकन राष्ट्रिय पुँजीको विकास हुन सक्दैन र राष्ट्रिय पुँजीको विकास नभईकन देशमा उत्पादनको विकास हुन सक्दैन उत्पादन प्रक्रिया वृद्धि हुन सक्दैन। र औद्योगीकरणको प्रक्रिया पनि अगाडि बढ्न सक्दैन। त्यसकारणले गर्दाखेरि यो पक्षमा दलाल पुँजीवादको पनि चर्चा छैन, त्यसमाथि प्रहार गर्ने त्यसलाई परास्त गर्ने कुनै चर्चा छैन। त्यसकारणले सायद यो बिचौलिया र नव उदारवादको पक्षपोषण गर्ने कुरा त्यसै कारणले यो बारम्बार यो सरकारको सन्दर्भमा चर्चा भइरहेको हो। त्यसै कारणले यसबारेमा कुनै प्रष्टता सरकारले ल्याउन सकेको छैन।

यसरी यो तीनवटै कुरा अहिलेको कार्यभार मुख्य कार्यभार के हो? अहिले त्यस्तो समाजको मुख्य हामीले प्रहार गरेर नेपाललाई औद्योगीकरणको प्रक्रिया विकासको प्रक्रियामा लैजान बाधक के हो र त्यसलाई कसरी परास्त गर्ने? र त्यो विकासको ढाँचा के हो भन्ने बारेमा प्रष्ट नभएको कारणले यसले जतिसुकै कुराकानी गरे पनि यसले लक्ष्य भेदन गर्न सक्दैन र अहिलेको आवश्यकता पूरा गर्न सक्दैन। र यो सबै पूरा गर्नको लागि आजको पूर्व सर्त के हो? आजको पूर्व शर्त सुशासन हो। त्यसकारण सुशासन बिना विधिको शासन, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण, भ्रष्टाचारप्रति शून्य

सहनशीलता, भ्रष्टाचारीहरूलाई कारबाही सहित अगाडि बढ्नुपर्ने आवश्यकता छ। यो सुशासन कुरा धेरै ठाउँमा छ तर सुशानुको कुरा गर्दाखेरि समस्या के छ भने सुशासन भनेको कुशासन हो व्यवहारमा। भन्या जस्तो यो सरकारको व्यवहार भएको कारणले पनि सुशासनले पनि कुनै एउटा प्रकारको त्यसले आशा जगाउन सक्ने स्थिति छैन। अर्को कुरा नेपालको सन्दर्भमा सुशासन अथवा भ्रष्टाचार विरोधी अभियान त एउटा पक्षको बारेमा हामी सबैले ध्यान दिनुपर्नेछ जसको बारेमा यो सरकारले ध्यानै दिँदैन मात्रै होइन, हेर्दै हेर्दैन। किनकि त्यसलाई पछाडि उल्टाउने हिसावले गइराख्या छ। सुशासन जो भ्रष्टाचार विधि अभियान छ। सबै देशमा भ्रष्टाचार एकमा अर्को स्तरमा हुने गरेको त्यसको विरुद्ध सुशासन अभियान चल्ने गर्छ तर नेपालको सन्दर्भमा भ्रष्टाचार विरोधी सुशासन अभियानमा नडेको कुरा के हो भने यो दलाल तथा नोकरसाही, पुँजीवाद विरोधी प्रहार हो। त्यसलाई परास्त गर्ने, त्यसलाई अन्त गर्ने राष्ट्रिय पुँजीको विकास गर्नका निम्ति चालिएको कदम हो। त्यसबारेमा कहीँ कतै चर्चासम्म गर्नसक्ने हिम्मत सरकारको देखिएन। अब अहिले तत्काल तत्काल यो जो दिशा दिनुपर्ने अहिलेको मुख्य काम हो। त्यो दिन तत्काल के गर्ने भन्ने बारेमा पनि यो प्रष्ट छैन।

जस्तो अहिलेको अर्थतन्त्रलाई चलायमान बनाउनु हो। रोजगारी सृष्टि गर्नु हो। आय बढाउनु हो, पारिवारीक आय बढाउनु हो, उपभोग बढाउनु हो। उद्योग कलकारखानालाई पूर्ण क्षमतामा सञ्चालन गर्नु हो। त्यसपछि त्यस आधारमा यसले एउटा थप पुँजिगत जो छ त्यसको कार्यान्वयन क्षमता बढाउनु हो। अनि त्यसपछि व्यापार घाटा कम गर्नु हो। यो समग्र दिशातिर अहिले के गर्ने भन्नेमा छैन। रोजगारी वृद्धि गर्ने मुख्य कुरा हुन आउँछ। त्यसो भएमा मात्र आम्दानी बढ्छ।त्यसो भएन भने मात्र उद्योग चल्छ, त्यसोभए भने मात्रै राजस्व बढ्छ, पूजीगत सञ्चय बढ्छ। पुँजीगत खर्च कार्यान्वयनको क्षमतामा अनुगमन गर्नुपर्ने हुन्छ। तर whole cycle मा जो रोजगारीको कुरा छ रोजगारी वृद्धिमा केही कुरा आएको छ नआएको होइन जस्तो इन्टरलाई भत्ता दिने। जस्तो पढ्दै कमाउँदै हामीले पहिला ल्याएको नीतिको निरन्तरसम्म छ। यो सकारात्मक नै छ। तर रोजगारीलाई मुख्य केन्द्रबिन्दु बनाएर अगाडि बढ्ने सवालमा यसले ठोस कुनै पहलकदमी प्रस्तुत गर्न सकेको छैन। ठोस कुनै नीति प्रस्तुत गर्न सकेको छैन। त्यसो नगरिकन जतिसुकै कुरा गरे पनि नेपालको अर्थतन्त्रले चलायमान हुँदैन, गति लिँदैन र नेपालको अहिलेको संकट हल हुँदैन। त्यसैगरी यसको सन्दर्भमा अर्को एउटा कुरा पनि हामीले ध्यान दिनुपर्नेछ। कि यो फाइनान्सियल एक्सन ट्याक्स फोर्सले नेपाललाई ग्रे लिस्टमा राख्यो। त्यो ग्रे लिस्टमा किन राख्यो त? भन्दाखेरी अवैध

आर्थिक गतिविधि भयो। भ्रष्टाचारजन्य क्रियाकलाप बढ्यो त्यसको शुद्धिकरणको प्रक्रिया अगाडि बढ्न थाल्यो यहाँ। भनेर यसलाई ग्रे लिस्टमा राख्यो। ग्रे लिस्टमा राखिसकेपछि यसको दुईटा परिणाम हुन्छ। या हामी छिट्टै ग्रे लिस्टबाट हट्छौं। हाम्रो ठिक ढंगको नीति योजना र कामद्वारा या यो कालोसूचीमा जान्छ। तर यसले दुई वर्षसम्म गर्ने भने एकदम हल्का ढङ्गले त्यसलाई लिएको देखिन्छ र यसको क्रियाकलाप जो भ्रष्टाचारजन्य गतिविधिहरुलाई अगाडि बढाउने भ्रष्टाचारीहरुलाई प्रोत्साहित गर्ने खालको छ त्यसले गर्दाखेरि यो ग्रे लिस्टबाट मुक्त हुने दिशातिर होइन। ग्रे लिस्टबाट बिस्तारै कालो सूचीमा जाने खतरा त बढ्ने होइन भन्ने छ। यो सरकारको मात्रै कुरा छैन। यो सरकारको गैरजिम्मेवरपानाले कालो लिस्टमा गयो भने हाम्रो देश बर्बाद हुने बाला छ। हाम्रो देशले ठूलो दुःख पाउँछ। त्यसकारणले यो अहिले सरकारले गम्भीर ध्यान अझै दिन अपिल गर्छु। छिटो भन्दा छिटो कसरी grey list बाट कसरी हटाउने? त्यसको पहिलो आवश्यकता सुशासन हो।

त्यसै गरेर यसले अर्को सन्दर्भमा कुराकानी गर्ने हो भने शिक्षा स्वास्थ्य कृषिमा हामीले डिपार्चर गर्नुपर्ने आवश्यकता छ। म यो सरकारलाई ध्यानाकर्षण गम्भीर रुपमा गर्न चाहन्छु। अहिले शिक्षा विधेयक यसै सदनमा पारित गर्ने कुरा राखिको छ त्यो सहि छ। त्यसैगरी शिक्षाको सन्दर्भमा अरु पनि केही सकारात्मक कुराहरु छन्। तर कुरो के हो भने शिक्षामा हामीले आमूल परिवर्तन यसको लगानी क्वालिटेटिभ वृद्धि गरेर शिक्षा प्रणालीलाई नै चेन्ज गर्ने आवश्यकता पर्नेछ। त्यसमा यसको जोड छैन। जस्तै तपाईंहरूलाई मैले यस्ती पनि भन्या थिएँ हामी सबैको ध्यान जानुपर्ने छ त्यहाँ ५ वर्षदेखि २२ र २४ वर्षसम्म एउटा जनताको एउटा व्यक्ति व्यक्तिहरूको समूह मुख्य हिस्सा त्यहाँ हुन्छ। र त्यसैबाट निर्धारित हुन्छ व्यक्ति कस्तो बन्छ, नागरिक कस्तो बन्छ, देश कस्तो बन्ने ।त्यहाँ हामी लगानी गर्न कनजुस्याई गरिराख्या छौं। यो सरकारको मात्रै पनि कुरा होइन। टोटलमा हामीले ध्यान दिनुपर्ने शिक्षामा लगानी गुणात्मक ढंगले वृद्धि गर्नुपर्छ। अरु केही case मा कटाउनु पर्छ भने कटाउनु पर्छ। किनभने पूर्वाधार पनि पूर्वाधार हो। त्यसो गर्दाखेरि शिक्षकहरुलाई सुविधा भौतिक संरचना ट्रेनिङ देखि लिएर करिकुलम निर्माण गरेर शिक्षामा पहिला एकदम टोटल चेन्ज गरौं। त्यो दिशा यसले कुनै ध्यान पक्रन सकेको छैन।

त्यस्तैगरी स्वास्थ्यमा सकारात्मक कुरा के छ भने प्रतीकात्मक सेवाको कुरा गर्ने गरेको छ। सकारात्मक कुरा के छ भने योग र ध्यानको पनि कुरा गर्छ र सकारात्मक कुरा के छ भने वैकल्पिक चिकित्सा पनि कुरा गरेको छ तर त्यसलाई कति गम्भीरतापूर्वक लियो भन्ने कुरा चाहि

त्यहाँ प्रष्ट छैन। र र त्यसो गर्नलाई एलोप्याथिक ट्रिटमेन्ट प्रणालीमा खर्च गरेको १०% मात्रै तपाईले १५% मात्रै तपाईंले प्रतिकारात्मक खर्च गर्ने भने अस्वस्थ बन्ने रोगी बन्ने प्रक्रिया ह्वात्तै घट्छ र नेपालीहरुलाई हामी अत्यन्तै स्वस्थ र आरोग्य बनाउने प्रक्रियामा ठूलो योगदान पुग्न सक्छ। त्यो दिशातिर पनि अलि ठोस अझ आउनुपर्यो। कृषिको हकमा मैले धेरै कुरा अहिले भन्ने समय पनि छैन। कृषिको हकमा कृषियोग्य जमिनको रक्षा कसरी गर्ने त्यहाँ छैन। दोस्रो कुरा भू उपयोग नीतिको कुरा गर्दै आएको हामी धेरै भो। भू उपयोगको नीति कार्यान्वयन गर्नेमा भू उपयोग नीति बनायौ त कार्यान्वयनको दिशामा कुनै ठोस पहल कदमी छैन। त्यो दिशातिर पहल कदमी गरेर स्पष्ट नीति छैन। त्यसै गरेर किसानहरुलाई पेन्सन दिने र सामाजिक सुरक्षामा ल्याउने कुरा छैन। अहिले पनि जो सोबासी मोही, गुठी, अहिले पनि विरता किसानको त्यो समस्याहरू छन्। त्यो समस्यालाई सम्बोधन गर्नु न त अब त भन्ने आँट हामीले गर्नुपर्ने हुन्छ त्यो ढङ्गको पहलकदमी गर्नुपर्नेछ। त्यसमा पनि यो अझै प्रष्ट छैन। दलितहरूको कुराकानी गर्ने हो भने दलितको एक ठाउँमा भूमिहीन दलित भन्नेबाहेक कोही कतै चर्चा पनि छैन। नेपालको उत्पीडित समुदाय मध्ये एउटा दलित हो, त्यसपछि महिला हो। त्यो दलितहरूको सन्दर्भमा उपेक्षित गरिएको छ जब आज व्यवहारमा दलितहरूको सन्दर्भमा हामी देखिराख्या छौं अहिले पनि उत्पीडन ज्यादति धेरै माथि छ चर्को छ।

अब म दुईटा कुरा मात्रै भन्छु। यो अर्को कुरा संविधान संशोधन संविधान संशोधनको सन्दर्भमा सहमतिमा संशोधन गर्ने भनेको छ सामान्यत यो कुरा सही नै हुन आउँछ। तर के कुरामा सरकार अस्पष्ट छ भने संविधान संशोधनको कुरा गर्दा सुरुमा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाको कुरा गरेर त्यसको पक्षपोषणको कुरा गरेको छ त्यो ठिक छ। त्यसले सकारात्मक अर्थ लगाइदियौ केहो भने यसो गर्दा संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्मलाई कमजोर नपार्ने गरी संविधान संशोधन गर्नु भन्या हो कुरा सकारात्मक रुपमा लियौं। तर यस्तो अर्को पक्ष छ। यो उपलब्धिको अर्को पक्ष के हो भने समाजवाद उन्मुख समावेशी लोकतन्त्र हो यो। समाजवाद उन्मुख समावेशी लोकतन्त्रका पक्षहरुलाई आत्मसाथ गर्न त्यस्ता उपलब्धिहरुलाई पनि रक्षा गर्ने त्यसपछि अग्रगामी संविधान संशोधन गर्ने प्रष्ट छैन त्यसमा। यसले एउटा खतरा के छ भने समानुपातिक समावेशीको पक्षमा यस्ता उपलब्धिले रक्षा गर्नेमा के हुन्छ भन्ने प्रश्न गम्भीर रुपमा उठेको छ। र संविधान संशोधन किन गर्ने संविधान संशोधन संविधान संशोधनको लागि त होइन नि। किन गर्ने भन्ने सन्दर्भमा पनि म खाली अहिले बुँदामा मात्रै भन्न चाहन्छु संविधान संशोधन एउटा कुरा त अहिले

जो शासकीय स्वरूपले कारणले अस्थिरता पैदा भएको छ, चुनावी प्रणालीका कारणले गर्दा आएको छ, त्यसमा संशोधनको निम्ति पूर्ण संघीयता र समानुपातिक समावेशीलाई परिमार्जन गर्नका निम्ति र व्यवहारमा संविधान कार्यान्वयनको क्रममा पैदा भएका केही समस्याहरुलाई सम्बोधन गर्ने गरी संविधान संशोधन गर्ने हो त्यसमा कहिँ कतै यो सरकारले पहिला प्रस्तुतिहरुमा पनि अहिलेको केही कुरा प्रष्ट गरेछ। र अन्तिम कुरा यसले राष्ट्रियताको बारेमा अरु कुरा ठिकै गरेको छ तर हाम्रो ....(...समय सकिएको।)

(१४:०७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य आनन्दप्रसाद ढुङ्गाना समय १२ मिनेट। यसपछि माननीय सदस्य डा. बेदुराम भुसाल।

(१४:०८ बजे) **माननीय श्री आनन्द प्रसाद ढुँगाना (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज म नेपाल सरकारको नीति तथा कार्यक्रम अस्ती १९ गते राष्ट्रपति मार्फत जुन सरकारले ल्याएको छ। त्यसैको बारेमा आफ्ना केही धारणाहरु राख्नका लागि यहाँ उभिएको छु। सबभन्दा पहिले त यो नीति तथा कार्यक्रम भन्ने कुरा के हो भने नीति तथा कार्यक्रममा सबै कुरा लेखिएको हुँदैन। नीति तथा कार्यक्रममा के लेखिएको हुन्छ भने सरकार कुन दिशातर्फ अब चाहि राष्ट्रको ८२/८३ को बजेटलाई व्यवस्थापन मिलाउँछ त्यसलाई संकेत मात्रै गर्छ। त्यो सबै कुराको संकेत मलाई के लाग्छ भने अहिले नीति तथा कार्यक्रममा जति कुराहरू आएका छन् १५४ बुँदामा त्यहाँ मलाई सबै ठाउँमा हरेक चिजलाई नि समेटेर दिशा निर्देश गर्छ भन्ने मलाई लाग्छ। अब रह्यो सवाल हामीले भन्दै गर्दा हामीले के बुझ्नुपर्छ भनेदेखि यो नीति तथा कार्यक्रम साँच्ची भन्ने हो भने जसरी एउटा आँखा हुन्छ नि आँखा नभएका मान्छेले देख्दैनन्। आँखा भएको मान्छेले देख्छ। त्यसैले यो आँखा हो, सरकारको आँखा हो। त्यसैले यसलाई यसै कुराबाट हामी हेर्न सक्यौं भने हामीले सबै कुरा १५४ बुँदामा आएको हामीले मैले पाएको छु। खासगरी सरकारको नीति तथा कार्यक्रमलाई पहिले म आफ्नो पार्टीको तर्फबाट, आफ्नो संसदीय दलको तर्फबाट समर्थन गर्दै म आफ्ना केही विचारहरु सुझावहरु यहाँ राख्न चाहन्छु। जहाँसम्म नेपालमा यो देशलाई व्यवस्थित गर्ने हो। अगाडि बढाउने हो। गरिबीलाई समाप्त गर्ने हो भने तीन चार कुरामा हामीले जोड दिनुपर्छ। यसपालिको सरकारले एउटा कुरा के जोड दिएको छ भने पहिले पहिले योजनाहरु छरिन्थ्यो। यही योजनाहरू स्थानीय तहले पनि प्रदेशले पनि र संघले पनि हाल्ने गर्थ्यो। अर्थात् डुप्लिकेसनहरू

हुन्थ्यो। त्यसलाई सरकारले प्रष्ट रुपले के भनेको छ भने अब योजनाहरू या अबका कामहरु हामी duplication मा हुन दिन्। अब व्यवस्थित ढंगले जान्छौं र फेरि तोकेर यहि चाहि आर्थिक वर्षमा जुन योजनाहरु लिन्छौं, त्यसलाई काम सिध्याउँछौं। अर्थात् भनेको मतलब विकासको बजेट जुन जुन योजनामा जान्छ त्यो योजनाले यो कार्य अवधिभरी सिध्याउने किसिमको जानकारी योजना आउँछ भनेर संकेत गरेको छ। त्यति मात्र होइन यसमा (क) देखि (ट) सम्म ११ वटा बुँदा दिएको छ जसमा प्रष्ट रुपमा सरकारले ध्यानाकर्षण गराएको छ। यो यो कुरामा हामी priority को रुपमा हामी काम गर्छौं भनेर चाहि लेखेको छ। यो कुरालाई पनि हामीले बुझ्न सक्नुपर्छ जस्तो मलाई लाग्छ। जहाँसम्म संविधान संशोधनको कुरा छ। त्यो सुरु देखि नै हामीले भन्या छौं संविधान संशोधनका केही असल पक्ष र त्यसका निर्बल पक्ष दुबैलाई छुट्याएर सम्पूर्ण रुपमा जसरी हिजो संविधान लेख्दाखेरि सबैलाई हामीले समावेश गरेका थियौं। त्यसबेलामा संविधान लेख्दै गर्दा मलाई लाग्छ ५% नि गएर व्यक्तिहरुले या ५% प्रतिनिधिले मात्रै सिग्नेचर गरेका होइनन् त्यो संविधानमा। त्यसँग पनि संविधानमा सबैलाई समेटर यो देशको हित यो देशको विकास यो देशको सम्पन्नता कसरी हुनसक्छ भन्ने कुरामा सजग भएर सरकार जान्छ भन्ने कुराको पनि यसमा अहिलेको नीति तथा कार्यक्रममा समावेश गरेको छ। त्यति मात्र होइन राष्ट्रिय राष्ट्रियता र त्यसपछि तपाईंको संघीय लोकतान्त्रिक गणतन्त्र संविधान जसका बारेमा अहिले बाहिर बजारमा विभिन्न कुराहरू आएका छन्। त्यसलाई पनि प्रष्ट र ठोस रुपमा आफ्नो निश्चित धारणा यो नीति तथा कार्यक्रमबाट नि प्रकट गरेको छ। हामी के बुझ्नुपर्यो भने यो नीति तथा कार्यक्रम निश्चित गर्ने देशको हितका लागि यो देशको प्रगतिका लागि यो देशको अग्रगामी निकासका लागि यो नीति तथा कार्यक्रम आएको हुनाले यसलाई हामीले त्यो दिशाबाट हेर्नुपर्छ जस्तो मलाई लाग्छ।

अब रह्यो अब कृषिमा हामीले जोड दिँदै गर्दा के कुरालाई हामी जोडिनुपर्छ भने कृषिमा सिचाई सिँचाइ र कृषिको बजारीकरण र त्यसको व्यवस्थापन यो गर्न सकेनौ भनेदेखि यो देशको कतिकै प्रगतिको कुरा गरेपनि, विकास कतिकै गरिबी निवारण गर्छु भनेर ठूला ठूला कुरा गरेपनि यो कुरालाई हामीले व्यवस्था गर्न सकेनौं भने हुन सक्दैन। अहिले मैले देखेको छु। यी सुनकोशी कमला डाइभर्सन, सुनकोशी मरिन डाइभर्सनको त सुरुङ मार्ग तयार भइसक्यो। मलाई लाग्छ एक वर्षभित्रमा सुनकोशी मरिन डाइभर्सनले काम गर्न थाल्छ । सुनकोशी कमला डाइभर्सन पनि हामीले गर्यौं भनेदेखि मलाई लाग्छ यो मधेसको आठ जिल्ला जसलाई हामीले अन्नको भण्डार भन्छौं। त्यसलाई सिँचाई यदि हामीले पुर्याउन सक्यौ भने अहिले जति पनि खाडीमा जान्छन खासगरि यही

मधेश प्रदेशबाट खाडीमा गएका युवाहरू छन्। ती युवालाई हामी गाउँघरमै काम दिन सक्छौं। गाउँ घरमै बस्ने व्यवस्थापन गर्न सक्छौं। त्यसैले यो गएर हामीले अनिवार्य रुपमा गर्नुपर्छ जस्तो लाग्छ।

त्यसै पश्चिममा जाने हो भने रानीजमरा गुलरीया, त्यस्तै सिक्टा, त्यस्तै बबई, त्यस्तै महाकाली, त्यस्तै गण्डक यो सिंचाइ योजनाहरूलाई हामीले व्यवस्थापन गर्न सक्यौ भनेदेखि हाम्रो तराईका भागहरू जहाँ तपाईंको अन्नको भण्डार छ त्यसलाई हामीले अगाडि व्यवस्थापन गर्न सक्छौं। र त्यसै एग्रो बेस्ड इन्डस्ट्री हिजो थिएँ, थिएन भन्ने कुरा होइन। उदयपुर सिमेन्ट कारखाना थियो। हेठौंडा सिमेन्ट कारखाना थियो। हेटौडा कपडा उद्योग थियो, हिजो बीरगन्ज चिनी कारखाना थियो, जनकपुर चुरोट कारखाना थियो। विभिन्न उद्योगहरू थिए । यी एग्रो बेस्ड इन्डस्ट्रीहरु सबै समाप्त भए। ती एग्रो बेस्ड इन्डस्ट्रीहरु जबसम्म हामीले एग्रिकल्चरलाई बढावा दिएनौ भने एग्रो बेस्ड इन्डस्ट्रीलाइ पनि किनभने कच्चा पदार्थ हामीले ल्याएर यहाँ बनाएर बिक्री गरौं भने त्यसबाट मुनाफा हुँदैन। त्यसबाट हामी रोजगारी पनि दिन सक्दैन। तर एग्रो बेस्ड इन्डस्ट्रीहरु हामीले व्यवस्थापन मिलाउन सक्यौं भने त्यो हुनसक्छ जस्तो मलाई लाग्छ। त्यसैले हामी त्यसमा जोड दिनुपर्छ। हामी देखिरहेका छौं सरकारले उखुमा किसानलाई सब्सिडी दिन्छु भनेर भनेको हुन्छ। तर दुई वर्ष तीन वर्षसम्म सब्सिडी पाइराखेको हुन्न।हो त्यसलाई व्यवस्थापन अब मिलाउनुपर्छ हामीले।

त्यसै तपाईंको सडकहरूको बारेमा यी विभिन्न राजमार्गहरूको बारेमा कुरा उठाएका छौं गरेका छौं, उठाएका छौं। अहिले यो नीति तथा कार्यक्रमा आएको छ। त्यसमा त्यो राजमार्गहरुलाई कसरी व्यवस्थित धेरै राजमार्गहरू हामीले एकै पल्ट सम्पन्न गर्न खोज्यौं भने हुँदैन। तर त्यसमा प्रायोरिटी त्यसमा पनि प्रायोरिटी दिएर कुन कुन राजमार्ग यहिले यति आवश्यक छ। जस्तो मानौ नि हुलाकी राज, हुलाकी राजमार्ग तराईको चाहि मधेशको सबभन्दा महत्वपूर्ण राजमार्ग हो। त्यो राजमार्ग हामीले व्यवस्थित गर्न सक्यौ भने तराईका जति पनि घना बस्तीहरु छन् ती सबैलाई त्यसै तपाईंको सडकहरूको बारेमा यी विभिन्न राजमार्गहरूको बारेमा कुरा गरेका छौं, उठाएका छौं। यो पनि चाहि नीति तथा कार्यक्रमा आएको छ। त्यसमा त्यो राजमार्गहरुलाई कसरी व्यवस्थित धेरै राजमार्गहरू हामीले एकै पल्ट सम्पन्न गर्न खोज्यौं भने हुँदैन। तर त्यसमा प्रायोरिटी त्यसमा पनि प्रायोरिटी दिएर कुन कुन राजमार्ग यहिले यति आवश्यक छ। जस्तो मानौ नि हुलाकी राजमार्ग, हुलाकी राजमार्ग तराईको चाहि मधेशको सबभन्दा महत्वपूर्ण राजमार्ग हो। त्यो राजमार्ग हामीले व्यवस्थित गर्न सक्यौ भने तराईका जति पनि घना बस्तीहरु छन् ती सबैलाई

अवतजावत मात्र होइन कि उनीहरुले प्रोडक्सन गरेका वस्तुहरू पनि एक ठाउँदेखि अर्को ठाउँसम्म हामी पुन्याउन सक्छौं। अब त्यो राजमार्गमा बनेका पुलहरू, कन्काई पुललाई कति वर्ष भइसक्यो अहिलेसम्म तयार भएको छैन? कमलालाई बनाउन पाइएको छैन बनेको पनि छैन। त्यो बाटो पनि हिड्न सकेको छैन, पुल सञ्चालन भएको छैन तर पुल भत्कीसक्यों। यो अवस्थाहरू छ। त्यस्तै अरु ठाउँमा पनि जस्तो बाग्मतीमा छैन। त्यस्तै तपाईंको बसाहमा छैन त्यस्तै तपाईंको विभिन्न ठाउँमा यहाँदेखि लिएर कञ्चनपुरको तपाईंको जतिपनि मधेशको सडहरू छन्। ती व्यवस्थित छैन, जहाँ घना बस्तिहरू छन्। राजमार्ग पूर्वपश्चिम राजमार्ग हामीले बनाएका छौं। पूर्वपश्चिम राजमार्गको अवस्था हामी सुनिरहेका छौं, देखिरहेका छौं। सरकारले जुन यसपाली priority को आधारमा यसपाली सुरू भएको योजनाहरू या जुन योजनाहरू हाम्रो गौरवपूर्ण योजनाहरू छ, साच्चै भने हो भनेदेखि राम्रो वुझेको छु।

शिक्षा शिक्षामा पनि यत्रो ठूलो आन्दोलन भयो। शिक्षकहरूलाई चाहि हामीले हेर्नुपर्छ। साधारण स्कुलमा पढेका विद्यार्थीहरू प्राइभेट स्कुलमा पढेका विद्यार्थीहरूको धेरै फरक छ। यदि ४५% मात्रै यसपालि एसइइमा रिजल्ट आयो। यो चाहि धेरै नकारात्मक रिजल्ट छ। अब मलाई के लाग्छ भने जिम्मेवारपूर्ण तरिकाबाट शिक्षकहरुले शिक्षकहरुलाई दिनुपर्छ। उनलाई चाहि उनले मागेको कुराहरुलाई हामी परिपूर्ति गर्नु हुँदैन भन्ने कुरा होइन। उनको चाहि मागलाई हामीले पूरा गर्ने हो तर उनले पनि देशको आवश्यकतालाई अथवा भोलिको भविष्य बन्ने विद्यार्थीहरुलाई अर्थात केटाकेटीहरूलाई राम्ररी पढाउन सक्नु पर्‍यो, पढाउन पर्‍यो। अस्ति म हामी यो राष्ट्रिय कार्यक्रममा गाएका थिए। हाम्रो लहान नगरपालिकाको मेयरले बढा राम्रो कुरा भन्नुभयो। शिक्षकहरू आउनुभएको थियो मसँग भेट्नलाई शिक्षकलाई मैले भने सर तपाईंले ठूलो राम्रो कुरा राख्नुभएको छ। तर तपाईं ठुलो ABCD र सानो ABCD लेखदिनुस तपाईंको तलव त्यति दिने भए। सक्नुहुन्न लेख्न त्यो अवस्था छ। Like त्यसैले के हो भने शिक्षालाई पनि हामीले म्यानेज गर्ने हो भने शिक्षकको पनि गुणस्तर हुनुपर्छ। शिक्षकले पनि पढाउन सक्नुपर्छ। आखिर त हामी गाउँघरकै मान्छे हो नि। हामीलाई कहाँ प्राइभेट स्कुलहरूमा कस्तो पढाइ हुन्छ या गाउँघरमा भएका साधारण स्कुलमा कसरी पढाइरहेका छन्? कसरी पढिरहेका छन्? शिक्षकहरूले कति काम गरिरहेका छन्? शिक्षक एउटा वाडबाट अर्को वडामा सरुवा हुन तयार छैन। किनभने उसलाई घरैमा स्कुल चाहियो। पठाउनु परे पनि नपढाउनु परे पनि घरमा बस्न चाहियो। तलव त कम दिएको छैन आज म हेरिराख्या थिए तपाईंको चाहि हेडमास्टरलाई कति तलव हुदोरहेछ। Assistant मास्टरलाई कति

तलव हुँदोरहेछ। प्राथमिक स्कुलको मास्टरलाई कति तलब हुन्छ। तलव त कम छ जस्तो मलाई लाग्दैन। देशको जुन अवस्था छ देशको जुन अर्थतन्त्र छ त्यो अर्थतन्त्रले धान्ने किसिमको तलव त पाएकै हुनुहुदोरहेछ। तर त्यसमा केही उहाँहरूको ग्रेडको कुरा छ, उहाँहरूको प्रमोसनको कुरा छ, उहाँहरुको विभिन्न कुराहरू छ। त्यसको बारेमा केही छ भने त्यसलाई बसेर, छलफल गरेर, निर्णय गरेर गराउन सकिन्छ।तर त्यसका लागि राष्ट्रलाई वा सरकारलाई अपठ्यारोमा पारेर, विद्यार्थीलाई नपढाएर यदि कसैले खान खोजिएको छ भने त्यो सम्भव छैन। त्यसलाई यहिलेको नीति तथा कार्यक्रममा पनि व्यवस्थापन मिलाएको जस्तो मलाई लाग्छ। त्यस्तै तपाईंको परराष्ट्र नीतिको बारेमा पनि राम्रो किसिमले आफ्नो प्रस्तुति दिएको छ। हामीले राष्ट्रिय एकता संसारमा कहिँ पनि कुनै पनि राष्ट्रमा प्रत्येक पार्टी राष्ट्रिय हितका लागि राष्ट्रियताका लागि, लोकतन्त्रका लागि एक ठाउँमा उभिएको देखिन्छ। हामी कहाँ त्यो कस्तो भएको छ भनेदेखि तैले गरिस् त्यसैले म तेरो विरोध गर्छु। .....( समय सकिएको। )

(१४:२० बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य डा. बेदुराम भुसाल समय १६ मिनेट। यसपछि माननीय सदस्य मोहम्मद खालिद।

(१४:२१ बजे) <u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले २०८२ वैशाख १९ गते संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपति महोदय मार्फत जुन नीति तथा कार्यक्रम प्रस्तुत गर्यो। २०८२/८३ को लागि यसलाई मैले आजको परिस्थिति अनुसारको छ कि छैन? र हामीले अगाडि सारेका केही लक्ष्यहरु जस्तो हामीले दिगो विकासका लक्ष्यहरु अगाडि सारेका छौं। अबको पाँच वर्षपछि ती लक्ष्यहरू पूरा गर्नुपर्छ, प्राप्त गर्नुपर्छ। त्यस अनुसार छ कि छैन ? हामीले १६औं योजना अगाडि सारेका छौं। १६ योजनाको दोस्रो वर्षमा अहिले हामी प्रवेश गर्दैछौं। पहिलो वर्ष एक वर्ष सकिसक्यो ५ वर्षमध्ये। त्यस अनुसार छ कि छैन? र नेपाल सरकारले केही दिन अगाडि मात्रै उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरेको थियो र त्यसले एउटा प्रतिवेदन दिएको छ सरकारलाई। त्यस अनुसार छ कि छैन भनेर हेरे। त्यसरी हेर्दाखेरि मैले यी तिनै जुन लक्ष्यहरु छन् सुझावहरु छन् त्यस अनुसार भएको पाइन। त्यसका केही उदाहरणहरू म प्रस्तुत गर्ने कोसिस गर्नेछु। र त्यसैले मलाई के लाग्छ भने आजको जुन आवश्यकता थियो, मुलुकमा जुन राजनीतिक

परिवर्तन भयो तदनुरुपको आर्थिक सामाजिक रूपान्तरण हुन सकेन, सांस्कृतिक रूपान्तरण हुन सकेन। जसले गर्दाखेरि अवस्था बदलिएन व्यवस्था बदलियो अवस्था बदलिएन भन्ने स्थिति रह्यो। त्यो अवस्था बदल्नका निम्ति हामीले कदम चाल्नुपर्छ भन्ने कुरा भन्दै आएका छौं। त्यस अनुसारको कदम चालेर यो नीति कार्यक्रम आएको मैले पाइन। यसले आजका जनताका आकांक्षाहरूको सम्बोधन गर्न सकेको छैन। आज जनताले जे आकांक्षा राखेका छन् खासगरी सुशासनको आकांक्षा छ। भ्रष्टाचार नियन्त्रण गर्ने र सुशासन कायम गर्ने आकांक्षा छ जनताको। र सबभन्दा ठूलो आकांक्षा अझै रोजगारी सिर्जना गर्ने छ। रोजगारी पाउनुपर्यो देशभित्रै हामी विदेश पलायन भइरहेका छौं। रोजगारी नपाएर देशभित्र रोजगारी पाउनुपर्यो भन्ने यही आकांक्षा छ जनताको। त्यो आकांक्षालाई पूरा गर्ने गरी यो  आउन सकेको मैले देखिन। त्यसैगरीकन हाम्रो यो फिनान्सियल एक्सन टास्क फोर्सले मुलुकलाई ग्रे लिस्टमा राखेको छ। त्यसबाट निस्कने गरी कुनै कार्यक्रम आएको मैले  देखिन। उत्पादन वृद्धि गर्ने कुरा त गरेको छ तर त्यो उत्पादन वृद्धि गर्नका निम्ति ल्याउनुपर्ने ठोस योजना, ठोस कार्यक्रम ठोस, नीति त्यस्तो केही पनि छैन। जसले गर्दाखेरि उत्पादन वृद्धि हुन सक्ला या रोजगारी सिर्जना हुन सक्ला भनेर मान्छेले आशा गर्ने, अपेक्षा गर्ने खालको स्थिति सिर्जना हुने यो नीति कार्यक्रमबाट देखिँदैन। यस्तो मैले देखिन। आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने कुरा त धेरै परको कुरा हो भने देखिन्छ। यो नीति कार्यक्रमका आधारमा अगाडि बढेर आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिन्छ अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ गतिशील बनाउन सकिन्छ भनेर आशा गर्न सक्ने विश्वास गर्ने ठाउँ  देखिँदैन। यसले विकासको जुन खालको फड्को मार्नुपर्थ्यो आजको अवस्थामा त्यो फड्को मार्ने अवस्था पनि देखिदैन। पुरानै निरन्तरताको रुपमा छ भने कतिपय पुराना राम्रा कार्यक्रमहरुलाई पनि यसले  फेरि छोडेर आएको छ, त्यसलाई परित्याग गरेको छ जस्तो जस्तो कृषि क्षेत्रमा फड्को मार्नका निम्ति यो भन्दा अघिल्लो वर्ष आएको नीति तथा कार्यक्रमले चाहि केही ठोस कार्यक्रहरू अगाडि बढाएको थियो। यद्यपी कार्यक्रममा कार्यान्वयनमा कति गए कति गएनन् भन्ने अर्को पाटो होला तर अहिले भन्दा कमसेकम केही फड्को मार्ने खालका नीति कार्यक्रमहरु बरु गत साल आएका थिए त्यसलाई  अहिले छाडिएको छ। अब भन्न  भनिएको छ जेन्जी पुस्तालाई  केन्द्रित गरेर कार्यक्रमहरु गर्ने तर के हो त कार्यक्रम भन्दा केही पनि छैन। एक ठाउँ भनिएको छ परियोजना धितो राखेर ऋण दिने तर त्यो धेरै पुरानो भइसक्यो, धेरै पहिलेदेखि हामीले भनेका। त्यसमा चाहि जेन्जी पुस्ता मात्रै होइन युवा पुस्ता कोही पनि आकर्षित छैन, आकर्षित भएन। त्यसले गर्दाखेरि यो खालको जुन आयो यसले अहिलेको परिस्थितिको सम्बोधन गर्न सक्ने र मुलुकलाई अगाडि बढाउन सक्ने खालको  देखिदैन।

प्रतिगमनको प्रतिपादनको प्रतिवाद गर्ने भनिएको छ। प्रतिगमनलाई प्रतिवाद गर्ने भने भनेको छ तर प्रतिगमनलाई प्रतिवाद गर्ने भाषणले हो कि कामले हो? भन्दाखेरि कामले हो भन्ने कुरामा हामी सबै सहमत छौं भन्ने मलाई लाग्छ। यथास्थितिवादलाई तोडेर अगाडि नबढिकन मुलुकलाई अगाडि नबढाईकन प्रतिगमनलाई परास्त गर्न सकिँदैन नाराले मात्रै प्रतिगमनलाई परास्त गर्न सकिदैन यो धेरै चर्चा भइसकेको सबैले महसुस गरेको कुरा हो। यस्तो खालको नीति कार्यक्रमले त्यो ढंगले अगाडि जान सकिँदैन भन्ने मलाई लाग्छ। अब यो नीति कार्यक्रमको कार्यान्वयन गएर अन्तिममा गएर के भनिएको छ भन्दाखेरि यो नीति कार्यक्रमको कार्यान्वयनबाट समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार पार्न सकिन्छ भनेर भनेको छ। त्यो सम्भव छ कि छैन यस्तो खालको नीति कार्यक्रमबाट हामीले त्यो गर्न सक्छौ कि सक्दैनौं? भनेर मैले अघि चर्चा गरेकी तीनवटा दस्तावेजहरुलाई मैले पल्टाए, हेरे।सबभन्दा पहिले त दिगो विकासका लक्ष्यहरू जसमा हामीले सबभन्दा एक नम्बरमा राखेका छौं। सबै क्षेत्रमा रहेको गरिबीको उन्मुलन गर्ने। त्यो लक्ष्य हामीले पाँच वर्षपछि प्राप्त गर्नुपर्छ। अहिले पनि करिब २१% नेपाली जनसङ्ख्या गरिबीको रेखामुनि छ। २०.२७% भन्छन् मोटामोटी रुपमा भन्ने हो भने २१% जनसङ्ख्याको गरिबीको रेखामुनिबाट कसरी हामीले माथि उठाउन सक्छौं? यो नीति कार्यक्रमका आधारमा त्यो विश्वास गर्ने आधार यहाँ छैन। त्यस्तै गरिकन भोकमरीको अन्त्य गर्ने खाद्य सुरक्षा र पोषणको सुनिश्चितता गर्ने भन्ने दोस्रो लक्ष्य हो दिगो विकासको लक्ष्यको। त्यसले गर्न सक्छ? भोकमरी त नेपालमा जनता मरे भन्ने खालको त्यत्रो हाम्रो ठूलो समस्या छैन तर खाद्य सुरक्षाको र पोषणको त ठूलो संकट छ नि। पोषण प्राप्त गर्न नसकेर धेरै नेपालीहरुले ज्यान गुमाउनु परेको छ। रोगी बन्नु परेको छ त्यसको अन्त्य गर्ने त्यो लक्ष्य प्राप्त गर्ने यो कार्यक्रमले त्यहाँ पर्याउछ भन्ने मलाई लाग्दैन। सबैको लागि स्वास्थ्य जीवन र समृद्ध जीवनस्तर कायम गर्ने भनेको छ। त्यो दिगो विकासको अर्को लक्ष्य त्यो हो। लैङ्गिक समानता कायम गर्ने भनेको छ। जीवन उपयोगी गुणात्मक शिक्षाको व्यवस्था त्यो चाहि कायम गर्ने भनेर भनेको छ। आधुनिक ऊर्जामा सबैको पहुँचको कुरा गरेको छ, दिगो आर्थिक विकासको कुरा गरेको छ। यी सबै लक्ष्य लगायतका जति पनि लक्ष्यहरू छन् दिगो विकासका लक्ष्यहरु ती लक्ष्यहरु यो नीति कार्यक्रमको आधारमा प्राप्त गर्न सकिन्छ? भनेर प्रश्न अगाडि सारेर हेर्दाखेरि सकिन्छ भन्ने कुरा मलाई त केही प्रतिशत पनि लागेन। त्यतातर्फ जान सकिँदैन सकिने कुरा छैन। दोस्रो मैले १६औ योजनाको कुरा अघि पनि चर्चा गरेको थिए कि त्यसमा हेरे के कुरा राखिएको

थियो त भन्दाखेरि त्यसमा सबभन्दा पहिलो कुरा  कृषिलाई प्राथमिकता दिइएको छ। कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धि गर्ने भनेको छ। पहिलो लक्ष्य  यो पाँच वर्षको जुन हाम्रो १६औ पञ्चवर्षीय योजना हो त्यो ५ वर्षभित्र यो गर्ने भनेको छ र त्यसका लागि सिचाईको राम्रो प्रबन्ध गर्ने भनेको छ। आज पनि हाम्रो कृषियोग्य जमिनको ५०% त्यो पनि वर्षायाममा मात्र सिँचाइ हुन्छ। अघि माननीयज्यूले भन्नुभएको माननीय आनन्द ढुङ्गनाले भन्नुभएको मरिन डाइभर्सन यो चाहि सुनकोशी मरिन डाइभर्सनले मधेसको आधा भागलाई पनि सिँचाई गर्दैन माननीयज्यू, आधा भागलाई पनि गर्दैन। ल आधा भागलाई गर्छ भने पुष्टि गर्नुहोस् म राजनीति छोडदिन्छु, गर्दैन। रानी जमरा यो रानी जमरा कुलरीयाले कैलाली जिल्लाको आधा भाग पनि सिँचाइ गर्दैन। जबकि हाम्रा नदीबाट पानी बगेर गएको गै छन खोलाहरु बगेर गएका गैछन्। त्यहाँबाट हामी सतह सिँचाईमा हामी जान सक्छौ। आज  जो भूमिगत सिचाईको योजनाहरु सबै फेल भइसके। त्यो योजनाबाट जाने कुरा सम्भव छैन भन्ने कुरा धेरै पहिलेदेखि उठेको छ। तर त्यता तर्फ ध्यान पुगेको छैन। त्यसकारणले कृषिका निम्ति गर्नुपर्ने त्यो  जुन काम हो त्यो काम यो नीति कार्यक्रमका आधारमा गर्न सकिँदैन। यान्त्रीकरणको कुरा गरेको छ, विद्युतीकरणको कुरा गरेको छ, बजारीकरणको कुरा गरेको छ। १६औ योजनाको कुरा गर्दै छु म। बाझो जमिनको उपयोगको कुरा गरेको छ, चक्लाबन्दीको कुरा गरेको छ, कृषि भूमिको खण्डीकरणलाई रोक्ने कुरा गरेको छ। त्यसैगरीकन वृहत उत्पादन क्षेत्र स्थापना गरेर कृषि उत्पादन वृद्धि गर्ने गरेको छ। कृषि वन जडीबुटी खेतीको कुरा गरेको छ त्यतातर्फ यो कार्यक्रम लक्षित छैन। त्यतातर्फ यो कार्यक्रम अग्रसर छैन। कृषिको हिसाबले हेर्दाखेरि उद्योगको हिसाबले हेर्दाखेरि पनि हालत त्यो छ। कृषि वन खाली गर्ने उद्योगहरूको कुरा गरेको छ। मझौला र घरेलु उद्योगहरूको विकास गर्ने कुरा गरेको छ। हाम्रो आफ्नै कच्चा पदार्थमा आधारित उद्योगहरूको विकास गर्ने कुरा गरेको छ १६ औं योजनाले। त्यतातर्फ यो कार्यक्रम अग्रसर छैन। जलस्रोतको क्षेत्रमा  २१ हजारदेखि ४० हजार मेगावाट बिजुली उत्पादन गर्नुपर्छ हामीले यो १६औं योजना भित्र भनेको छ। यहाँ  १००० गर्ने पनि कुनै चाहि योजना देखिदैन। त्यसकारणले  यो अगाडि बढ्न सक्ने सम्भावना देखिँदैन। नदी बेसिन योजनाको कार्यान्वयन गर्ने कुरा ल्याएको छ तर त्यो कहाँ कति गर्ने हो भन्ने कुरा  ठोस रुपमा छैन। १६औ योजनाले भनेको एउटा यसलाई  सम्बोधन गरेको छ। नदी व्यवस्थापन र स्वचालित मौसम पुनरानुमान गर्ने त्यो प्रणालीको स्थापना गर्ने भनेको छ। सत्यतातर्फ जान सकेको छैन। खाद्य प्रणालीमा रूपान्तरणको कुरा गरेको छ। कुल गर्हास्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदानलाई वृद्धि गर्ने कुरा गरेको छ। वैदेशिक व्यापारमा समानता कायम गर्ने त्यसमा  नि सन्तुलन कायम गर्ने

भन्ने१६औ योजनाले यस्ता लक्ष्यहरु अगाडि सारेको छ। यी लक्ष्यतर्फ यो नीति तथा कार्यक्रम उन्मुख छैन। त्यतातर्फ यो नीति तथा कार्यक्रमले प्रवेश गरेको छैन भन्दा पनि हुन्छ भन्ने मलाई लाग्छ। त्यसै गरीकन अब अस्ति भर्खरै एउटा यो जुन आर्थिक क्षेत्रमा सुधार गर्नका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरेको थियो। सरकारले त्यसले थुप्रै सुझावहरु दिएको छ। त्यसैले के दिएको छ भन्दाखेरि यो खानीको कुरा गर्दै हुनुहुन्थ्यो एकजना माननीयज्यूले खानी र खनीजन्य पदार्थलाई उपयोग गर्नका निम्ति ६४ प्रकारका हामीसँग खनिज पदार्थहरु छन् तिनीहरुको उपयोग गर्नका निम्ति काम गर्नुपर्छ भन्ने कुरा त्यसले गरेको छ। तर त्यसमा ध्यान पुगेको छैन। कसरी हामीले गर्न सक्ने हो त्यो कसरी गर्ने हो भन्ने कुरा यो नीति तथा कार्यक्रमले भनेको छैन। अब त्यस्तै गरिकन विभिन्न क्षेत्रमा विभिन्न प्रकारका सुझावहरू दिएको छ। कृषि क्षेत्रको लागि के गर्ने हो, पर्यटनको लागि के गर्ने हो, ऊर्जाको लागि के गर्ने हो, उद्योगका लागि के गर्ने हो भनेर थुप्रै खालका सुझावहरु दिएको छ। त्यसका सुझावहरूतर्फ त्यत्रो मेहनत गरेर आयोग बनाएर त्यो आयोगले त्यत्रो ठूलो मेहनत गरेर दिएको जुन प्रतिवेदन छ त्यो प्रतिवेदनप्रति यो नीति कार्यक्रमको अग्रसरता त्यस्तो केही पनि देखिदैन। कृषि क्षेत्रको लागि २६ वटा सुझाव दिएको छ।भूमि उपयोगको लागि १५ वटा सुझाबहरू दिएको छ,वन क्षेत्रको विकासका लागि यसले ३० वटा सुझाव दिएको छ। त्यस्तै गरिकन खानीको मैले अघि चर्चा गरिसके, जलविद्युत विकासको लागि ४२ वटा सुझाव दिएको छ। पर्यटनको लागि २५ वटा दिएको छ। भौतिक पूर्वाधारको लागि ३५ वटा, सहरी विकासको लागि २१ वटा, शिक्षाको लागि १४ वटा, स्वास्थ्यको लागि ११ वटा, सूचना सञ्चारको लागि २१ वटा यति सुझाव दिएको छ त्यो सुझाव आयोगले। तर ती सुझाव कति वटा आए भनेर हेर्ने हो भने मैले त ५% पनि आएको देखिन, छैन। सुझावहरूलाई यो प्रतिवेदनले कार्यान्वयन गर्ने गरी नीति तथा कार्यक्रमको रुपमा अगाडि सारेको छैन। त्यसले गर्दाखेरि मलाई के लाग्यो भने यो यो जुन कार्यक्रम नीति तथा कार्यक्रम छ यो नीति कार्यक्रमले आजको अवस्थाको सम्बोधन गर्न सकेन, आजको अवस्थाबाट मुलुकलाई अगाडि लाने गरी दिशा निर्देश गर्न सकेन, यसले पुरानै परम्परागत ढंगले केही सुधारात्मक कुराहरू कुरामा नि गर्न खोजे तापनि गुणात्मक फड्को मार्ने गरी कुनै पनि नीति र कार्यक्रम यसले प्रस्तुत गर्न सकेन। त्यसो हुँदा यसका आधारमा मात्रै हामी अगाडि बढ्ने हो भने आजका समस्याहरूको समाधान हुन सक्दैन। मुलुकलाई आजको अवस्थाबाट अगाडि बढाउन सकिंदैन। प्रतिगमनको प्रतिवाद गर्छु भन्ने भनाइमा मात्र सिमित रहन्छ त्यो यथार्थमा व्यवहारमा हामीले प्रतिगमनलाई प्रतिवाद गर्ने गरी समाजलाई गुणात्मक फड्को मार्ने दिशामा अगाडि बढाउन सक्दैनौ। त्यसो हुदाँ सरकारले यो नीति कार्यक्रममा ल्याउन नसकेको

भएतापनि अब छिटै आउने बजेटमा कमसेकम पनि अर्थतन्त्रको जगलाई बलियो बनाउने गरी कृषि क्षेत्रबाट नै हामीले अर्थतन्त्रलाई बलियो बनाउन सक्छौं भन्ने कुरा सबैले महसुस गरेको कुरा हो। त्यसमा खासगरीकन १६औ योजनाले भनेको पूर्वाधारहरुको निर्माणको सन्दर्भमा पहिलो सर्तकै रुपमा पहिलो लक्ष्यकै रुपमा १६औ योजनाले  सिचाईका संरचनाहरुको विकासको कुरा गरेको छ। सिँचाइका संरचनाहरू हाम्रो सबै कृषियोग्य जमिनलाई बाह्रैमासे सिचाई गर्ने व्यवस्था जबसम्म हामीले गर्दैनौं तबसम्म हामीले उत्पादनमा वृद्धि गर्न सक्दैनौं। हामीले रोजगारी सिर्जना गर्ने क्षेत्र पनि त्यही हो। त्यही क्षेत्रमा हामीले रोजगारी सिर्जना गर्न सक्छौं। जेन्जी पुस्तालाई पनि हामीले त्यही क्षेत्रमा आकर्षण गर्न सक्छौ आकर्षित गर्न सक्छौ। युवा पुस्तालाई हरेक पुस्तालाई त्यस क्षेत्रमा आकर्षित गर्न सक्छौ। त्यस हिसाबले कृषि क्षेत्रबाट नै हामीले हाम्रो अर्थतन्त्रको जग बलियो बनाउने गरी अगाडि बढ्छौं। कृषि उत्पादन वृद्धि गर्छौं। कृषि जन्य उद्योगहरुको विकास गर्छौं। जडीबुटीको विकास गर्छौं, जडीबुटी सँसँगै वन कृषि कार्यक्रमलाई अगाडि बढाएर त्यहाँबाट पनि हामीले उत्पादन वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने कामहरु गर्न सक्छौं। यी सबै कुरालाई समेटेर र सँगसँगै ऊर्जाको उत्पादन उपभोग र व्यापार गर्ने कुरा जुन योजनाले लक्षित गरेको छ त्यो दिशामा जानुपर्छ भनेको छ। धेरैभन्दा धेरै उर्जाको उत्पादन गरेर हामीले व्यापार गर्न सक्छौ त्यसबाट आम्दानी गर्न सक्छौ भन्ने कुरा गरेको छ। त्यस हिसाबले र पर्यटनको पनि विकासको हिसाबले कृषि, उद्योग, पर्यटन ऊर्जा वा जलस्रोत भनौं। त्यसलाई उपयोग गर्ने गरी त्यस क्षेत्रबाट विकास गति अगाडि बढाउने गरी बजेट आउन सक्यो भने अलिकति अगाडि बढ्न सकिएला नभए हामी यथास्थितिमा रहन्छौं यथास्थितिमा जबसम्म रहन्छौ तबसम्म हामीले जनताका आकांक्षाको सम्बोधन गर्न सक्दैनौ जनतामा देखा परेको सामान्य सन्तुष्टिलाई पनि हामीले सम्बोधन गर्न सक्दैनौ र यो प्रतिगमनकारी गतिविधिलाई निस्तेज पार्न पनि सक्दैनौ त्यस हिसाबले कमसेकम पनि बजेट ल्याउने कुरामा सरकारको ध्यान जाओस्। अहिले नीति कार्यक्रममा ध्यान नपुगेको भएतापनि बजेट ल्याउने कुरामा पुर्याएर बजेटले मुलुकका समस्याहरुको सम्बोधन गर्ने गरी अगाडि बढ्ने स्थिति सिर्जना गरोस् भन्ने शुभकामनाका साथ बिदा हुन्छु। धन्यवाद।

(१४:३७ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य मोहम्मद खालिद।समय ७ मिनेट।त्यसपछि माननीय सदस्य शेखर कुमार सिंह।

(१४:३७ बजे) <u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय अध्यक्षज्यू, २०८२ को हामी नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छौं। र सधैं जस्तो हामी पक्ष वा विपक्षमा बोलिरहेका छौ। म यहाँ पक्ष वा विपक्ष नगरी मैले लागेको कुरा मात्र यहाँ राख्न चाहन्छु। त्यो पनि सुझावको रुपमा। मलाई लाग्छ कि सरकारले मेरो सुझावलाई सायद सम्मान गर्छ होला। सबभन्दा पहिला त कार्यान्वयन पक्ष कस्तो रहन्छ, नीति धेरै आउँछ नियत कस्तो रहन्छ। यदि कार्यान्वयन पक्ष हाम्रो राम्रो रहन्थ्यो भन्ने यो सरकारको कुरा मैले मात्र गरेन। यसअघिका पनि सरकार समेतको कुरा गरें। नीति तथा कार्यक्रममा र बजेट समेतमा हामीले धेरै वाचाहरु यहाँ सुनेका थियौं। यदि कार्यान्वयन पक्ष राम्रो हुन्थ्यो भने आज हामी मधेश प्रदेशलाई विशेष कृषि क्षेत्रको रुपमा हामी हेथ्यौं। कार्यान्वयन पक्ष राम्रो हुन्थ्यो भने हामी रसायनिक मलको कलकारखाना हामी हेथ्यौं। कार्यान्वयन पक्ष राम्रो हुन्थ्यो भने हामी १ लाख स-साना उद्योग कलकारखाना यहाँ हेथ्यौं। कार्यान्वयन पक्ष राम्रो हुन्थ्यो भने स्मार्ट सिटीहरू हेथ्यौं। कार्यान्वयन पक्ष राम्रो हुन्थ्यो भने हाम्रा युवाहरू विदेशिने थिएन। त्यसले गर्दा आज जुन नीति तथा कार्यक्रम आएको छ। मैले के आशा लिएको छु भने दुइतिहाईको यो सरकारले यसका राम्रा पक्षहरूलाई दृढताकासाथ संकल्पकासाथ कार्यान्वयनतिर लाग्छ भन्ने मेलै आशा लिएको छु। अर्को २०७२ को संविधान हामीले बडा संघर्ष बलिदान र त्याग पश्चात् पाएका छौं। छातीमा हात राखेर विचार गर्नुपर्‍यो कि राज्यका निर्देशक सिद्धान्त अनुरुप सामाजिक न्याय र समावेशीकरणको नीति अनुरुप यो नीति तथा कार्यक्रम आएको छ। विचार गर्नुपर्‍यो मलाई लाग्दैन। मैले हेरिनँ। यसमा एक ठाउँमा मात्र मैले दलितको नाम मैले हेरेको छु। यो देशमा दलितको अवस्था के रहेको छ। जनजातिको अवस्था के छ। मुस्लिमको त कुरै नगरौं मसी सुक्छ कलमको पेनको यहाँ लेख्दा। सायद हामी बढी सेकुलर कुन प्रकारको सेकुलर हुन खोजेका छौं। सम्माननीय अध्यक्षज्यु सन्तुलित विकासको कुरो आएको छैन। सन्तुलित साधन स्रोतको वितरणको कुरो आएको छैन। अहिले तपाईं अवस्था हेर्नुहुन्छ भने गरिबीको बहुसुचाङ्कमा मधेश ४७.९% रहेछ भने बागमती १२.२% प्रतिशत। भन्दाखेरि मेरो भनाइ यो छैन कि बागमतीमा गरिबी कम किन छ त्यो जिरोमा झरोस्। तर मधेश प्रदेशमा गरिबीको यो ग्राफ किन त ? यसलाई कम गर्नको लागि हामीले के गर्यौं त। संविधान संशोधनका कुरा आयो। अरू अरू कुरोमा धेरै कुरामा जो राम्रो हो, सकरात्मक पक्ष हो।समय सीमा तोकियो। संविधान संशोधनको बारेमा समयसीमा किन तोकेन के यसलाई पनि २०-३० वर्ष लाग्ने हो। संविधान संशोधन जनताको अधिकारको लागि जनतालाई अधिकार सम्पन्न बनाउनको लागि हो कि देशलाई दुईदलीय अवस्था तिर धकेल्नको लागि हो केको लागि हो? प्रस्ट छैन। यहाँ संजोगवस श्रम तथा रोजगार मन्त्रीजी पनि हुनुहुन्छ। हाम्रो नीति तथा कार्यक्रमको बुँदा नम्बर ६० मा वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउने कुरा गरेको

छ। म यसमा के भन्न चाहन्छु सुझाव दिन चाहन्छु कि आज एउटा त विदेशमा जानु नै दुखद कुरो हो। तर त्यहाँ गएर पनि महिनाभरि नेपाली काम गर्छ। अनि त्यस्तै काम गर्ने आफ्ना अरु साथी जुन अरु राष्ट्रको हुन्छ, त्यो भन्दा कम श्रम पाउँछ। ज्याला पाउँछ पैसा पाउँछ।त्यसको लागि केही पनि भनेको छैन। कम्तीमा कुटनीतिक पहल हुनुपर्ने। त्यसको लागि मेहनत हुनुपर्ने र म त के भन्छु जुन देशले जहाँ हाम्रो युवाहरू जान्छ श्रमको लागि। यदि नेपालीलाई समान तपाइको पारिश्रमिक दिँदैन त्यस्ता राष्ट्रहरुमा त्यस्ता देशहरूमा हामी श्रम स्वीकृति नदिउँ भन्ने मेरो आग्रह छ। त्यस्तै हसामा २० घण्टा कामको जुन युवाहरूलाई ग्यारेन्टी दिएको छ कमाउँदै पढ्दैको नीति यसमा एउटा बढीमा शब्द जुन प्रयोग गरेको छ। मेरो विचारमा यो शब्दसँग खेल्ने प्रयास भएको छ। यो बढीमा भन्दाखेरि यो आधि घण्टा पनि त्यो भन्ने चल्छ। त्यो युवालाई रोजगारी दिने प्रत्याभूति भएन। यसमा कम्तिमा यति लेख्नुपर्ने हुन्छ। अरु कुराहरु थियो तर समयको अभावले समाजिक सद्भाव संस्कृति सहिष्णुता र सुशासनको लागि समाजिक सञ्जालको नियमनको जुन कुरा आएको छ त्यसको म समर्थन गर्दछु। यो एकदम जरुरी छ। सरकारले पहिलादेखि नै गर्नुपर्थ्यो।यदि आजको नीति तथा कार्यक्रममा आएको छ भने यसलाई कार्यान्वयनको म विशेष आग्रह गर्दै म आफ्नो भनाई यहीं टुङ्ग्याउँछु। धन्यवाद।

(१४:४५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य शेखर कुमार सिंह।समय ७ मिनेट। यसपछि माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१४:४५ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय अध्यक्ष महोदय, सरकारले ल्याएको २०८२ र ०८३ को लागि नीति तथा कार्यक्रममा म र मेरा पार्टी पूर्णरूपमा पहिला समर्थन जनाउँदै अनि अब अगाडि केही कुराहरु राख्न चाहन्छु। सम्माननीयज्यु म अस्तिका सम्बोधनका दिन पनि मैले भन्या थिएँ।यो अन्नका भण्डार भएका मुलुक पुनः अन्नकै भण्डारका रुपमा चिन्न सावित होस्। त्यसका लागि हामीले यो सरकारले नगर्या होइन। गरेको हो। तर अब यथाशीघ्र छिटो पूर्वदेखि पश्चिमसँग भएका सम्पूर्ण सिँचाइका आयोजनाहरुलाई व्यवस्थित हामी गर्न सक्यौ भने पुनः नेपाल अन्नको भण्डारको रूपमा परिचित हुन्छ। र सरकारले पनि आफ्नो नीति तथा कार्यक्रममा समावेश गरेर ल्याउने भएको रहेछ। उहाँले पनि सरकारलाई पनि हामी धन्यवाद दिँदै यसलाई प्राथमिकतामा राखी यसरी जसरी नीति तथा कार्यक्रममा आएको छ। त्यसरी नै जोड दिँदै यसलाई सञ्चालनका पक्षहरू पनि बढाउनुपर्छ।सँगै हाम्रा लाइफ लाइनका रूपमा भएका मधेसमा र कृषि उपयोगका

लागि पनि अति आवश्यक मानिने हुलाकी सडक सरकारले प्राथमिकतामा पनि राख्या छ। प्राथमिकतामा राख्दै राख्दै पनि हामी पनि सरकारसँग पुन आग्रह पनि गर्न चाहन्छौं।

त्यसमा प्राथमिकताकै साथ हुलाकी राजमार्ग छिटो भन्दा छिटो सम्पन्न होस्। जहाँ हामी कृषक र त्यो भेगमा बसोबास गर्दै आएका सम्पूर्ण नेपालीले त्यसका प्रत्यक्ष फाइदा लिन सकौं। शिक्षा क्षेत्रमा पनि सरकारले विकट देखि विकट क्षेत्रमा गएर पनि आवासीय विद्यालय राख्न पनि नीति तथा कार्यक्रममा समावेश गरिसकेको छ। स्वागतयोग्य कुरो हो। म यसै रोस्टमबाट गुरुजनलाई पनि आग्रह गर्न चाहिराखेको छु। तपाईंहरु भोलिको नेपालका कर्णधारहरूलाई बनाउने जिम्मा लिनुभएको छ। तपाईंहरू अति सम्मानित र सम्माननीय हुनुहुन्छ। यो भन्दा बढ्ता हामीले नबोल्नु परोस्। तपाईंहरू त्यही ध्यान राखेर अगर गाउँ गाउँमा ध्यान पुर्याइदिनुभो भने हामी नेपालीले कतै बाहिर गएर भौंतारिनु पर्ने अवस्था आउँदैन। शिक्षा त हामीले घरमै पाइन्छ। र गुरुजनहरू पनि क्षमतावान नभएको होइन। क्षमतावानहरू छन् हुनुहुन्छ उहाँहरुले ध्यान मात्रै दिनुपर्यो यति म उहाँहरूसँग आग्रह गर्न चाहन्छु। स्वास्थ्य क्षेत्रमा पनि निकै उत्साहमूलक छन्।

यो साथ साथै पनि हामीले ठाउँठाउँमा भएका अस्पतालहरू व्यवस्थापकीय पक्षहरू त ठिकै छन्। त्यसमा स्वास्थ्य मन्त्रालयबाट अलिकति ध्यान पुर्याइदियो भनि त राम्रै हुन्छ। जो हामी पाइराख्या छु त्यो भन्दा पनि हामी बढ्ता स्वास्थ्य क्षेत्रमा पनि सेवा लिनु पाउँछु। त्यसैकारण अब हामीले कुनै पनि सरकारको सूचकको रुपमा आउँछ नीति तथा कार्यक्रम।यसमा १५४ बुँदामा सबै क्षेत्रका सूचक छन्। यही नै आँखा हो। यहि नै मार्ग हो- कुनै पनि सरकारको लागि। र सरकार दृढताका साथ सफलताका साथ यसमा यो सबै नीति तथा कार्य क्रम गर्नमा सफल साबित हुन्छ भने हामीलाई शुभकामना पनि छन्। सरकारले राख्या कुरोहरू निश्चित रूपमा उहाँले दृढ्ताका साथ नै लिएर आउनुहुन्छ र जहाँसम्म सिँचाइका व्यवस्थापनका कुरो छन्। रानी जमरादेखि मेचीसम्मका सिचाई हामी मात्र सञ्चालन गर्न पायो भने यो मुलुकको अब जसले बगरले काटेर लगिसक्यो त्यस्तो जग्गालाई त म भन्न सक्दिनँ तर अहिले कृषियोग्य जग्गा जति छ त्यसको More than 56% जग्गा उब्जनी लायक छन्। हामी पनि घुमेर देखेर आइसकेको छु। यसमा सरकार ध्यान दिएर पुनः अन्नको भण्डार नेपाललाई सावित गरोस् भन्ने शुभकामनाका साथ आफ्नो दुइ शब्द यहीं अन्त्य गर्दछु। धन्यवाद।

(१४:४७ बजे) पीठासीन : मानननीय उपाध्यक्ष श्री बिमला घिमिरे।

(१४:५२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य वामदेव गौतम।

(१४:५२ बजे) **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:-** सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको नीति तथा कार्यक्रम सम्बन्धीको वक्तव्य माथि छलफल गर्दा यो उही पुरानो परम्परागत किसिमले आएको छ। र यो दिसाविहीन र गन्तव्यविहीन रहेको छ। र अत्यन्त निराशाजनक छ। किनभने १६औं योजनाले निर्दिष्ट गरेका कतिपय कुराहरु यसमा छैनन्। र कुनै ठोस नीति तथा कार्यक्रममा आएको छैन। त्यसैगरी गणतन्त्र धर्म निरपेक्षता तथा समावेशीता हाम्रो संविधानका मुख्य विशेषताहरु हुन्। विगतका सरकारले दलित लगायतका पिछडिएका र सीमान्तकृत समुदायलाई राष्ट्रिय मुलधारमा ल्याउन नीति र कार्यक्रम प्रस्तुत गर्ने गर्दथे। तर अहिलेको सरकारको ५६ पृष्ठ लामो नीति तथा कार्यक्रममा दलित शब्द एक ठाउँमा मात्र प्रयोग भएको छ पेज नम्बर १४ मा। भूमिहीन दलित सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मात्र भनिएको छ। अन्य कुनै ठोस कार्यक्रम छैन र दलितको पक्षमा कुनै वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत नहुनु दुःखद रहेको छ। त्यसैगरी महिलाहरूको पक्षमा भएका विद्यमान कानुन महिलाहरूको बेजिङ घोषणापत्र सार्क बडापत्र महिलाहरूमाथिका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी सन्धिहरुको मापदण्ड अनुरुप छैनन्। त्यसमा परिमार्जनको आवश्यकता छ। तर सरकारको नीति तथा कार्यक्रमले यो कुरालाई समेट्न सकेको छैन। नेपाल भ्रष्टाचारको सवालमा ग्रेलिस्टमा परेको छ। भ्रष्टारको नियन्त्रण तथा सहकारी रकम अपचलनका कारण नेपाल ग्रेलिस्टमा परेको छ। सहकारी रकम अपचलनलाई नियन्त्रण गर्न तथा भ्रष्टाचारी माथि कारवाही गर्न कानुनी तथा संरचनागत व्यवस्थाको अभाव छ। भ्रष्टाचार तथा सहकारी रकम अपचलन नियन्त्रणको दिशामा ठोस नीति र कार्यक्रममा आउन सकेको छैन। त्यसैगरी सार्वजनिक संस्थानलाई निजीकरणमा लगेपछि विकास हुन्छ भन्ने सरकारको दाबी खोक्रो प्रमाणित भएको छ। निजीकरणमा लगेपछि ती उद्योगधन्दा झन् टाट पल्टेका छन्। कथित उद्योगी भनिएकाहरू उद्योगले चर्चिएको जग्गा समेत बिक्री गरेर खाने खेलमा लागेका छन्। नवलपुरमा भएको धौवादी फलाम कम्पनी र दैलेखको पेट्रोलियम खानीलाई सार्वजनिक मोडेलमा नै सञ्चालन गर्नुपर्दछ। नीति र कार्यक्रमले प्रवासी नेपालीहरुको मताधिकार र राष्ट्रियताको संरक्षणमा कुनै जोड दिन सकेको छैन। कालोबजारीलाई नियन्त्रण गर्ने सवालमा पनि कुनै ठोस नीति र कार्यक्रम आउन सकेको छैन। यसरी समग्रमा हेर्दाखेरि देशको मेरुदण्ड कृषि, उद्योग, पर्यटन, रोजगारी, जडिबुटी हरेक क्षेत्रमा जुन किसिमले ठोस कार्यक्रमहरू आउनुपर्दथ्यो। ती कार्यक्रमहरू आउनसकेका छैनन् र आगामी दिनमा अब आउने बजेटमा कसरी आउँछ त्यो हेर्न बाँकी छ।

र आशा मात्र गर्न सकिन्छ कि केही सुध्रेर आउँछ कि भन्ने तर विश्वास र भरोसा गर्न सकिने अवस्था छैन। यस खालको फितलो र कामकाजी जुन नीति तथा कार्यक्रम आयो। यो कार्यक्रमले यो देशको आवश्यकता र यसको भविष्यलाई सुनिश्चित गर्ने र नेपाली जनताको जुन समस्या हो। त्यो समस्यालाई ठोस किसिमले समाधान गर्न सक्ने अवस्था रहेको देखिदैन। त्यसैले यो नीति तथा कार्यक्रम अधुरो अपुरो र निराशाजनक रहेको कुरा म यहाँ राख्न चाहन्छु। र यसमा थुप्रै सुधार गर्नुपर्ने कुराहरु छन्। ती सबै फेहरिस्तहरु मैले संशोधनको उसमा राखेको छु। त्यसैले यहाँ समय अभावको कारणले गर्दा खेरि विस्तृतमा म यहाँ अगाडि जान चाहन्नँ र संक्षिप्तमा बुँदागत रूपमा मैले आफ्ना भनाईहरू राख्दै मैले आफ्नो भनाइ यही टुङ्ग्याउन चाहन्छु। धन्यवाद।

(१४:५८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य वामदेव गौतम।समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य शारदा देवी भट्ट ।

(१४:५९ बजे) **<u>माननीय श्री वामदेव गौतम (मनोनीत)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मैले सदा झैं यसपटक प्रस्तुत भएको नीति कार्यक्रमलाई आलोचनात्मक समर्थन गर्छु। त्यसो भएर त्यसमा मैले देखेका केही कमी कमजोरीहरुको आलोचना पनि गर्छु। र केही सुझावहरू पनि दिने विचार गरेको छु। मैले समयमा खुल्ला बोलेर आफ्नो विचार समयमा प्रस्तुत गर्न नसक्ने भा हुनाले लिखित रूपमा ल्याएको छु। गत १९ गते नेपाल सरकारले आर्थिक वर्ष ०८२/ ८३ को लागि नीति तथा कार्यक्रम दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गरेको छ।राष्ट्रव्यापी रूपमा समयमै समस्या सिर्जना भइरहेको अवस्थामा आएको यो नीति तथा कार्यक्रमको गन्तव्य निश्चय पनि बहुप्रतिक्षित समाजवाद निर्माणमा मार्गदर्शन नै हुनेछ भनेर आशा बोकेर बाँचेका नेपाली जनताका निम्ति निराशा मात्र देखिएको छ। म अहिले नै समाजवाद निर्माण गर्न सकिन्छ भन्ने मान्यतामा रहेको र दस्तावेज पनि लेखेर मैले सबै माननीयहरुलाई बाँडेको र यदि मैले त्यस्तो किसिमको काम गर्न पाउने हो भने मैले काम गरेर देखाउन सक्छु र देखाउन सकिनँ भने बलिदान हुन्छु भनेर यहीँबाट भनेको व्यक्ति भएको हुनाले मैले अहिले पनि मेरो मान्यता छ। यसपटक प्रस्तुत भएको नीति कार्यक्रममा नीतिगत पक्ष धेरै छ। कार्यक्रमको पक्ष कमजोर छ। नीतिगत पक्ष धेरै भनेको छ। धेरै भन्दा नीतिको पक्षमा समातेर डोऱ्याउन नसकिने स्थिति आउन सक्छ। त्यो जता पनि जान सक्छ। कार्यक्रम ठोस हुन्छ। यो गर्छु, त्यो गर्छु, यसरी गर्छु भनेर भन्ने हुन्छ। तिनी छैनन्। त्यसो भएर मैले त्यसलाई आलोचना गरेको छु। चारैतिर भ्रष्टाचार सहकारी भ्रष्टाचार, सुरक्षित प्रेस

भ्रष्टचार, एयरपोर्ट निर्माण भ्रष्टाचार, एनसेल भ्रष्टाचार, विद्युत भ्रष्टाचार, वैदेशिक रोजगारी भ्रष्टाचार जताततै भ्रष्टचारै भ्रष्टाचार देशलाई बदनाम गर्ने गरी विश्वव्यापी रूपमा नेपालमा भएका भ्रष्टाचारका सूचनाहरु प्रभावित भइरहेका छन्। नीति तथा कार्यक्रमले भ्रष्टाचार समाप्त गर्ने कुनै अभियानको कार्यक्रम ल्याएको छ कि भनेर ध्यान दिँदा त्यस्तो कतै पाउन सकिएन।

आन्दोलनै आन्दोलन भन्नुपर्दा पूर्व राजा ज्ञानेन्द्र पनि राजावादीहरू जम्मा गरेर शाही गद्दी मलाई फिर्ता देउ भनेर आन्दोलनमा सामेल छन्। कर्मचारी आन्दोलन, स्वास्थ्यकर्मी आन्दोलन शिक्षक आन्दोलन, मिटर ब्याजी पीडित समेत आन्दोलनमा यस परिस्थितिका लागि कुनै प्रकाश ज्योति पाइन्छ कि भनेर पन्नापन्ना पल्टाएर हेर्दा सुदृढ र सबल पाइला चल्ने गरी केही शब्द पनि उल्लेख गर्न सकेको देखिएन। यसो गरिनेछ उसो गरिनेछ भन्ने बाहेक अरु छैनन्। यसै परिस्थितिमा पूर्व राजा ज्ञानेन्द्रले जस्तै गरी मलाई मलाई यसो सुझ्यो। राजाको गद्दी खोज्दै ज्ञानेन्द्रले जस्तै गद्दी खोज्दै राज्य फर्काइदियो भनेर भन्ने हो भने मल्लहरूका सन्तान पनि छन्। तिनी आयो भने के हुन्छ। लिच्छविहरूका पनि सन्तान छन्। मल्लहरुले ७०० वर्ष राज्य गर्या हुन्। शाहवंशको त जम्मा २४० वर्ष हो।लिच्छविहरुले ६०० वर्ष राज्य गऱ्या हुन्। उनका सन्तान पनि छन् यहाँ। र गोपाली आभिर र किराँतले २००० वर्षसम्म पहिले सामान्य रूपमा पछि राज्य नै सञ्चालन गरे। तिनका सन्तान आयो भने के हुन्छ। त्यतिमात्रै होइन। त्यति मात्रै हैन अब राज्य फर्काउने नै अवस्था भयो भने भुरे टाकुरे राज्यहरू, बाइसे चौबीसे राज्यहरु पूर्वका ११ किराँत राज्यहरु यी सबै आए भने के हुन्छ? त्यसो भएर एकपटक क्रान्तिद्वारा र ऐतिहासिकताका आधारमा ऐतिहासिक रूपले त्यो आवश्यक छैन भनेर भन्ने पुष्टि भएर समाप्त भएका संरचनाहरु संसारमा कहिले पनि फर्केका छैनन्। नेपालमा पनि राजा फर्कन सक्दैन। जनताको राज्य भइसकेको छ, त्यसमाथि आउने जबरजस्ती बलात्कार गर्न आउने हो। त्यसको निम्ति जनताले कुनै पनि अर्थमा बाँकी राख्ने छैनन् भनेर भन्ने यसबाट पनि पुष्टि हुन्छ कि यो ठुलो विषय होइन। तर मलाई के लाग्छ भने यस्तो किसिमको क्रियाकलाप गर्नेहरुलाई नियन्त्रण गर्नको निम्ति कानुन त बनाउनै पर्छ। नेपालको संविधानको प्रस्तावनामा नै उल्लेख भयो। नेपाल अब लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समृद्ध समाजवादमा मात्र विकसित हुन सक्छ। ठ्याक्कै भाषा यस्तो त छैन तर सार त्यही हो। त्यसो भएर समाजवाद भन्दा अर्को व्यवस्थामा हामी जान सक्दैनौ। किनकि संविधानमा त्यही छ। संविधानले हामीलाई मार्गदर्शन गरेको छ।र त्यो समाजवाद हाम्रो संविधानले मार्गदर्शन गरेको समाजवाद मदन भण्डारीले अगाडि सारेको समाजवादी धारणा हो। बहुदलीय प्रतिस्पर्धाको राजनीतिक प्रणाली अन्तर्गतको समाजवाद हो। त्यसो भएर त्यो समाजवाद राष्ट्रिय पूँजीवाद सहितको समाजवाद हो। रुसको जस्तो समाजवाद होइन। चीनको जस्तो समाजवाद होइन। त्यस्तो किसिमको समाजवादमा जाने हो र त्यो समाजवाद नेपाली कांग्रेसको पनि लक्ष्य हो आदर्श हो। उनीहरुले भनेका छन्

सँगै जाउ भन्दाखेरि गएनन्। निर्माण गरौ भन्दाखेरि निर्माण गर्न पनि तयार भएनन् । तर अब भने त्यसो गर्न सकिन्छ। जबकि दुइटा पार्टी सँगै छन्। के कारणले त्यस्तो समाजवादको निम्ति प्रस्ताव यहाँ ल्याइएन। किनकि विचार चिन्तन छैन्। मेरो समय सकियो। धन्यवाद। नमस्कार।

(१५:०६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य शारदा देवी भट्ट।समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य जग प्रसाद शर्मा।

(१५:०६ बजे) **<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यु, हामी अहिले आर्थिक वर्ष ०८२/८३ को लागि सरकारबाट प्रस्तुत नीति तथा कार्यक्रम माथिको छलफलमा क्रममा छौं। मेरो बुझाईमा नेपाल सरकारबाट प्रस्तुत बजेट सन्तुलित चलायमान छ र म सरकारबाट प्रस्तुत ०८२/८३ को बजेटको स्वागत समर्थन गर्दछु। अध्यक्ष महोदय पहिलो कुरा त बजेट जनतामुखी हुनुपर्दछ। बजेट जनतामुखी हुनलाई जनप्रतिनिधिबाट चुनिएका जनप्रतिनिधिबाट सिफारिस भएका कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्दछ किनभने जनता र जनप्रतिनिधि एक अर्काका पूरक हुन्। जनताका चाहनालाई जनप्रतिनिधिले भन्दा अरुले बुझ्न सक्दैन। जनप्रतिनिधिका कुरा सुन्नु जरुरी छ। अनि मात्र जनताले चाहेको बजेट आउँछ। अध्यक्ष महोदय प्रस्तुत बजेटलाई अध्ययन गर्दा सरकारले यसलाई आर्थिक समृद्धिको आधारस्तम्भको रुपमा पुष्टी गरेको देखिन्छ। बजेटको माध्यमबाट सरकार अर्थतन्त्रको सुधार उत्पादनमा वृद्धि रोजगारीको सिर्जना सुशासन विकासलाई गति र सेवा प्रवाहलाई सुधार गर्नु सरकार अघि बढेको देखिन्छ। प्रश्न नीति तथा कार्यक्रममा सरकारले स्थानीय माथिका विद्यार्थीलाई हप्ताको २० घण्टा काम सुनिश्चित गर्ने भनिएको छ। त्यो जुन स्वागतयोग्य छ। यसले देशमा बढ्दो बेरोजगारीलाई केही हदसम्म कम गर्न विश्वास विश्वस्त गर्न सकिन्छ र विश्वास पनि गर्न सकिन्छ। यस्तै कृषितर्फ भूमि बैंकमार्फत जमिनको उपलब्धमा सुनिश्चित गर्दै परियोजनालाई नै धितोमा राखी स्थानीय वित्तीय संस्था मार्फत वित्तीय अन्य सामग्री व्यवस्था गरिने भनिएको छ जुन राम्रो छ। जहिले किसानलाई राहत दिनेछ। यस्तै परियोजना बिमा मार्फत आकस्मिक क्षतिमा रक्षा समर्थन मूल्यमा आधारित अग्रिम कृषि उपज सम्झौता गरी व्यवसायिक जोखिम सम्बोधन बजार सुनिश्चित गरिने नीति तथा कार्यक्रममा समेटेको छ। जसले किसानलाई राहत दिनेछ। यस्तै युवालाई कृषिमा आकर्षित गर्ने भनिएको छ जुन अहिलेको अवस्थामा अत्यन्त जरुरी छ।युवाहरु विदेशतिर रोजगारीको लागि पलायन

भइरहँदा युवालाई कृषिमा आबद्ध गर्न सके देशमै रोजगारी गरी आत्मनिर्भर हुन सक्दछन्। अध्यक्ष महोदय प्रस्तुत नीति तथा कार्यक्रमले महिलाहरूमा हुने पाठेघरको क्यान्सर विरुद्धको HPV खोपलाई नियमित खोप कार्यक्रममा समावेश गर्ने भनिएको छ। १४ वर्षमुनिका बालबालिकालाई क्यान्सर उपचार सेवा निःशुल्क हुने भनिएको छ। यस्तै दुर्गम क्षेत्र गर्भवती तथा सुत्केरी महिलाको लागि थप कार्यक्रम बनाउने भनेको छ।जुन स्वागतयोग्य छ। यस्तै जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउने नीति तथा कार्यक्रममा उल्लेख छ जुन अति नै राम्रो छ। अध्यक्ष महोदय यस्तै सरकारले नीति तथा कार्यक्रम मार्फत महिला सबलीकरण विशेष ध्यान दिने भनिएको छ। जुन अहिलेको अत्यावश्यक कुरा पनि हो। महिला विरुद्ध हुने हिसा हिंसा शोषण भेदभाव अन्त गर्न सरकारबाट पहल हुनु जरुरी छ। बालबालिका माथिको दुर्व्यवहार महिला हिंसा मानव बेचबिखन बलात्कार छुवाछुत छाउपडी प्रथा दाइजो जस्ता सामाजिक विकृतिले शोषण जस्ता समाजका कुरीतिलाई अन्त गर्न सरकारले पहिलो प्राथमिकतामा राख्नु जरुरी छ। प्रस्तुत नीति तथा कार्यक्रममा यी कुरा उल्लेख छन्। र सरकारसँग महिलासँग सरोकार भएका विभिन्न समस्यालाई कानुनी रुपमा मात्र नभएर यथार्थ रुपमा काम गर्न आग्रह गर्दछु। आशा छ- सरकार यसमा गम्भीर बन्नेछ। अध्यक्ष महोदय अहिलेको एउटा समस्या भनेको सीमा सुरक्षाको विषय हो। सीमा सुरक्षा धेरै जटिल छ। बारम्बार हाम्रा सीमाहरू मिचिएका समाचार हामी सुन्दै हेर्दै आइरहेका छौं। हाम्रो सीमाहरुलाई कसरी सुरक्षित गर्ने विषय चुनौती पनि रहेको छ। अहिलेको सरकारबाट प्रस्तुत नीति तथा कार्यक्रममा यसै कुरालाई सम्बोधन गर्ने गरी सीमा सुरक्षा सम्बन्धी काम थप प्रभावकारी बनाउँदै लगिने भनेको छ।यसको लागि सीमा सुरक्षा पोस्टहरुको संख्या थपिने भनेको छ जुन स्वागतयोग्य छ।

अध्यक्ष महोदय, समग्रमा सरकारले आगामी वर्षको बजेटलाई महत्वाकांक्षी विकासको योजनाको रुपमा पनि तयार गरेको छ।यी सबै महत्वाकांक्षीसहितको विकास परिकल्पना अनुसार काम हुनेछ भन्ने विश्वास छ। शतप्रतिशत ठिक हुनु सबैको चित्त बुझाउनु अलि गाह्रो नै हुन्छ। तर इमान्दारीका साथ काम गर्दै जाने हो र जनताका पीर मर्का समस्यालाई सम्बोधन गर्ने गरी आउँदो बजेट आउनेछ भन्ने म विश्वास पनि राख्दछु। अन्त्यमा भारतको कलेजमा मारिएकी विद्यार्थी साहप्रति श्रद्धा सुमन भन्न चाहन्छु। दोषीमाथि कडा भन्दा कडा कारवाही होस् भनी अध्यक्षज्युमार्फत नेपाल सरकारसँग जोडदार माग गर्दछु। धन्यवाद।

(१५:१२ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य जग प्रसाद शर्मा। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य नारायण दत्त भट्ट ।

(१५:१२ बजे) **माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः-** सम्माननीय अध्यक्षज्यु, माननीय सदस्यहरू आज सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम ०८२/८३ को नीति तथा कार्यक्रममा छलफल चलिरहेको छ। यसमा दुईटा विषयमा संशोधनसहित मेरो छलफललाई म अगाडि बढाउन चाहन्छु। पहिलो कुरा सरकारले प्रस्तुत गर्ने नीति कार्यक्रम हाम्रो देशको संविधान,१६ औं योजना दिगो विकासका लक्ष्य आदिमा आधारित भएर निर्माण गर्ने जनअपेक्षालाई पूरा गर्ने राष्ट्रको आवश्यकतालाई पूरा गर्ने गरी वार्षिक योजना तथा नीति पेस गर्ने हो। त्यो नीति तथा कार्यक्रम सम्मानीय राष्ट्रपतिबाट जे वक्तव्य प्रस्तुत भएको छ। त्यसबारेमा मोटामोटी यतिखेर देशको आवश्यकता भनेको पतन हुँदै विश्वव्यापी रूपमा पतन भएको उदारवाद उन्मुखमा आधारित भएर होइन समाजवाद उन्मुख भएर नीति तथा कार्यक्रम बनाउने स्पिरिट हो भन्ने लाग्छ पहिलो कुरा। यो कोणबाट हेर्दा अहिले हामीले देखिराखेका छौं। विश्वव्यापी रूपमा नवउदारवाद निजीकरणद्वारा अथवा उदारीकरणद्वारा संसारका विकसित देशहरूमा पनि यो असफल भइराखेको छ। यसकारण हामीले अगाडि सारेको समाजवाद उन्मुख भन्ने जो चिज हामीले अगाडि सारेका छौं। यो नै आजको आवश्यकता हो। यो स्पिरिटलाई अहिलेको सरकारले पेश गरेको नीति तथा कार्यक्रमले कति सम्बोधन गऱ्यो भन्ने कोंणबाट हेर्दा खेरि हाम्रो आवश्यकता भनेको यतिखेर वैदेशिक ऋण घटाउने हो। विदेश पलायन जे बढिराखेको छ त्यसलाई घटाउने हो। साधारण खर्च बढ्ने स्थिति बढिराख्ने स्थिति जो छ त्यसलाई घटाउने हो। आयात हाम्रो बढिराखेको छ त्यसलाई घटाउने हो र हामीले राजस्व वृद्धि गर्ने यतिखेरको आवश्यकता हो। पुँजीगत खर्च बढ्ने र पुँजीगत खर्च पुरै हुने र बढाउने त्यो अर्को आवश्यकता हो। त्यस्तै जीडीपी वृद्धि गर्ने आवश्यकता हो र त्यस्तै निर्यात घटिराखेको छ त्यसलाई बढाउनुपर्ने आवश्यकता हो।त्यसको साथसाथै अनुत्पादक क्षेत्रमा लगानी जो बढिराखेको छ राष्ट्रको त्यसलाई Control गर्ने त्यसलाई नियन्त्रण गर्ने अर्को आवश्यकता हो। यो कोंणबाट हेर्दाखेरि अहिलेको सरकारले अगाडि सारेको नीति तथा कार्यक्रमले दिशा ठिक ढंगले समात्न सकेको छैन र यसले गन्तव्य पनि नीति तथा कार्यक्रममा त शब्दमा भने पनि गन्तव्यलाई ठिक ढंगले पकड्न सकिराखेको मलाई महसुस भइराखेको छैन। त्यति मात्र होइन देशको आधाभन्दा बढी जनसंख्या रहेको महिलालाई त्यति सहि ढंगले सम्बोधन गरेको छैन। ४० लाख भन्दा बढीको संख्यामा रहेको दलितहरुको सम्बोधन गरेको छैन। शान्ति प्रक्रिया जो टुंग्याउनुपर्ने हो त्यो कुराप्रति एक प्रकारको शब्दमा उल्लेख भए पनि एउटा आत्मै देखेको

Committement प्रतिबद्धता सरकार यो नीति तथा कार्यक्रममा देखिँदैन। र त्यसको साथसाथै हामीले देखिराखेका छौं। पहिला सरकारले भनेको थियो। देश Gray List मा परिसकेपछि यसलाई ६ महिनामा निकाल्न सकिन्छ भन्ने कुरा थियो। तर यो बढ्दै गएर अहिले नीति तथा कार्यक्रममा २ वर्ष राखेको छ। यसले देश बिस्तारै अब Gray List बाट निस्कने भन्दा पनि Black List तिर जाने हो भन्ने त्रास एउटा खतरा त्यो बढिराखेको देखिन्छ।

त्यसको साथसाथै राष्ट्रले यतिखेर आवश्यकता राष्ट्रको आवश्यकता भनेको सुशासन सामाजिक न्याय समृद्धिको स्पिरिटलाई यो योजनालाई यो नीति तथा कार्यक्रमले पकड्नपर्ने हो त्यो ढंगले पकड्न सकिराखेको छैन। यो अर्थमा यो नीति तथा कार्यक्रममा मैले यो कुरालाई विश्लेषण गर्दै मैले मुख्यतः दुइटा कुरामा संशोधन मैले हालेको छु। त्यो दुइटा कुरामा संशोधन हाल्ने भनेको एउटा कुरा यसको सुरुमै जुन क नम्बरमा यो संविधान प्रतिको यो व्यवस्थाप्रतिको प्रतिबद्धता सरकारले जनाएको छ। तर यो व्यवस्था अहिलेको वर्तमान व्यवस्था केवल हिजोको परम्परागत संसदीय व्यवस्था होइन। हामीले भनेका छौं। यो संघीय लोकतान्त्रिक गणतन्त्र भनेर जे भनेका छौं यसका चारवटा पिलरहरू छन् त्यो एउटा गणतन्त्र हो। एउटा संघीयता हो। अर्को समावेशी र समानुपातिकता हो र अर्को महत्वपूर्ण धर्मनिरपेक्षता हो। यो चारवटा कुरालाई चारवटा पिलर मध्य कुनै पनि कुनै पनि पिलरलाई दायाँबायाँ गरियो तलमाथि गरियो भने यो व्यवस्था हामीले जे ढंगले जसले यसलाई समाजवाद उन्मुखका रूपमा यो व्यवस्थालाई हामीले संविधानमा उ गरेका छौं। यसमा तलमाथि हुन्छ। त्यसकारण मैले यो कर्नरमै संविधान के रे यो संविधानमा व्यवस्थाप्रतिको सम्बोधनमा यो चारवटा कुरा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशिता एवं समानुपातिकतालाई त्यहाँ उल्लेख गर्नुपर्छ र थप्नुपर्छ भन्ने एउटा संशोधन मैले हालेको छु एउटा कुरा। दोस्रो कुरा बुँदा नम्बर २३ मा सहकारी सम्बन्धीको सबै पुनरावलोकन गरेर नयाँ नीति जारी गरिनेछ भन्ने कुरा छ। त्यो सकरात्मकता छ। हामीले भनेका छौं सहकारी साझेदारी र सरकारी यो तिनवटा यस्ता चिज हुन् जसले नेपालमा समाजवाद निर्माण गर्नका निम्ति महत्वपूर्ण भूमिका खेल्छ। तसर्थ समाजवाद निर्माणको एउटा मुख्य आधार भनेको सहकारी हो। अब सहकारीलाई नेपालमा बिचौलियाहरु घुसेर माफियाहरु घुसेर जसरी बदनाम गर्ने अहिले कोसिस भएको छ र सहकारी एक ढंगले बदनाम जो भएको छ। मैले यहाँ के संशोधन हालेको छु भने सहकारी नेपालको हाम्रो देशको जस्तो अवस्था स्थिति छ यहाँको उत्पादन र सामाजिक सम्बन्ध जो छ। यो आधारमा सहकारीलाई व्यवस्थित ढंगले अगाडि बढाउनुपर्छ। सामान्य एउटा यो सब पुनरावलोकन गरेर एउटा नीति अगाडि राष्ट्रिय नीति जारी गरिनेछ भनेर मात्रै हुँदैन। यो भन्दा पहिला पनि मैले हाउसमा यो सदनमा उठाएको थिएँ। नेपालमा सहकारी विश्वविद्यालयको एउटा आवश्यकता छ जसले बुझाइमा जसले यो

बारेका सबै अनुभवहरुलाई संश्लेषण गर्ने सवालमा र यसलाई ठिक ढंगले अगाडि बढाउने सवालमा एउटा भूमिका खेल्न सक्छ। तसर्थ यो २३ नम्बर बुँदामा सहकारी समाजवादको एउटा महत्वपूर्ण आधार हो। यसर्थ एउटा सहकारी विश्वविद्यालयको अवधारणासहित अगाडि सरकारले अगाडि बढाउने छ भन्ने कुरा नीति तथा कार्यक्रममा अगाडि बढाइने छ भन्ने कुरा म यहाँ उल्लेख गर्न चाहन्छु। र मैले आफ्नो यो नीति तथा कार्यक्रममा आफ्नो भनाइ यहीँ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१५:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नारायण दत्त भट्ट।समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१५:२० बजे) **माननीय श्री नारायण दत्त भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी नीति तथा कार्यक्रममा छलफल गरिराखेका छौं। २०८२/०८३ को नीति कार्यक्रम असाध्यै सुन्दर छ। यसले धेरै पक्षलाई समेटेको छ। तर हामीलाई एउटा कुराले सधैंभरि घेरिराखेको हुन्छ। त्यसकारणले एउटा चस्मा असाध्यै राम्रो छ। अर्को चस्माले केही पनि देख्दैन जिरो मात्रै छ। नीति तथा कार्यक्रम भनेको एउटा रोड म्याप हो र यसको विस्तृत कुराहरू बजेटले सम्बोधन गर्छ। यो नीति तथा कार्यक्रमले कुन कुन क्षेत्रमा के के गर्ने र कुन कुन क्षेत्रलाई कसरी सम्बोधन गर्ने भन्ने एउटा Direction मात्रै गर्छ। यसलाई पूर्ण रूपमा जब बजेट आउँछ कार्यान्वयनको कुरामा यदि भएन भने टिकाटिप्पणी गर्न सकिन्छ तर कुरा के हो भने अहिले यो बजेटले चाहे कृषिको कुरा होस्। खासगरी हामी कृषिमा आधारित यो नेपाली समाज भएको हुनाले उत्पादन उत्पादकत्व र त्यसको बजारीकरण यदि निश्चित गर्न सक्यौं भने हामी जति कुराहरु शंका आशंका गरिराखेका छौं। मलाई लाग्छ ती सबै कुराहरू दूर हुन्छन्। चाहे स्वास्थ्यको नीति होस्। चाहे आम पब्लिकको नीति होस् खासगरी कुरा के हो भने सिँचाइको कुरा। महाकालीदेखि लिएर पूर्व मेचीसम्मको सिँचाइका कुराहरू असाध्यै राम्रो तरिकाले फोकस गरिएको छ यो बजेटमा।

त्यस्तै स्वास्थ्यका कुराहरू पनि सम्बोधन गरिएको छ। र आखिर हामीलाई चाहिने शिक्षा स्वास्थ्य खानेपानी र कृषि। रोजगारी तब सिर्जना हुन्छ जब हामीसँग काम हुन्छ। त्यसकारणले शिक्षाको क्षेत्रमा हाम्रा २० घण्टा कामको कुरा ल्याएको छ। तर हामीलाई सबै कुरा यथार्थता के हो भन्ने कुरा पनि हामीले बुझेका छौं। तर हो धर्म पनि होला खरो टिप्पणी गर्ने टिप्पणी गरेर नै सबै कुरा हुँदैन। केही कुरा

सकारात्मक कुराहरुलाई सकारात्मकताका साथ यदि सोच्यौं भने मलाई लाग्छ यो नीति तथा कार्यक्रमले धेरै कुराहरुलाई कम्तीमा बजेटले एलोकेट गर्न सक्ने सुनिश्चितता गर्न सक्ने कुराहरु तिर लग्न खोजेको आभास हुन्छ। हाम्रा विगतका बजेटहरू भन्दा अहिलेको नीति कार्यक्रमले धेरै कुराहरु घटाएर हटाएर आफ्नो कार्यक्रमलाई लक्ष्यलाई देशको आर्थिक स्थितिलाई पनि ध्यानमा राखेर ल्याइएको जस्तो मलाई लाग्दछ। त्यसैले कुरा के हो भनेपछि यी सकारात्मक कुराहरुलाई हामी जो सुकै जहाँसुकै भए तापनि आखिर देश Gray List मा परे भनेपछि यहाँ कुनै दल वा कुनै सरकार वा कुनै विचार पर्ने होइन। हामी Black List मा पर्यौं भने पनि कुनै दल कुनै विचार कुनै समुह पर्ने होइन। हामी सबै पर्छौं, प्राइम मिनिस्टर को छ अर्थमन्त्री को छ त्यसले धेरै ठूलो अर्थ राख्दैन। त्यसकारणले यी सबै कुराहरु गर्नका लागि Gray List बाट हटाउनका आज हाम्रो देशमा जे कुराहरुले हामीलाई पोलिराखेको छ। यो कुरा गरेको भए हुन्थ्यो भन्ने हाम्रो हुटहुटी छ त्यो हुटहुटीमा त मलाई लाग्छ दुईवटा चस्मा बनाउनु हुँदैन। एउटै चस्माले यो नेपाल हो। हामी नेपाली हौं र बजेटले एलोकेट गर्ने कुरा पनि नेपालीलाई नै गर्दछ भन्ने मलाई लाग्दछ।

त्यसैकारणले सबै कुराहरुलाई हामीले आत्मसाथ गरेर टिप्पणी गर्नुपर्छ तीखो टिप्पणी मात्रै होइन प्रतिपक्षको धर्म पनि हो कि सरकारमा रहेका मानिसहरूले कहिँ कतै अलिकति दायाँबायाँ गर्न खोज्यो भने त्यो दायाँबायाँ जान खोजेको परिस्थितिमा त्यसलाई हैन है भनेर सही बाटोमा लग्ने एउटा कोसिस गर्नुपर्ने प्रतिपक्षको धर्म हो तर त्यसको अर्थ यो होइन कि सबै कुरामा टिप्पणी नै गरिहाल्ने देख्दाखेरि जिरो मात्रै देख्ने होइन यो आर्थिक तथा यो नीति तथा कार्यक्रम छ यो जिरोमा छैन। यो सुन्दर छ। असल छ र यो सबै पक्षलाई समेटेको छ- तराई पहाड हिमाल सिँचाइ स्वास्थ्य शिक्षा रोजगारका कुराहरु पनि समेटेको हुनाले मेरो सबै आदरणीय साथीहरुमा यसलाई समर्थन गरौं मेरो त समर्थन छ छ। यसलाई अझ सुन्दर बनाएर यसले भोलि दिने मन्त्रालय अन्तर्गतको अथवा आउने कार्यक्रमलाई सबल र सक्षम बनाउँ भन्ने विनम्रताका साथ अनुरोध गर्दै मेरो भनाइ यहीँनिर अन्त्य गर्दछु। धन्यवाद। जयनेपाल।

(१५:२७ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे। समय ६ मिनेट। त्यसपछाडि माननीय सदस्य रुकमिणी कोइराला।

(१५:२७ बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष ०८२/८३ को नीति कार्यक्रममा हामी छलफलमा जुटेका छौं। यो छलफलमा हामीले छलफल गरिरहँदा राम्रै राम्रो भन्ने पनि सुनिएको छ। नराम्रो भन्ने पनि सुनिएको छ। तर

जस्ताको त्यस्तै बोल्न नसक्दाखेरि यस्तो भएको हो भन्ने मेरो विश्लेषण छ। हामी जस्ताको त्यस्तै बोल्न सकेका छैनौं। त्यसैले गर्दा खेरि यस्तो खालको विश्लेषण गरेका छौं भन्ने लाग्छ। यति भन्दै म केही बुँदाहरुमा आफ्नो विचार राख्न चाहन्छु। बुँदा नं. ९७ स्वच्छ र गुणस्तरीय खानेपानीको सुनिश्चितता गर्ने कुरा छ। दिगो विकास लक्ष्य नं. ६- दिगो विकास लक्ष्यको १७ वटा लक्ष्यमा यसो हुँदा खेरि यो खानेपानी भनेको फेरि मान्छे जिउनको लागि त आवश्यकता हो हो। यसले स्वास्थ्यको महत्व राख्छ। यसले शिक्षाको महत्व राख्छ। यसले आयआर्जनको महत्व राख्छु। यस्तो महत्वपूर्ण विषयमा हामीले बनाएको योजनाले छुन्छ कि छुँदैन भन्ने प्रश्न हो। र अहिले हेर्दाखेरि सुरक्षित खानेपानी सरसफाईको कुरा गर्दा खेरि हामीसँग चुनौती पनि छ। जलवायु परिवर्तनका कारणले पानीको मुहानहरू सुक्दै गएको छ। हाम्रो समाजमा भएका असल अभ्यासहरू हिजोका जमिनलाई चिस्यान बनाइराख्न उत्तिस बकाइनो जस्ता बिरुवाहरु हामीले रोप्थ्यौं र हाम्रो जमिनलाई चिस्यान बनाएर हामीले मूलहरुलाई बढाउने गर्थ्यौं। आज सरकारसँग त्यस्तो खालको सोंच त छैन। हाम्रो सरकारका सौंचहरु अहिले हेर्दाखेरिमा सहरीकरणका नाममा खेतियोग्य जमिनहरु खेतहरू चक्लाबन्दी भएको छ कालोपत्रे गरेको छ र चारैतिर मरुभूमि धुलो कर्णहरु उडेको छ। यसले हाम्रो स्वास्थ्य हाम्रो जीवन हाम्रो पानी र हाम्रो हरियाली कता जान्छ सरकारको ध्यान गएको छ त? उता बस्दैमा विरोध गर्नुपर्ने यता बस्तीमा राम्रो भन्नुपर्ने कुरा होइन। मैले जस्ताको त्यस्तै कुरा गरेको। अहिलेको बजेट र कार्यक्रममा सह लगानी हो भने ७०/३० मा जनताले गर्न सक्दैनन्। र अर्को क्षेत्र छ सिमसार क्षेत्रमा १% ले हुने कुरा। यो पहुँच पुऱ्याउनेले १% मा ल्याउने, पहुँच नपुऱ्याउनेले ७०/ ३०% मा डामिने कुरा छ।यसले विपन्नलाई झन् विपन्न बनाउने दुख दिने कामहरु छ। यसलाई सरकारले सुधार गर्नुपर्छ। सच्याउनुपर्छ भन्ने मेरो कुरा हो। बुँदा नं. ३६ मा सरकारले ल्याएको छ।जलस्रोतको बहुपक्षीय विकासबाट कृषियोग्य जमिनमा सिँचाई सेवा विस्तार गर्ने भनेको छ। विस्तार गर्ने कुरा त राम्रो हो। अघि हाम्रो तराईको माननीयज्युहरुले भन्या जस्तो आधा मधेसै सिँचाइ हुन्छ भन्नुभएको छ। म एउटा तथ्याङ्क तपाईंहरुको बिचमा राख्न चाहन्छु। त्यो अनुसारको सरकारको कार्यक्रम छ कि छैन?

अहिले हालको गरिबीको अवस्थालाई हेर्ने हो भने अघि चर्चा गर्नुभएको छ माननीयज्यूले। इन्डिकेटर सूचकलाई हेर्ने हो भने सबैभन्दा गरिबीको हिसाबले हेर्दा कर्णाली प्रदेश।५१.२%। सरकारले कर्णालीको लागि बजेट ५१% गरिबलाई राहत मिल्ने गरी बनाउँछ कि बनाउँदैन? कर्णाली प्रदेशको निम्ति सरकारसँग योजना के छ? सबैभन्दा गरिबीको रेखामुनि खालको अवस्था छ। यस्तो खालको हाम्रो भौगोलिक विकटता हाम्रो आर्थिक अवस्था हाम्रो नीति कार्यक्रम र हाम्रा बजेट कसरी बग्छन् त?

विगतका दिनहरुमा कति बगे बजेटहरु? के साँच्चिकै हाम्रो अवस्थालाई सुधार गर्ने गरि आए? यो मेरो प्रश्न हो। आउनुपर्छ भन्ने मेरो माग पनि हो। र अर्को कुरा अघि पनि चर्चा गर्नुभएको छ म पनि चर्चा गर्न चाहन्छु। तिनै तहको योजना आर्थिक सुधारको योजना भावी योजना सरकारको आउनुपर्दछ। अहिले आर्थिक अवस्था यस्तो हुँदाखेरिमा तिनै तहमा कस्तो खालको कार्यक्रमहरु गर्ने। आर्थिक सुधारको योजना सरकारसँग हुनुपर्यो। र सुशासन सुधार गर्ने योजना पनि हुनुपर्यो। सुशासन नभएसम्म भ्रष्टाचारको बिगबिगीको कुरा गरेर देशलाई अस्थिर राखेर विकास हुन सक्दैन। र समावेशी लोकतन्त्रको असल अभ्यास नमूना कार्यक्रम सरकारसँग आउनुपर्‍यो। अहिले हामी समावेशी लोकतन्त्रको कुरा गरेका छौं। गणतन्त्रको कुरा गरेका छौं भने सरकारसँग नमूना कार्यक्रम के हो त यसलाई संस्थागत गर्न। यो खालको कार्यक्रमहरु आउनुपर्‍यो। संघीयता लागू भएपछिको कार्यक्रम बजेट मूल्याङ्कनको तादातम्यता कायम राख्न के छ त सरकारसँग योजना? हामी संघीयतामा काम गर्‍यौं। (समय सकियो)...

(१५:३३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य रुकमिणी कोइराला। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य झक्कु प्रसाद सुवेदी।

(१५:३४ बजे) **<u>माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू आज हामी आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रममा छलफल गरिरहेका छौं। सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवनको उत्सर्ग गर्नुहुने महान् सहिदहरू प्रति श्रद्धासुमन अर्पण गर्छु। राष्ट्रिय आवश्यकता जनचाहना अनुरूप लोकतान्त्रिक मूल्य मान्यता आधारित समाजवाद उन्मुख आर्थिक सामाजिक रूपान्तरणका लागि राजनीति स्थायित्व सुशासन विकास र सामाजिक न्याय सहित समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न नेपाल सरकारले यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ र ल्याएको छ। यो नीति तथा कार्यक्रमलाई स्वागत र समर्थन गर्न चाहन्छु। यो नीति तथा कार्यक्रममा ऐतिहासिक पुरातात्विक धार्मिक सांस्कृतिक महत्वका थप क्षेत्रहरुलाई विश्व सम्पदा सूचीमा समावेश गर्ने कुरा र यसैगरी सांस्कृतिक सम्पदाहरूको संरक्षण उचित व्यवस्थापन गर्ने कुरा अति राम्रो छ। रोजगारमा आधारित सामाजिक सुरक्षा आबद्ध गर्ने कुरा, विद्यालय विधेयक यसै अधिवेशनबाट पास गर्ने कुरा, सामुदायिक विद्यालयका पाठ्यक्रममा एकरूपता ल्याउने कुरा, उच्च शिक्षालाई अनुदानमा आधारित बनाउने अनुसन्धानमा आधारित बनाउने कुरा, युवालाई आर्थिक र सामाजिक रूपमा रुपान्तरण र प्रमुख बाहकका रूपमा परिचालित गर्ने कुरा सम्माननीय अध्यक्षज्यू महिलाको सर्वाङ्गीण उत्थान र सबलीकरणमा विशेष ध्यान

दिने नीति महिला विरुद्ध हुने हिंसा शोषण भेदभाव अन्त्य गर्ने लगायत अन्य थुप्रै महिला सम्बन्धी नीति कार्यक्रम अति राम्रा छन्। जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परेको चुनौतीबारे विश्व समुदायको ध्यान आकर्षण गर्ने अन्तर्राष्ट्रिय वित्तीय संयन्त्र पहुँच बढाइने नीति अति राम्रो छ। आधुनिक तथा नवीकरणीय ऊर्जा सम्बन्धी नीति सरकारले अध्यादेशमार्फत ल्याएका विधेयक नीतिगत सुधारका कार्यक्रम अति राम्रा छन्। अत्यावश्यक वस्तु सेवा आपूर्ति सहज बनाउन भण्डारण क्षमता मूल्य अनुगमन गुणस्तर नियन्त्रण गर्ने कुरा राष्ट्रिय खाद्य सम्प्रभुता खाद्य भण्डार खाद्य संरक्षण बैंकको संरक्षण नीति राम्रो छ। दिगो वन व्यवस्थापन आधारित वन संरक्षण गर्दै वन श्रोतको उचित उपयोग गर्ने नीति, संघ, प्रदेशको उचित समन्वय सुदृढ गर्दै राष्ट्रिय वनलाई व्यवसायिक कबुलियती वनमा रुपान्तरण गर्ने नीति राष्ट्रिय निकुञ्ज तथा संरक्षण वन क्षेत्रको वातावरणीय सुरक्षाको नीति। मानव वन्यजन्तु, द्वन्द्व न्युनीकरण राहत प्रणालीलाई बीमा प्रणालीलाई एकीकृत गर्ने मानव प्रकृति सह अस्तित्व कायम गर्ने नीति चुरे संरक्षणका लागि गुरुयोजना नीति देशभित्र रहेका विभिन्न स्थानमा रहेका पेट्रोलियम फलाम पेट्रोलियम पदार्थ फलाम तामा म्याग्नेसियम जस्ता खानीजन्य स्रोतको अध्ययन अनुसन्धान र प्रवर्धन गर्ने नीति भूमिहीन सुकुम्बासी अव्यवस्थित बसोबास व्यवस्थाको नीति उचित छ।

यसैगरी सहकारी नीति राम्रो छ। एकीकृत सामाजिक सुरक्षाको अवधारणालाई थप सुदृढ गर्दै कर्मचारी सञ्चयकोष नागरिक लगानी कोषको नीति राम्रो छ। राष्ट्रिय युद्धको रक्षा गर्न संयुक्त राष्ट्रसङ्घको बडापत्र असंलग्नता पञ्चशीलको सिद्धान्त अन्तर्राष्ट्रिय कानुन सम्बन्धी नीति राम्रो छ। पश्चिम नेपालको भूकम्प मनसुनजन्य विपद् अन्य प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त निजी आवस पुरातात्विक सम्पदा तथा सार्वजनिक संरचनाहरूको प्रबलीकरण गर्ने नीति राम्रो छ। दिगो आर्थिक वृद्धिका लागि भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक तथा निजी लगानी सडक रेल जल यातायातको नीति राम्रो छ। सम्माननीय अध्यक्षज्यु बालबालिकाको शारीरिक मानसिक विकास नीति वनस्पति उद्यान व्यवस्थापन जडिबुटी स्रोतको संरक्षण विकास र उपयोग नदीजन्य स्रोत उत्खनन् र प्रशोधन सम्बन्धी नीति राम्रो छ। मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने नीति कृषि योग्य भूमिको संरक्षण बाँझो जमिनको उपयोग चक्लाबन्दी र करार खेतीलाई प्रवर्धन, रैथाने बाली बिउ जंगली जनावरबाट हुने क्षति न्यूनीकरण गर्ने नीति राम्रो छ। जलवायु वृत्तकोषमा नेपालको पहुँच नबिन प्रविधिको विकास नीति राम्रो छ। विद्यालय क्षेत्रमा देखिएका चुनौतीहरु समाधान गर्न नीतिगत तथा कानुनी प्रबन्ध गर्ने कुरा लगायत संविधानको समीक्षा गर्ने कुरा यस सँगसँगै निरोगी नेपालको कुरा र सँगसँगै यस संविधानमा समीक्षा गर्ने समग्रमा यस नीति कार्यक्रममा समावेश गरेका सबै कुरा

राम्रा छन् र सबैलाई बजेटमा सभाले गरी कार्यान्वयनमा बहुत ध्यान दिनुपर्ने हुन्छ र म सरकारलाई अनुरोध पनि गर्छु र सरकारलाई धन्यवाद पनि दिन चाहन्छु। हस्त। धन्यवाद।

(१५:४० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य झक्कु प्रसाद सुवेदी। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य नारायण दत्त मिश्र।

(१५:४१ बजे) **माननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- जबरजस्ती यही नीति कार्यक्रम ठीक छ भन्दै हुनुहुन्छ माननीय सदस्यहरू। प्रतिगामी, पुनरुत्थानवादी अराजक गतिविधि रोक्नको लागि त अग्रगामी नीति चाहिन्छ। यस्तो पश्चयगामी नीति र कार्यक्रमले प्रतिगामी र पुनरुत्थानवादी रोक्न सकिन्न। यो यथास्थितिवादी नीति कार्यक्रमले प्रतिवाद गर्न सक्दैन अराजक गतिविधिको। अर्को आपत्तिजनक कुरा छ। राष्ट्रिय गौरवका आयोजनाहरु किन राष्ट्रिय गौरवको आयोजना भनेर शब्द हटाएको? सन्तुलित विकास गर्ने, पूर्व पश्चिम उत्तर दक्षिण पूर्वाधार विकासको पूर्वाधारको विकास गर्ने। मुलुकको आर्थिक समाजिक परिवर्तनको लागि राष्ट्रिय गौरवका आयोजनाहरु ल्याउनुपर्छ भनेर विगतको माओवादी सरकार प्रचण्डको नेतृत्वको सरकारले ल्याएको त्यो हटाउन खोजेको देखिन्छ किनभने बजेट नराख्नको लागि। मध्यम वर्गले रोजगारी खोजेका छन्। खै रोजगारीको कुरा यो नीति तथा कार्यक्रममा? युवा पलायन भइसके। यो युवालाई यो देशभित्र राख्ने। नीति किन ल्याएन? कहाँ छ मध्यम वर्गलाई रोजगारी दिने कुरा? मध्यम वर्गले रोजगारी खोजेको छ। निम्न वर्गले रोजगारी खोजेको छ। त्यसै जनताले यो कुरा स्वीकार गर्छन्? कृषि क्षेत्र भताभुङ्ग छ। औद्योगिक क्षेत्रलाई अघि बढाउने नीति केही पनि छैन। जनताले नयाँ खोजेको नीति कार्यक्रम पछाडि फर्क्यो। नागरिकलाई उत्पादनसँग जोड्ने कुनै नीति छैन। सरकारलाई यो कसले रोकेको थियो। के यसरी यो नीति तथा कार्यक्रमले जनताका आकाङ्क्षा पुरा होलान्? नीजि क्षेत्रलाई खुसी पार्ने कुरा छ। सामुदायिक विद्यालयलाई कमजोर बनाउन खोजेको छ। उदारबाद र नवउदारबाद संस्थागत गर्न खोजेको। बिचौलियाहरु जन्मिने देखिन्छ अझै पनि। धन्यवाद।

(१५:४८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य नारायण दत्त मिश्र। समय ९ मिनेट। त्यसपछाडि माननीय सदस्य राधेश्याम पासवान।

(१५:४८ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्यूले संसदमा गर्नुभएको सम्बोधन भनौं नेपाल सरकारको नीति तथा कार्यक्रम मैले संसदमा सुनें। र पढेको पनि छु म यो सम्बोधन अर्थात् त्यस वर्षको सरकारले ल्याएको नीति तथा कार्यक्रमको पक्षमा दृढसाथ उभिनेछु। तैपनि केही कुरामा मनमा लागेका छन् कि म व्यक्त गर्न चाहन्छु। अलि परम्परावादी हिसाबले आएको छ कि भन्ने लागेको छ। राष्ट्रपतिज्यूले सुरुमा नै भन्नुभएको छ कि जनतामा राज्यप्रति थप आशा र भरोसा पैदा गर्न आर्थिक गतिशीलता बढाउन भ्रष्टाचार नियन्त्रण गर्न दण्डहीनता अन्त्य गर्न यो सरकार प्रतिबद्ध छ। यो कुरा पूर्ण रूपले लागु होस् भन्ने चाहन्छु म। दोस्रो पेजमा भनिएको छ समृद्ध नेपाल र सुखी नेपाली। म सुखी नेपालीको ठाउँमा सन्तोषी नेपाली भन्न चाहन्छु। किनभने जति दियो जति छ त्यसैमा सन्तोष गर्ने हो "सन्तोसम् परम सुखम" सुखको मात्र परिभाषा गर्दा ज्यादा जटिल हुन सक्छ। बुँदा नम्बर १४ मैले पुरा पढिन तर यहाँ लेखिएको कृषि उपजको खरिद सम्झौता गरी व्यवसायिक जोखिमको सम्बोधन र बजारको सुनिश्चितता गरिनेछ। बुँदा नम्बर २१ मा पनि यो कुरा दोहोर्याएको छ। तर म भन्छु सरकारले तोकेको न्यूनतम मूल्यमा किसानले बेच्न पाउँदैनन् साना किसानले झनै पाउँदैनन्। तसर्थ समयमा नै खाद्यान्न किन्ने प्रबन्ध भएन भने यो न्यूनतम मूल्य व्यापारीको लागि मात्र उपयोगी हुनेछ। हामीले कृषिमा अनुदान दिएको नतिजाबाट हेरौ हेरेका छौं। अनुदान बिचौलिया नक्कली किसान दलाल र केही कर्मचारीको मिलोमतोमा अर्बौं रुपैया पुग्नुपर्ने र पुग्नु पनि साना र गरिब किसानको हातमा पुग्न नै सकेन। त्यसै गरी १४ नम्बर २१ नम्बर बुँदाको दुरुपयोग हुने सम्भावना भएको हुँदा यसको निगरानी वार्ड वार्ड मार्फत हुने व्यवस्था गर्न आवश्यक देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय, दुईवटा कुरा जुन सुकै सरकार होस्। जुन सुकै प्रधानमन्त्री हुन। दोहोरिएका छन्। कृषि मल कारखाना र जग्गाको चक्लाबन्दीको कुरा। जग्गाको चक्लाबन्दीको कुरा गर्दा भारतमा ४५ वर्ष अघि नै चकलाबन्दी भएको थियो। चक्लाबन्दी नमुनाको रुपमा कमसेकम हामीले यस वर्षको बजेटमा एउटा तराईंको जिल्ला र एउटा पहाडको जिल्लामा चकलाबन्दीको कार्यक्रम सुरु गरिसक्नु पर्छ। अनि यो कुरा यो कुरामा सत्यता हुनेछ। त्यस्तै कृषि

मल कारखाना पनि कमसेकम एक ठाउँमा देशभरिको एउटा ठाउँमा कृषि मल कारखाना खोल्नको लागि बजेटमा व्यवस्था गरिनुपर्दछ। मैले यो मलको कहानी बडा गाह्रो छ। २०५५।०५६ सालतिर २० वर्षे कृषि नीति ऐन कृषि नीति आयो। अनुदान त्यो कृषि नीतिले अनुदान नै घटायो। मलको मूल्य एकदम महँगो भयो। मानिसहरूले मलको प्रयोग नै घटाए। त्यसपछि उत्पादन घट्न थालेको हो। फेरि अनुदान दिइयो। अनुदान बढाइयो। तर चाहिने जति मल किसानले कहिले पनि ढुक्कसँग पाएनन्। भारतबाट साइकलमा ल्याएको एक बोरा मल खोसिन्छ पक्रिन्छ। ट्रकमा ल्याएको नक्कली मल महङ्गोमा किन्न बाध्य हुन्छन् किसानहरू। त्यो मल राती प्रहरीहरू सुतेको बेला त्यो मल आउँछ होला। उनीहरूले देख्न सक्दैनन्। चोरीको सुन नसमात्ने किसानको गुनासो छ। मल समातिन्छ। अर्को अर्को किन्न पैसा छैन। मैले एउटा एउटा किसानको अघिल्लो वर्षको कहानी नै सुनेको। उनले भने मैले अघिल्लो वर्ष ३० क्विन्टल फलाएको थिए यो गहुँ एक विगाहामा। यस वर्ष जम्मा ६ कुइन्टल मात्र फल्यो। मैले मल हाल्न पाइन। मैले दुई बोरा मल साइकलमा लगेर ल्याएको थिए। बाटोमा पुलिसले मेरो मल छिन्दियो। म अर्को किन्ने मसँग पैसा छैन। उनको करुणामय कुरा सुनेर भाव विमोर हुनुभन्दा बाहेक अर्को कुनै कुनै कुरा थिएन। यस वर्ष मैले सुनेको छु। यस वर्ष मलमा अनुदान घटेको छ। यसले मल काम कम आयात हुने सम्भावना छ। हामीलाई कहाँ पुर्याइँदैछ के गरिदै छ किन गरिँदैछ अचम्म लाग्छ। यो कुनै एउटा सरकारको कुरा होइन आजसम्मका सम्पूर्ण सरकारले मल उचित रूपले किसानलाई आवश्यक पर्ने मल दिन सकेको छैन। मल नभइकन कृषि उत्पादन बढ्नै सक्दैन। त्यो बीस वर्षे कृषि नीति लागु भएपछि हामी पहिला अन्न भारतमा निकासी गर्थ्यौं। त्यसपछि अन्न हामी विदेशबाट मगाउन थालेका छौं। तसर्थ पहिलो शर्त जसरी मानिसलाई बाँच्नको लागि अन्न पहिलो शर्त हो भने त्यस्तै खेतीको लागि मल पहिलो शर्त हो। रासायनिक मलको प्रयोगले हो जग्गा बिग्रन सक्छ केही कुरा अप्ठ्यारो पर्न सक्छ। तर रासायनिक मलको विकल्प संसारभरिका जतिले उन्नति गरेका छन् जति देशले उन्नति कृषिमा उन्नति गरेका छन्। त्यो रासायनिक मलको कुरा रासायनिक मलको प्रयोगले नै गरेका छन्। तसर्थ यसमा रासायनिक मलमा कुनै किसिमको कन्जुसी नगरिकन् अझ पनि बजेटको उचित व्यवस्था गरिकन रासायनिक मल यसै वर्ष किसानलाई आवश्यक पर्ने जति रासायनिक मल व्यवस्था गरियोस्। कृषि उत्पादन २० प्रतिशतले बढ्नेछ। म यो ठोकुवा गर्छु। २० प्रतिशतले कृषि उत्पादन बढ्यो भने हामीलाई नेपालीलाई करिब करिब पूरा हुन्छ हामीले हामीले खाद्यान्न बाहिरबाट ल्याउनुपर्ने अवस्था हुँदैन। एउटा कुरा मैले यहाँ नीतिमा नआएको कुरा एउटा राख्न चाहन्छु। निर्वाचन क्षेत्र नीति। केहीं जिल्ला केहीं क्षेत्रमा बजेट गएको गई गएको गई गएको गई। ती

जिल्लाहरू ती क्षेत्रहरू दिनहुँ सम्भ्रान्त हुँदैछन्। कतिपय क्षेत्रमा बजेट जाँदै जाँदैन। कमसेकम यस वर्षको बजेटमा एउटा व्यवस्था गरियोस्। कुनै राष्ट्रिय महत्त्वका आयोजनाहरू त्यस्ता आयोजनाहरू बाहेक बाँकी बाँकी बजेट। प्रत्येक क्षेत्रमा बराबरमा जान सके पनि न्यूनतम यति र अधिकतम यो भन्दा बढी जाने छैन भन्ने त्यस्तो किसिमले हामीले व्यवस्था गर्न सक्यौं भने केही कुराहरु राम्रो हुन सक्छन्। नीति र कार्यक्रम बजेट व्यवस्थाको ऐना पनि हो। म यसको खुलेरै प्रशंसा गरेको छु। तै पनि सम्माननीय अध्यक्ष महोदय, मैले ५५ नम्बर मात्र दिन खोजेको छु पास मार्क भन्दा बढी हो फस्ट डिभिजन अलि आउन सकेको छैन। यो नीति कार्यक्रमलाई पनि। "दातु परिक्षा दुर्वेक्ष रर्ण सुरक्षले जायतै आपतकाले तुमिगस्ते सक्तौ त्रियाकुल्यहीसी" त्यस्तै यो के हुनेछ भने जसरी दानीको परीक्षा दुर्भिक्षको अब म यसको अर्थ धेरै लगाउँदिन्। हाम्रो परीक्षा अब यो अहिलेको यो अहिलेको नीति कार्यक्रमको परीक्षा बजेटमा कस्तो हुन्छ बजेटले यसको परीक्षालाई हेर्नेछ। त्यो बजेटले मात्र पनि पुग्दैन बजेट कार्यान्वयन कसरी हुनेछ अनि यसको परीक्षा हुनेछ। तसर्थ धेरै अब मैले परराष्ट्रतिर जान चाहन्छु। सबैसँग मित्रता छैन कसैसँग सत्रुताको चुरो कुरा हो यो। यो कुराको लागि मेरो गैराआवासीय नेपालीको सम्बन्धमा भनिएका कुराहरू पुग्यो कि पुगेन? उनीहरुलाई दिइने गरेको नागरिताको उनीहरुको नेपाली माटोको सम्बन्धलाई अक्षुण्ण राख्न सक्छ कि सक्दैन? मलाई यो बढा चिन्ता लागेको छ। हामीले एक किसिमको नागरिकता दिएका छौं। तर त्यो नागरिकताले उनीहरूको अधिकारलाई अक्षुण्ण राख्न सक्यो कि सकेन? त्यता पट्टी ध्यान जान आवश्यक छ। अब म अन्त्यमा जबसम्म तराईंमा खाद्यान्नको विकास, पहाडमा फलफुल र जडीबुटी हिमालमा पशुपालनको वैज्ञानिक व्यवस्था गरिँदैन। तबसम्म देश धेरै उभो लाग्न सक्ने परिस्थिति छैन। तसर्थ, त्यो व्यवस्था होस्। जय नेपाल।

(१५:५१ बजे) <u>पीठासीन</u>: माननीय सदस्य श्री गंगा कुमारी बेलबासे।

(१५:५८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य राधेश्याम पासवान। समय ७ मिनेट। त्यसपछि माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१५:५८ बजे) <u>माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्यूले वैशाख १९ गते शुक्रबार दुवै सदनको संयुक्त

बैठकलाई सरकारको २०८२।०८३ को नीति तथा कार्यक्रम सम्बोधन गर्नुभयो। र म छलफलमा भाग लिएको छु। अध्यक्ष महोदय, त्यो दिनको बैठकमा सायद सङ्घीय लोकतान्त्रिक व्यवस्था भएपछि त्यो बैठकमा मैले के हेरे भने उपराष्ट्रपतिज्यू दर्शकको कुर्सीमा बस्नुभाथ्यो। र हाम्रा राष्ट्रपतिज्यूहरू हाम्रा कर्मचारीज्यूहरू सबै एकलाईनमा बस्या थिए। हामीले संघीय लोकतान्त्रिक व्यवस्थामा हामीले उपराष्ट्रपतिको व्यवस्था गर्न सकेनौं कि? यसलाई हामीले कसरी मिलाउन सकिन्छ आगामी दिनमा ध्यान दिनुपर्ने कुराहरू हो यो विषयहरू। अध्यक्ष महोदय, यो नीति तथा कार्यक्रम १ देखि १५५ बुँदामा राखिएको छ। र यो यसरी पढ्दाखेरि वास्तवमा यो अघि पनि केही साथीहरुले भन्नुभयो। यो निबन्ध लेखे जस्तै छ। अब यसमा खास यो यो नीति तथा कार्यक्रमले पहिला त हाम्रा अब अहिले राष्ट्रिय सभाका मन्त्री हुनु भाछ। जानु भा छ। उहाँ कर्मकाण्ड भन्नु हुन्थ्यो पहिला। अब यस्तै हो कि जस्तो लागिराछ। तर यो तपाईंको नीति तथा कार्यक्रमले हाम्रो देशको आगामी दिनमा यो एक वर्षको नीति तथा कार्यक्रम हो योजना हो। यसले आगामी दिनमा हामी अगाडि बढ्न सक्छु कि सक्दिन जुन धेरै माननीयज्यूहरूले चिन्ता गर्नु भयो कि financial action task force को लिस्टमा ग्रे लिष्टमा नेपाल परेको छ। भोलि यो कालो सूचीको अवस्थामा पनि पर्न सक्छ कि भन्ने चिन्ता छ। यहाँ यो नीति कार्यक्रमलाई हामी अगाडि देशलाई बढाउन सक्छौं कि सक्दैनौं? कति माननीयज्यूले भन्दा यसले केहीँ हुन्न तर हुन्छ किनभने वैदेशिक अनुदानहरू वैदेशिक ऋणहरू hamI लिन सक्दैनौं। त्यसले हाम्रो देशलाई ठुलो घाटा पर्न सक्छ। अध्यक्ष महोदय, यसमा हामी खास गरेर नीति तथा कार्यक्रममा कृषि, स्वास्थ्य, पर्यटन, सिँचाइ, ऊर्जा, शिक्षा, खानेपानी, युवाहरूको विषयमा निबन्ध जस्तो लेखेछ। तर यो भोलि कार्यान्वयनमा बजेटमा कसरी आउने हो? पहिला पनि हामीले हेर्दाखेरी कार्यान्वयन हाम्रा हुन सकेन। जस्तै हामीले भन्याथ्यौं एक पालिका एक डाउनटाउन। जस्तै हामी प्रधानमन्त्री छोरी कार्यक्रम। पहिला कार्यक्रम राख्या थियो। तर यो हुन सकेन। बजेटमा आउन सकेन। लुम्बिनीलाई वार्षिक हभ बनाउन सक्छौं। जनकपुरलाई विवाह गन्तव्य बनाउन सक्छौं भन्ने कार्यक्रमहरू थियो। साथै प्रदेशमा विद्यालय तहका लागि मेघा भान्से भन्ने कार्यक्रम थियो। यिनीहरू सबै हटाइयो तपाईंको एक पालिका एक डाउनटाउन भन्याथ्यो तिनीहरू सबै गाँजाको व्यवसायिक उत्पादनको कानुनी मान्यता  दिने। त्यो पनि हुन सकेन। किन कि लेख्ने तर हुन सकेन भने अप्ठयारो हुन्छ। त्यसकारण हामीले यसलाई ध्यान दिनुपर्छ। जस्तै यसमा बुँदा नं. १४ मा भूमि बैङ्क मार्फत जमिनको उपलब्धी सुनिश्चितता गर्ने भनिएको छ। तर यो त तपाईं बिचौलियाहरूको माफियाहरूको उसमा जाने हो कि त्यहाँ पनि सङ्का छ।

अध्यक्ष महोदय, यसो हामीले यो हेर्दा खेरी नीति तथा कार्यक्रम हेर्दाखेरि एउटा मलाई कहानी याद आयो। पहिला पहिला तपाईंको हनुमानले एउटा बैठकमा तपाईंको युद्ध गरेर जितेर आएपछि हनुमानले तपाईंको सबैलाई केही न केही तपाईंको पुरस्कार दिराथ्यो तर हनुमानलाई तपाईंको मालालाई उसले फोडेर एक साइडमा बसिरहेको थियो हनुमान। अनि मान्छेहरूले हासँ ठट्टा गर्यो मान्छेहरूले। के फोडेको यो किन माला फोडेको भनेर। अनि उसले के भन्यो भने म यो मालामा फोडेर के हेर्‍याछु भने राम छ कि छैन त्यो भन्न खोजेको हो। तर मैले यसो हेर्दा खेरी यो यसमा न दलितको कहीं व्यवस्था गरिएको छ। न मुसलमानको कहीं व्यवस्था गरिएको छ। न महिलालाई सशक्तिकरण राम्रोसँग गर्न सकिन्छ? न तपाईंको पिछडिएको क्षेत्र जुन तपाईंको हामीले संविधानले कल्पना गरको पछाडि परेको क्षेत्रहरू मानव सुचाङ्कमा पछाडि पर्ने क्षेत्रहरू त्यसलाई कसरी व्यवस्थित गर्ने? त्यो देखिएको छैन। जब कि बजेटको स्रोत तपाईंको यसमा पछि बनाउँछन् तर नीति तथ कार्यक्रममा आएन भने भोलि यसले के हुन्छ भने सशक्तिकरणमा अगाडि हामी बढाउन सक्दैनौ। अध्यक्ष महोदय, हामीले बुँदा नं. ३६ मा जलश्रोतलाई एकीकृत तथा बहुपक्षीय विकास गर्दै कृषि योजनामा भरपर्दो सिँचाइ सेवा दिने कार्यक्रम हामीले राखेका छौं। तर मलाई कता न कता त सङ्का लागिरहेछ। अध्यक्ष महोदय। किनभने भर्खरै जो मान्छे एकदम इमान्दार थियो राम्रो थियो। त्यो मान्छे तपाईंको यो देशलाई कुलमानले ४६ अर्ब नाफा दियो। तर एकै महिनामा यो सरकार आउँदाखेरि हाम्रो हितेन्द्रदेवले ५ अर्ब घाटा देखाइसक्या छ। यसले भोलिको दिनमा जलस्रोतलाई फाइदा हुन्छ कि हुँदैन? प्रश्न त्यहाँ चिन्ह खडा हुन्छ। अध्यक्ष महोदय। त्यस्तै तपाईंको कुलमानज्यूले ८ वर्षमा प्राधिकरण नाफा देखाएको थियो। तर हितेन्द्रदेव आउने बित्तिकै तपाईंको ३ अर्ब घाटा सो गर्या छ। त्यो भोलि यसले त्यो सिँचाइको उसमा कसले अगाडि बढाउने हो। त्यसकारणले विश्वास मलाई लागेको छैन तपाईहरुलाई लाग्न सक्छ होला। तपाईंहरू सत्ता पक्षको माननीय हो। तर मलाई विश्वास छैन। यो फेरी सिँचाइ अगाडि बढाउन सकिन्छ भने भोलिको दिनमा। नत्र तपाईंको १८ घण्टा लोडसेडिङ मुक्त गरेको अहिले तपाईंको पाँच घण्टा लोडसेडिङ काठमाडौंमै हुन सुरुवात गर्ने खोजेको छन्। त्यसले तपाइको यो भोलिका दिनमा झन् तपाईंको यो सिँचाइ जुन एउटा क्षेत्र हाम्रो मात्रै थियो एक्काइसवटा मन्त्रालयमा तपाईंको यो ऊर्जा क्षेत्र। त्यो ऊर्जा मन्त्रालय त्यो अगाडि यो पनि धरासयी अवस्थामा गइसक्यो। त्यसकारणले अहिलेको यो हामीले जुन सरकारलाई सरकारलाई सम्हालिनकुरो छ त्यो सहरानी कुरा हुँदैन। अध्यक्ष महोदय, अघि माननीयज्यूहरुले पनि भन्नुभयो बुँदा नं. १६ मा कृषिमा मल कारखानाको स्थापना गर्ने भनेको छ। यो त पहिला पनि भनेको थियो। बजेटमा पनि ल्याएको कुरा थियो। तर

ल्याउन सकेन। अब पनि आउँछ कि आउँदैन? जबसम्म हामीले कृषिमा तपाईंको आत्मनिर्भर हुँदैन तबसम्म हामीले हाम्रो देश अगाडि बढाउन सक्दैनौं। जस्तै शिक्षामा हामीले शिक्षामा सुलभ र गुणस्तरीय शिक्षा र जीवनका उपयोगी बनाइनेछन् भनेका छौं। यो त संविधानको धारा ३१ मै लेखेको हो। तर अहिलेसम्म हामीले भर्खर हेर्यो। एक महिनासम्म मास्टरहरु आन्दोलनमा गर्यो जब कि हाम्रा माननीयज्यूले भन्नुभयो कि हामीले मास्टरहरु तपाईंको राम्रोसँग पढाउँदैन। माननीयज्यू जानु भो म त भन्छु म पनि तपाईंको ४६ कै विद्यार्थी हो। त्यति बेला तपाईंको कुनै अङ्ग्रेजी बोर्डिङ्ग स्कुल थिएन। अहिले मास्टर्स डिग्री गरेका छौं। तर हामी त्यहीं स्कुलबाट पढेको किन आज हामी राम्रो छौ। यस्ता धेरै तपाईंहरू बस्नुभएको धेरै पहिला ४५ सालका ४४ सालका विद्यार्थीहरू हुनुहुन्छ। तर मास्टरलाई जुन दोष दिनुहुन्छ। यो कतै हुँदैन। हाम्रो सिस्टमलाई कसरी सुधार गर्ने हो? त्यसमा हाम्रो ..... (समय सकिएको)

(१६:०६ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य विष्णु देवी पुडासैनी। समय ७ मिनेट। त्यसपछि माननीय सदस्य रेनु चन्द।

(१६:०६ बजे) **माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म राष्ट्रिय सभाको १८ औं अधिवेशनको सफलताको शुभकामना दिन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, आज म आज म सम्माननीय राष्ट्रपतिज्यूले सङ्घीय संसदमा प्रस्तुत गर्नुभएको नेपाल सरकारको आर्थिक वर्ष ०८२।०८३ को नीति तथा कार्यक्रमको संक्षिप्त टिप्पणी गर्न चाहन्छु। यस नीतिले सुशासन, आर्थिक गतिशिलता, समाजिक समावेशी र टिकाउ विकासलाई केन्द्रित गरेको देखिन्छ। यस नीति तथा कार्यक्रम प्रति कार्यक्रमले १६ औं योजनाका लक्ष्यहरूसँग समेत समन्वय गरी उद्यमशीलता, युवा रोजगारी, कृषि उत्पादकत्व, स्वास्थ्यसेवा, सुलभ तथा नवीकरणीय ऊर्जा जस्ता क्षेत्रमा जोड दिएको देखिन्छ। विद्यालय शिक्षा गुणस्तर सुधार व्यवसायिक प्रशिक्षण स्नातक तहका माथिका विद्यार्थीहरूलाई हप्तामा २० घण्टा रोजगारी दिने प्रस्ताव कार्यान्वयले युवा विदेशी दिने क्रम पनि केही मात्रामा कम हुन्छ भन्ने मलाई लागेको छ भने त्यसले गर्दा अभिभावकहरुलाई पनि केही राहत मिल्ने देखिन्छ। अध्यक्ष महोदय, सो नीतिले सङ्घ प्रदेश र स्थानीय तहका साझा कार्यक्रमका बारेमा पनि उल्लेख छ। जस्तै जल, जमिन र जङ्गलका बारेमा अब प्रष्ट भइ काम गर्न सक्ने सहज हुने मलाई लागेको छ। त्यस्तै स्वास्थ्य विमा सेवाको

विस्तार जस्ता कार्यक्रमहरुले जनताको जीवनस्तर उक्साउन मद्दत गर्ने अपेक्षा गर्न गरेको छु। त्यसैगरी संघीय संसदको चालु अधिवेशनबाट संघीय निजामती सेवा ऐन र शिक्षा ऐन पारित गर्ने प्रतिवद्धता आउनु मैले सकारात्मक रूपमा हेरेको छु। अध्यक्ष महोदय, आर्थिक सुधारका सम्बन्धमा कर प्रणालीको सरलीकरण, सार्वजनिक निवेशका कुशलता र लघु उद्यमलाई प्रोत्साहन दिइएको दिएकोले आर्थिक सुधारका क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउने देखिन्छ। यो नीतिले १६ औं योजनाका ५ वर्षीय लक्ष्यहरूसँग समन्वय गरी डिजिटल गभर्नेन्स सामाजिक सुरक्षा राष्ट्रिय महत्वका आयोजनाको निर्माण लगायतका पूर्वाधार विकासका विषयमा समेत एकरुपता कायम गरेको देखिन्छ। यद्यपि सिँचाइ र यद्यपि सिँचाइ र सानो किसानको सहयोग लगायतका अन्य थुप्रै क्षेत्रको विकासमा ठोस योजनाको अभाव रहेको महसुस गरेको छु। यस नीतिले यस नीति तथा कार्यक्रम राम्रो छ। प्रभावकारी कार्यान्वयनमा चुनौती रहेका छन्। ती चुनौतीको समाधान गर्दै आगामी अगाडि बढ्न केही सुझावहरू पनि राख्न चाहन्छु।

कार्यान्वयनको गति योजनाहरू प्रभावकारी बनाउन तिनै तहका सरकारी सरकार बिच समन्वयको अति आवश्यक देखिन्छ। त्यस त्यसैले त्यसमा सरकारले ध्यान दिनु जरुरी देखिन्छ। भ्रष्टाचार नियन्त्रण, सार्वजनिक खर्चमा पारदर्शिता, जवाफदेहिता बढाउन कडा कडा निगरानीको आवश्यकता छ। त्यसका लागि सबै सरोकारवाला निकायहरूको प्रभावकारिता बढाउनुपर्ने देखिन्छ। युवा र महिलाहरू सशक्तिकरण रोजगारी सम्बन्धी योजनाहरूका योजनाहरूमा युवा र महिलाहरूका लागि प्रभावकारिता दिएको छ। कार्यान्वयनमा तेरो मेरो होइन। सबैलाई सहभागी हुने दृष्टिकोण अपनाउनु पर्ने देखिन्छ। यस नीतिले नेपालको विकासको दिशामा प्रगतिशील कदम चाल्न खोजेको भएता पनि जनताले अपेक्षा स्रोतको उचित व्यवस्था र राजनीतिक इच्छाशक्ति नभए यो योजना कागजको घोडा मात्र बन्न जान सक्छ। कागजको घोडाले जति गन्तव्य लिन सक्दैन। त्यसैले यसलाई जनताका आकाङ्क्षालाई प्रतिबिम्ब बनाउन समयमै सबैले कार्यान्वयन गर्दै जानुपर्छ। यसलाई यसैको लागि म सम्मानित सदन मार्फत सबैको ध्यानाकर्षण गर्छु। धन्यवाद जय नेपाल।

(१६:१२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य रेनु चन्द। समय ७ मिनेट। त्यसपछि माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१६:१३ बजे) <u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, नीति तथा कार्यक्रमबारे सम्माननीय राष्ट्रपतिज्यूले सङ्घीय संशोधनको सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनले नीति तथा कार्यक्रम बारे आफ्नो संशोधन लगायतका विषयमा म आफ्नो धारणा राख्न गइरहेकी छु। सुरुमै क नम्बरमा यहाँ प्रतिगामी पुनर्उत्थानवादी, अराजक गतिविधिको प्रतिवाद गर्ने भनेर भनिएको छ कसरी गर्ने? यसको मूल योजना कारतिर त  सरकारको नजर गएर पनि नदेखेको जस्तो गरिराख्नुभएको छ। राजावादी मण्डले र सम्माननीय प्रधानमन्त्रीले नेतृत्व गरेको पछिको एमाले एउटै हो कि जस्तो देखापर्ने किनकि जो अहिले प्रतिगमनको झन्डा बोकेर सदनमा छाती पिट्दै छन् ती तत्वहरू प्रधानमन्त्रीकै पार्टीको चुनाव चिन्ह बोकेर त्यसैबाट लडेर सदनमा आउनु भएको छ। कसरी हुन्छ प्रतिवाद? "बोया पेड बबुलका आम कहाँ से हुए" यो तर्फ म सम्बन्धित दल र सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। प्रतिगामी तत्त्वलाई चुनाव चिन्न दिएर नीतिमा प्रतिवाद गर्छौं भन्ने कुरा कसरी सक्नुहुन्छ तपाईहरुले? ख मा मेरो संशोधन रहेको छ। विभिन्न कालखण्डका या लेखिएको छ संविधानको समीक्षा गर्ने। त्यसपछि कमा लगाएर विभिन्न कालखण्डको आन्दोलन जनयुद्ध जनआन्दोलन मधेस आन्दोलनको जगमा प्राप्त भएको संघीयता, धर्मनिरपेक्षता, समावेशिता, समानुपातिकताका सिद्धान्त लगायतका सबल पक्षहरू भनेर यहाँ लेख्नुपर्यो। यहाँ पुनः प्राथमिकीकरण भनेर लेख्नुभएको छ। सैद्धान्तिक रूपमा मेरो यसमा भन्नु केही छैन। अस्ति भर्खर केही समय अगाडि वित्तीय उत्तरदायी सम्बन्धी एउटा कानुन ऐन पास गर्नुभएको छ। प्रतिपक्षको हैसियतले र सम्मानित सदनको एउटा सदस्यको हैसियसले यसको सुक्ष्म निरीक्षण हामी गर्नेछौं। यो पुनः प्राथमिकीकरण गर्दा नियत सफा राख्नुहोला भन्ने सरकारसँग आग्रह गर्दछु। र यहाँ अघि माननीयज्यूहरूले भन्नुभो त्रुटिपूर्ण योजनाहरुको बारेमा यो झापाको दमकमा बनेको भ्यूटावर त्रुटिपूर्ण योजनामा पर्छ कि अनुत्पादक योजनामा पर्छ कि भन्ने पनि यहाँ भन्दिनुहोला। ग्रे लिष्ट बारे ६ महिनामा निस्किन्छु भनेर अस्ति भर्खरै माननीय अर्थमन्त्रीज्यूले भन्नुभएको थियो यसमा २ वर्षमा आयो। दुई वर्षमा त हामी निस्कन्छौं पक्का निस्कन्छौं ग्रे लिष्टबाट तर ब्लयाक लिष्टमा पर्ने गरी निस्कन्छौं। गर्न खोजेको के हो यसको जवाफ पनि दिनुपर्यो। यो उदारवादको बिकृत संस्करण बिचौलियाहरूको दबदवा हुनुभएन। समाजवादको बाटोबाट विमुख हुनुभएन। Example को लागि जलविद्युत कम्पनीको आई.पी.ओ. स्वीकृतिको लागि धितो पत्र बोर्डको अध्यक्षले प्रतिशत नै तोकेर कमिसन माग्यो भन्ने समाचार प्रकाशित भएको छ। अर्को उदाहरण बिचौलियाहरूको चलखेलका कारण नै राष्ट्र बैङ्कको गभर्नर नियुक्त हुन सकेको छैन। अर्को उदाहरण महालेखा परीक्षकले नदेखेको घाटा विद्युत प्राधिकरणमा नवनियुक्त कार्यकारी निर्देशकले कहाँ र

कसरी देखुभयो? त्यसैले यो नीति तथा कार्यक्रम समाजवाद उन्मुख छैन भन्ने कुरा यिनी घटनाक्रमहरुले पनि पुष्टि गरिरहेको छ। महिला सशक्तिकरणलाई प्राथमिकता त दिने तर बजेट विनियोजन वा अन्तर संस्थागत समन्वयका दृष्टिकोणमा कमजोरी देखाउने कुराले समस्या हल गर्दैन। Gender Responsive बारे पनि स्पष्ट नीति यस प्रतिवेदनमा आएन। प्रजनन स्वास्थ्य, यौनिक शिक्षा आदिलाई पनि ध्यान दिनुपर्ने कुरा हो। सुदूरपश्चिम कर्णाली मधेस जस्ता प्रदेशका विशिष्ट आवश्यकता र सामाजिक संरचना अनुसार विकास कार्यक्रम बनाउनुपर्ने हो। तर प्रस्तुत नीति कार्यक्रममा प्रदेश विशेष समस्या र समाधानको उल्लेख नै छैन। उदाहरणको लागि सुदूरपश्चिमलाई धार्मिक पर्यटकीय क्षेत्र घोषणा गरेको थियो। त्यसपछि गठबन्धनको सरकार बन्यो तर त्यो सेक्टरमा ०.०% काम पनि यो सरकारले गरेन। प्रधानमन्त्री छोरी परियोजना लगायतका कार्यक्रम पनि डिलिट गरियो किन? राष्ट्रिय गौरव योजनाको नाम पनि उल्लेख छैन किन?

मेरो अर्को संशोधन एउटा बुँदा थप गर्नुपर्छ भन्ने रहेको छ। शान्ति प्रक्रिया सम्बन्धी प्रतिबद्धता व्यक्त गर्ने संक्रमणकालीन न्याय बारे कुनै पनि प्रदिबद्धता नआउनु दुर्भाग्य पूर्ण छ। १८ वर्षपछि टि.आर.सी. विधेयक पास भयो। शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्ने जिम्मेवारी सरकारले लिनु पर्दैन्? प्रधानमन्त्री ओली र उहाँको दल आबद्ध मन्त्रीहरूले यसको व्यवस्था गर्नु त मैले स्वाभाविक नै ठान्छु। तर कङ्ग्रेसले पनि यसलाई नजरन्दाज गर्नु यस क्वाइट अ सर्प्राइज फर मि। अधिवेशनको सुरु मै आदरणीय नेताजीले यस विषयमा कुरा राखुभएको थियो सम्मानित सदनमा। यो कुरा उठाउनुभएको थियो र सरकारलाई सुनाउन बिर्सिनुभयो कि? भ्याउनु भएन? सरकारको नीति कसका लागि हो? यो नीति सम्पन्न वर्गका लागि मात्रै हो। भने यो नीति होइन यो विभेद हो। यदि कार्यक्रम केन्द्र सिमित मात्रै छ संघीयता विपरीत छ भने त्यो कार्यक्रम हैन। दमन हो। नीति तथा कार्यक्रम प्रस्तुत त गर्नुभएको छ। तर यो नीति तथा कार्यक्रम को फोकस छैन। फोकस नभएको हुनाले यताउती बरालिएको देखिन्छ। बजेटका लागि बढी रूम छोडिएको जस्तो देखिन्छ। बजेटमा बढी मनपरी गर्ने रूम छोडेको यहाँ देखिन्छ फोकस नभएको कारणले यो समाजवाद उन्मुख संवैधानिक हाम्रो जो मान्यता छ। यसको समाजवाद उन्मुख नभएर यो नौ उदारवाद तिर फर्केको हुनाले यो बलियो सरकारको कमजोर नीति तथा कार्यक्रम भएको हुनाले यसको पुनर्समीक्षा हुनुपर्यो भन्ने कुरा राख्दै बिदा हुन्छु धन्यवाद। लाल सलाम।

(१६:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु कुमारी सापकोटा। समय ७ मिनेट। त्यसपछि माननीय सदस्य पदम बहादुर परियार।

(१६:२० बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, यो नीति तथा कार्यक्रमको समर्थन गर्दै सम्माननीय राष्ट्रपतिज्यूबाट सम्मानित सदनमा २०८२।०८३ को प्रस्तुत नीति तथा कार्यक्रमको सम्बन्धमा आफूलाई मनमा लागेका केही विषयहरूमा आफ्नो तर्फबाट केही सुझावका रूपमा आफ्नो धारणा व्यक्त गर्ने समय र अवसरका लागि धन्यवाद। सम्माननीय अध्यक्षज्यू, नीति तथा कार्यक्रमका शब्द योजना प्रतिबद्धता राम्रा देखिएका छन्। तथापी कार्यान्वयन पक्ष भने सदा फितलो देखिएको छ यसपटक नहोस् भन्ने आशा गरौं। सधैं प्रतिवद्धता गरिने तर कार्यान्वयन गर्नु गर्न नसक्नाले नागरिकमा चरम निराशा बढ्दै गइरहेको छ यसको अन्त्य गर्नुपर्छ। यसपटक भने योजना नै तोकेर सङ्घ, प्रदेश र स्थानीय तहका तिनै वटा सरकारलाई चलायमान गराउने कुरामा जोड दिएको छ। नीति तथा कार्यक्रमले केही आशा जगाउने काम त गरेको छ। तर ती योजनाहरू समयमै सम्पन्न हुन सकेनन् भने नागरिकमा उल्टो प्रभाव पर्न सक्ने भएकोले यसप्रति सजक र इमान्दार हुन जरुरी छ। पुराना अति आवश्यक राम्रा उपयुक्त कार्यक्रमको निरन्तरतामा उदासिनता देखिएको छ। जसका कारण नीति बनाउने, प्रतिबद्धता गर्ने, कार्यान्वयन नगर्ने परम्पराको अन्त्य गरिनुपर्दछ। सहकारी बचत कर्ताको पैसा फिर्ता, उखु किसान दुग्ध किसानको भुक्तानी र निर्माण व्यवसायी लगायतका भुक्तानी अबिलम्व कार्यान्वयन गर्दा उपयुक्त हुन्छ। निर्माण व्यवसायिलाई निर्माण कार्यपूर्वका सहमति सम्झौताअनुसार बजेटको लगानी गर्दा सरकारको नीति र मापदण्ड अनुरूप गर्न बाध्यकारी बनाउनुपर्दछ। साथै सडकको सन्दर्भमा सडक भत्काउँदा, बनाउँदा पार्टपार्ट रूपमा निर्धारण गरी एउटा सम्पन्न भएपछि अर्को सुरुवात गरेमा यातायात व्यवसायी र यात्रुहरुलाई अनावश्यक सास्ती भोग्नुपर्दैन थियो। समय अनुकूलको गुणस्तरीय र रोजगारमुलक शिक्षा, स्वास्थ्यप्रति अझै बढी सजक र चनाखो हुँदै ति क्षेत्रहरूमा कार्यान्वयन पक्ष सशक्त गराउन उपयुक्त हुन्छ। महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत पछाडी परेको वर्ग जातजाति क्षेत्रमा लैङ्गिक उत्तरदायी बजेट व्यवस्थापनका लागि प्रस्ट्याउँदा राम्रो हुन्छ। वैदेशिक रोजगार न्यूनीकरण स्वदेशमै रोजगार सृष्टिका लागि स्रोत र स्थानको पहिचान गरी उत्पादन र उत्पादकत्व वृद्धिका लागि ठोस र नवीनतम कार्यक्रमको सुनिश्चित गरिनुपर्दछ। दक्ष कृषक कृषि उत्पादनमा जोड दिँदै दक्ष कृषकहरूको

उत्पादन गरी कृषकहरूलाई प्रोत्साहनका लागि तिनै तहका सरकारको समन्वयमा खाली र बाझाँ जग्गालाई सरकारले नै लिजमा लिएर सरकारकै लगानीमा मासिक तलब भत्ता र पेन्सनको व्यवस्था गर्न सकेमा मात्र कृषकका छोराछोरीहरुलाई कामको खोजीमा विदेश जान रोक्न सकिन्छ। यसका साथै पशुपालनलाई पनि महत्वपूर्ण स्थान दिनुपर्दछ जसबाट नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिन्छ। दिगो वन व्यवस्थापनलाई अझै धेरै उत्पादन र व्यवस्थित गर्दै विकासका कार्यक्रममा बाधा पुऱ्याउने ऐन र नीतिलाई व्यापक रूपमा परिमार्जित गर्दै विदेशी भूमि चाइना र भारतबाट आयतित काठ र भुसका पलाइवेटलाई रोक लगाउनुपर्दछ। राष्ट्रिय सामुदायिक र व्यक्तिगत वनजङ्गलका काठहरू सरकारको स्वामित्वमा किनबेच उपभोग र प्रयोगलाई सहज नीति निर्माण गर्न सक्यौं भने जङ्गलमा सडेगलेका काठहरूको पनि सही सदुपयोग हुने र झाडी जङ्गलमा जङ्गली जनावरको वृद्धि भएकाले नागरिकहरूको जनजीवन खतरामा परेको छ अझ बाँदरको आतङ्कले त धेरै नागरिकहरू पुर्खौली थलो छोडेर बसाईं सराईं गर्न बाध्य भएका छन्। हाम्रा काठहरू बाह्यबाट आयातमा जसरी बाहिरबाट आउने काठहरूलाई हामीले रोक्नुपर्छ। र निर्यातमा खुल्ला राख्नुपर्छ जिल्ला जिल्लाहरूमा पनि हामीले यो नीति अबलम्बन गऱ्यौं भने पनि एउटा जिल्लामा जे छ त्यो जिल्लाले त्यहीबाट प्रयोग गर्ने बाहिरको जिल्लाबाट पनि ल्याउन नपाउने खालको नीति बनायौं भने त्यहाँ उत्पादन पनि हुन्छ र त्यसलाई सहज पनि हुन्छ। सम्माननीय अध्यक्षज्यू, सत्ता पक्ष भएर नीति तथा कार्यक्रमलाई सकारात्मक रूपमा हेर्ने हेर्ने बोल्ने मेरो मन हुँदाहुँदै पनि देशको स्थिति वास्तविकता र बढ्दो निराशालाई चिर्न पर्ने भएकाले यसरी केही सुझावहरू र टिप्पणीहरू गर्न परेको छ। राष्ट्रको कुनै पनि कुरामा न्यायपूर्ण अवस्था संवेदनशीलता देखिँदैन समानताको सिद्धान्तलाई ध्यान दिएको देखिँदैन। लोकतन्त्रमा सबैको समान अधिकार र समान दायित्व हुन्छ संघीयतालाई बलियो बनाउनका लागि खुल्ला नीति र दिगो विकास हुनुपर्दछ। फेरि पनि अभाव त छ। तर इमान्दारिता भयो भने आशा गर्न र आशा जगाउन सकिन्छ। इमानदारीता प्रयासका लागि हामी सबै अघि बढौं। उद्देश्य हासिल गर्न सकिन्छ। समय अनुसार आफूलाई बदलौं राष्ट्र आफै बदलिन्छ भन्ने कुरामा विश्वास राख्दै सबैका जायज सुझावहरू अवलम्बन गर्दै सोही अनुरुपको बजेट विनियोजनका लागि सम्मानित सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

(१६:२६ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य पदम बहादुर परियार। समय ७ मिनेट। त्यसपछि माननीय सदस्य माया प्रसाद शर्मा।

(१६:२६ बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले प्रस्तुत गरेको वार्षिक नीति तथा कार्यक्रमको छलफलमा हामी छौं। सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम लगभग १५५ वटा बुँदामा ११ वटा प्राथमिकता तोकेर र अलि फरक स्ट्रक्चरमा लिएर आएको कारणले गर्दा सम्भवतः अलिकति हामीहरु पुरानै शैलीमा अभ्यस्त भएको कारणले होला सम्भवत अलिकति केही नमिल्या जस्तो के नभए जस्तो  खालको प्रतिक्रिया आइराखेको छ सभामा। सरसरती मेरो नाङ्गो आँखाले हेर्दा नीति तथा कार्यक्रम नीतिलाई फोकस्ड गरेर लिएर आएको छ। केही राम्रा नीतिहरू यसपटकको नीति तथा कार्यक्रममा आएको छ। खासगरी कन अहिलेको पछिल्लो राजनीति घटना क्रमलाई र अब आउने त्यस्ता परिस्थितिहरूलाई मध्यनजर गरेर सरकारले पहिलो नीतिको पहिलो प्राथमिकतामा नै संविधान र सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण गर्ने र त्यस्ता खालको अराजक गतिविधिहरूलाई प्रतिवाद गर्ने नीति लिएको छ यो असाध्यै समय सापेक्ष छ। खासगरिकन बुँदा नम्बर १३ मा कृषि क्षेत्रमा उद्यम गर्न चाहने युवाहरूलाई चाहे यो पाइलट प्रोजेक्टहरू सञ्चालन गर्नको लागि सहयोग गर्ने इन्ट्रेस्टिङ प्रोग्राम छ। हामी हिमालै हिमालको जिल्ला भएको हुनाले यो सगरमाथा संवाद गर्ने सरकारले पहल गर्दै छ। यो पनि  interesting program लागेको छ। अर्को यो जनताको जलविद्युत कार्यक्रम सरकारले लिएर आएको छ। खासगरिकन विदेशमा बसेका नेपालीहरूको रेमिटेन्स र यहीँ बसेका नेपालीहरूले पनि लगानी गरेर जनताहरूले जलविद्युतमा लगानी गरेर गरिबी घटाउदैं जादै गरेर त्यस्तो खालको कार्यालय लिएर आएको छ। कमाउदै पढ्दै सरकारी कार्यालयहरूमा इन्टर्नसीपको व्यवस्था गर्ने कुरा छ। स्वास्थ्य विमा प्रणालीलाई एकीकृत गर्ने कुरा छ। निजामती सेवा विधेयक लिएर आउने कुरा छ।  र खासगरी स्टार्टअप उद्यमीहरुलाई स्टार्टअप ग्रान्टहरू दिने कुराहरू केही सकारात्मक कुराहरु देखिएको छ। आगामी दशकलाई आन्तरिक रोजगारीको दशक घोषणा गरी गरेर यसरी नीति तथा कार्यक्रमको केही राम्रो पक्षहरू म यहाँ विश्लेषण गर्न चाहन्छु। तथापी केहीं महत्वपूर्ण पक्षहरु जसलाई सरकारले नीति तथा कार्यक्रममा समेट्नु पर्ने थियो। अलि बढी प्राथमिकरण गर्नुपर्ने थियो ती कुराहरु नआएको मैले देखेको छु। त्यसमा खासगरीकन म जुन समुदायबाट प्रतिनिधित्व गर्छु। अपाङ्गता र अल्पसंख्यक समुदाय त्यसको फोकल मिनिस्ट्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बुँदा नं. ७८ देखि ८५ सम्म नीति तथा कार्यक्रम ती मन्त्रालय अन्तर्गतमा तोकिएका छन्। तर ती मन्त्रालयमा भएका नीति तथा कार्यक्रममा अहिले अपाङ्गता भएका व्यक्तिहरुले भोगिरहेका प्रमुख समस्याहरूलाई सम्बोधन गर्ने गरेर नीति तथा

कार्यक्रमहरु नयाँ आउन सकेको छैन। पुरानै नीति तथा कार्यक्रमलाई निरन्तरता दिईएको छ। खासगरिकन अपाङ्गता भएका व्यक्तिहरू पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई व्यक्तिगत सहयोगी दिने भनेर ऐनमा लेखिएको छ। नियमावलीमा लेखिएको छ। नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूसँग सम्झौता गरेको छ। १० महिनादेखि कार्यविधि बनाउने र यो सेवा दिन्छौं भनेर भनेको छ। यो वर्षको नीति तथा कार्यक्रममा जसरी पनि लिएर मन्त्रालयले बोलिरहेको थियो। तर मन्त्रालयले त्यसतर्फ कदम चालेको देखिएन जम्मा एकजनालाई मात्रै दिने भने २४ हजार खर्च हुन्छ। ७५३ वटै स्थानीय तहलाई दियो भने जम्मा १ करोड ८० लाख रुपैयाँ जति खर्च हुन्छ। यत्ति खर्च हुने कार्यक्रमलाई नीतिलाई पनि नेपाल सरकारले प्राथमिकता दिएको छैन। अपाङ्गता भएका व्यक्तिहरू उपर नेपाल सरकार कम संवेदनशील भएको हो कि भन्ने भान यसले दिएको छ। त्यसैगरी बुँदा नं. २२ मा भूमिहीन दलित सुकुम्बासी अव्यवस्थित बसोबासीलाई व्यवस्था गर्ने कुरा गरेको छ। ऐन पारित गरौं पहिला ऐन आइसकेको छ। सरी विधेयक आइसकेको छ। विधेयकलाई प्राथमिकता दिएर पारित गर्ने कुरामा अगाडि बढौं। बुँदा नम्बर ५५ मा ऐतिहासिक पुरातात्विक सांस्कृतिक भाषाहरूको संरक्षण गर्ने कुरा गरेको छ। म जन्मिँदै म पढ्दै हुर्किदै गरेका दरै बोटे कुमारहरूको भाषा संस्कृति असाध्यै लोपोन्मुख हुँदै गइरहेको सन्दर्भमा सरकारले त्यता तर्फ पनि कार्यक्रमहरू लेराउन सकोस्। बुँदा नम्बर ६५ मा बालबालिकाहरूलाई आधारभूत शिक्षा २०७४ साल सरी ८४ सम्ममा दिने भनेर सरकारले घोषणा गरेको छ। लगभग ३ प्रतिशत बालबालिका अहिले पनि विद्यालय जादैंनन्। ती विद्यालय नजाने बालबालिकाहरू मध्येमा असाध्यै गरिब अपाङ्गता भएका बालबालिका टुहुरा बालबालिकाहरू पर्छन्। तिनीहरूलाई ३ वर्षमा कसरी विद्यालयसम्म पुऱ्याउन सकिन्छ? कस्तो कार्यक्रम लिएर आउने हो सरकारले बजेटमा त्यसलाई प्रस्ट पारोस्। गरिबी निवारणको सन्दर्भमा प्रत्येक ५ जना व्यक्ति मध्यमा एकजना व्यक्ति गरिबी रेखामुनी छन् तर गरिबी निवारण लक्षित कार्यक्रमहरू सरकारले ल्याउँछु भनेको छ। अघिल्ला वर्षहरूका कार्यक्रमहरूमा ती कुराहरु देखिएको छैन। ट्रिकल डाउन इफेक्ट पर्छ जुनसुकै कार्यक्रम गरे पनि गरिबी निवारण हुन्छ भन्ने तरिकाले गरिबी निवारण हुन सक्दैन। स्पेसिफिक फोकस प्रोग्रामहरु लिएर आउन आवश्यक छ।

अन्त्यमा सरकारले एउटा नारा अगाडि सारेको छ "समृद्ध नेपाल सुखी नेपाली" को सपनालाई साकार पार्ने भनेर नारा अगाडि सारेको छ। यो नारा १६ औं पञ्चवर्षीय योजनामा लेखिएको छ र यो यो नारा २१ बिक्रम सम्मत् २१ साल २१०० साल सम्ममा पुरा गर्ने गरिकन यो नारालाई दीर्घकालिन सोचको रूपमा प्रस्तुत गरिएको छ तर यही वर्षको नीति तथा कार्यक्रममा

मानौं कि यो नारा साकार पार्न सक्छौं जस्तो गरेर यसलाई अलिकति घनिभूत रुपमा राखिएको छ। हामीलाई समृद्ध नेपाल र सुखी नेपाली मात्र भएर पुगेको छैन हामी सबै नेपालीहरु सम्मानित पनि हुनुपर्नेछ समुन्नत पनि बनाउनुपर्नेछ। त्यतातर्फ पनि सरकारले ध्यान दियोस्। समग्रमा यो नीति तथा कार्यक्रमको म समर्थन गर्छु केही राम्रा पक्षहरु छन् केही सुधार गर्नुपर्ने पक्षहरू छन् सरकारले आगामी बजेट बनाउँदा खेरी यसलाई ध्यान दियोस् भन्ने सुझाव राख्दै मेरो भनाइ यहीँ अन्त्य गर्न चाहन्छु। हवस् त नमस्कार।

(१६:३३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य माया प्रसाद शर्मा। समय ७ मिनेट। त्यसपछि माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१६:३४ बजे) <u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, हामी आर्थिक वर्ष २०८२।०८३ को सरकारको नीति तथा कार्यक्रमका विषयमा छलफल गरिराखेका छौं। यो ५६ पेज १५५ बुँदामा केन्द्रित छ। यसले विशेष गरेर पढाइमा छोटो बनाएको छ। पट्यारलाग्दो भएन र सत्तापक्षले अहिले मैले धेरै पटक ताली पिट्ने गरेको देखेको थिएँ। यसपटक मौन ढङ्गले यसको सुनुवाई भएको छ। र कतिपय बुँदाहरु विगत सरकारले ल्याएका बुँदाहरु छन् र कति हामीले समितिबाट पनि नीति तथा कार्यक्रमका लागि सुझाव दिएका थियौ तिनीहरू पनि समेटिएका छन् र यसले कतिपय विषयहरूलाई नाराको रूपमा सुन्दर ढङ्गले पेस गर्न खोजेको छ। यो यसो हेर्दै जाँदा विगत सरकारले ३ महिनाअगाडि छलफल, बहस, अन्तरक्रिया र सबैसँग छलफल गर्दै आउँदा अलि परिमार्जित व्यवस्थित र आवश्यकतासँग केन्द्रित हुन पुग्थ्यो यो कर्मकाण्डको रूपमा अहिले जो आएको छ यसलाई समर्थन गर्न सकिने स्थिति रहेन। माननीय सम्माननीय अध्यक्ष महोदय, र यो यसले विशेष गरेर कर प्रणाली, वित्तीय कोष, वस्तु विनिमय बैंक तथा वित्तीय सञ्चय खराब कर्जा व्यवस्थापन, कृषि, भूमि, सहकारी, पर्यटन, ऊर्जा लगायतका विषयहरूलाई समेट्न सकेको स्थिति देखिँदैन। कहिँ कहिँ उठाउन खोजेको छ अमूर्त छ। यसले आशाभन्दा निराशालाई बढी केन्द्रित गरेको छ। विगतमा भन्ने गरेका राष्ट्रिय गौरवका योजनाहरूलाई समेट्न सकेको स्थिति देखिँदैन। समेटेको छैन कहिँ पनि अप्ठ्यारो पर्‍यो होला केहि। र हिजो राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम राष्ट्रपति चुरे तराई मधेश संरक्षण, राष्ट्रपति महिला उत्थान कार्यक्रमहरू थिए। आउँथे यसपटक राष्ट्रपतिको बीचको केही अन्तर पर्‍यो कि? हिजो ल्याउँदा र आज हुँदा राष्ट्रपतिमा कतै तल माथि पर्‍यो कि? काँग्रेस

समर्थक माननीयज्यूहरूले बढि थाहा पाउनु हुन्छ होला। सहमति मै आएको होला। मलाई त्यस्तो एउटा जिज्ञासा पैदा भएको स्थिति मलाई लागेको छ। ग्रे लिष्टबाट हटाउने भन्ने छ। यो रेड लिष्ट तिर जाने हो या यसलाई दुई वर्ष पछि हामी सरकार परिवर्तनका कुरा पनि छन्। अनि कांग्रेसकै थाप्लामा हाल्ने जस्तो देखिन्छ। यो ग्रे लिष्ट त यतैबाट भएन भन्या जस्तो हो कि भन्ने पनि देखापर्ने देखिन्छ। समृद्धि सुशासन र सामाजिक न्यायका विषयहरू हराएको छ। सरकारको सम्पति अहिलेसम्म पनि सार्वजनिक भएको छैन। कसरी समृद्ध होला १० महिनासम्म सार्वजनिक नहुनाले यो समृद्धि कसरी आउला अलि समस्या जस्तो देखिन्छ। नीति तथा कार्यक्रम बजेट बिनियोजन र कार्यान्वयन यिनीत क्रमशः आउने विषयहरू हुन्। यसकारणले यिनी विषयहरू कसरी आउँछन् हेर्नुपर्ने स्थिति देखिन्छ। मैले यसैसँग केही संशोधन प्रस्तावहरू पनि राखेको छु। र ५/६ वटा विषयमा राखेको छु। यसलाई मैले हेर्दा खेरी विशेष गरेर यो २८ बुँदा नं. २८ को उसको पेज नम्बर २८ को बुँदा नम्बर ६६ मा विद्यालय तहको पाठ्यक्रम जो विद्यालयमा अलि केहीँ सकारात्मक विषयहरू उठाएको छ। पाठ्यक्रममा नेपालको गौरव, संस्कृति सभ्यता र राजतन्त्र अन्त्य र गणतन्त्र स्थापना हुनका कारण समेत समेटेको पाठ्यक्रम बनाउँदा जनतालाई बुझाउन सजिलो हुन्छ र कार्यका उल्लेखको विद्यार्थीहरूले पनि बुझ्न र नेपालको विषयलाई अलि बढी थाहा पाउने स्थिति हुन्छ। कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरुलाई शिक्षा, शिक्षालाई सीप, सिपलाई रोजगारी रोजगारीलाई उत्पादनमा लगाउँदै, उत्पादनलाई बजारमा जोड्ने पद्धतिको विकास गर्‍यौं भने बेरोजगारी समस्या हल हुन्छ र विदेश जानेबाट हामीले रोक्न सक्ने सम्भावना देखापर्दछ। विद्यालय ऐन, २०८१ को ३५ बमोजिम प्रक्रिया पुरा नगरेका प्रत्येक विधायन ऐनको यो प्रत्यायोजित विधानसँग सम्बन्धित विषयहरू छन् र हामीले ऐन पास गरेका छौं। ८०।८१ चैत्र ३ गते हो जस्तो लाग्छ यसलाई प्रमाणिकरण पनि भएको जस्तो देखिन्छ। अब यहाँ भन्दा पछाडि बन्ने प्रत्यायोजित ऐनहरू सबै खारेज हुन्छन् त्यसलाई बनाउनका निमित्त यो नीति तथा कार्यक्रमले केही बोलेको स्थिति छैन। फजुल खर्च छ। फजुल खर्च हल गर्ने भन्ने छ फजुल खर्च कसरी हल गर्ने? हामीले हेर्यौं भने धेरै विषयहरू उठेका छन्। प्रतिगमनकारीहरू पनि सल्बलाइ रहेको थोरै तिनै भए पनि उठिराखेको विषय पनि छ। यो किन भाछ भन्दा खेरी फजुल खर्च छ। अनियमितता छ। भ्रष्टाचार छ। र यो उलाई हटाउन हामी कसरी सक्छौं विश्वास कसरी दिलाउन सक्छौं। यसका लागि ४६ सालदेखि यता सार्वजनिक ओहदादामा रहेका राजनीतिकको नेताहरू जो सरकार प्रमुखहरू विभिन्न विशिष्ट श्रेणीमा रहेका कर्मचारीहरू सरकार प्रमुखहरू विभिन्न व्यक्तिहरूको सम्पत्ति छानबिन गर्नका निमित्त आयोग बनाउनुपर्छ। जब आयोग बनाइयो भने मात्र के हुन्छ भने छानबिन हुन्छ र

विश्वास बढ्छ सरकार प्रति विश्वास बढ्छ र अब प्रतिगमनको जुन प्रकारको हावा कहीँ न कहीँ चलिराखेको स्थिति देखिन्छ त्यो पनि हामीले बलपूर्वक भन्दा नीतिगत ढंगले हल गर्न तिर लाग्यौं भने सही हुन जान्छ भन्ने मलाई लाग्छ। अर्को हामीले रोजगारीको खोजीमा भारत जाने नागरिकहरूको सुरक्षाको लागि सामाजिक सुरक्षा कोष र बीमा आबद्ध बिमामा आबद्ध गराउन आवश्यक नीति तर्जुमा गर्नुपर्ने देखिन्छ किनभने अन्य मुलुकहरुमा जाँदाखेरि बिमाको व्यवस्थापन छ तर उसको वन उसको सामाजिक सुरक्षाकोषको व्यवस्थापन छ। तर भारतमा त्यो ऊ लिएर जाने स्थिति हुँदैन धेरै नेपालीहरू विशेष गरेर कर्णाली प्रदेश र सुदूर पश्चिमका नेपालीहरू प्रायः इण्डियामा गएर पैसा कमाउने छ। त्यहाँ आउँदा खेरी नाङ्गो हात आउने स्थिति छ। यसलाई सरकारले समेट्नुपर्छ भन्ने मलाई लाग्छ। यसकारणले नीति तथा कार्यक्रम जुन प्रकारले आएको छ। यहाँ माननीयज्यूहरुले उठाउनु भएको छ। मलाई त के लाग्छ भने यहाँ कडा ढङ्गले प्रतिपक्षहरु बोले। शब्द चयन गर्नुपर्ने देखियो भने त अलि एकपटक सबैले हामी ..... (समय सकिएको)।

(१६:३७ बजे) <u>पुनः पीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१६:४१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माइक काटियो माननीयज्यू। माननीय सदस्य तुलसा कुमारी दाहाल। समय १० मिनेट।

(१६:४२ बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नेपाल सरकारको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम माथि छलफल गरिरहेका छौं। म यो नीति तथा कार्यक्रमलाई सर्वप्रथम स्वागत र समर्थन गर्न चाहन्छु। देशमा स्थायीत्व कायम गर्ने देश विकासलाई तीव्र रूपमा अगाडि बढाउने सुशासन कायम गर्ने शान्ति र समानता कायम गर्ने गरी यो नीति र कार्यक्रम आएको छ। संघीय लोकतान्त्रिक गणतन्त्र गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने यसका विरुद्धमा कुनै पनि प्रकारका प्रतिगमन पुनरुत्थानवादि अराजक गतिविधिको प्रतिवाद गर्ने नीति लिएको छ। जनतामा आशा भरोसा जगाउने अर्थतन्त्रमा आएको सिथिलता अन्त्य गर्ने। स्वस्थ प्रतिस्पर्धा गर्ने। राष्ट्रिय हित अनुरूपण स्तरीय सर्वसुलभ पहुँचयोग्य शिक्षा र मर्यादित रोजगारीको व्यवस्था गर्ने विश्वविद्यालयको शिक्षालाई अनुसन्धानमूलक नीति लिएको छु। नीति तथा कार्यक्रमले सकारात्मक प्रभाव पार्नेछ भन्ने अनुमान गरेको छु। "समृद्ध नेपाल सुखी नेपालीको" राष्ट्रिय आकाङ्क्षा पुरा गर्न विकास निर्माणका

लागि भौतिक पूर्वाधारका आयोजनाहरूलाई प्राथमिकरण गर्ने वर्गीकरण गर्ने तालिका निर्धारण गर्ने र अनावश्यक आश्वासन नदिने गरी ल्याइएको छ। उद्यमशीलता मैत्री शिक्षा नीति अनुरूप विद्यालय शिक्षामा देखिएका चुनौतीले चुनौतीहरुलाई समाधान गर्नको निम्ति नीतिगत र कानुनी प्रबन्ध गर्ने पाठ्यक्रम सिकाइ अध्ययन विधिमा सुधार गर्ने गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिएको देखिन्छ। तीन तहको सरकारको बीचमा सहयोग समन्वय सहकार्य गरी आवश्यक कानुनी प्रबन्ध गर्ने कृषि उत्पादन उत्पादकतत्व बढाउने उद्यमशीलताको विकास गर्ने र व्यावसायीकरण गर्दै आत्मनिर्भरतिर अगाडि बढाउने लक्ष्य यसले लिएको देखिन्छ। विगतका नीति तथा कार्यक्रम भन्दा यस वर्षको नीति तथा कार्यक्रम चुस्त व्यवस्थित र दिशा केन्द्रित र लयमा बाँधिएर आएको छ।

सम्माननीय अध्यक्ष महोदय, यस अधिवेशनमा नीति कार्यक्रम र बजेट मात्रै पारित हुने छैन। यसको अलावा वैकल्पिक वित्तीय वस्तु विनिमय सम्बन्धी विद्यालय शिक्षासम्बन्धी नेपाल प्रहरी, संघीय निजामती, नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न भनेको विधेयक, नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानुनलाई संशोधनले एकीकरण गर्न बनेको विधेयकलाई पनि पारित गरिने भन्ने प्रस्तावित गरेको छ। अत्यावश्यक र आवश्यक विधेयकहरू ल्याउने र पारित गर्ने पनि प्रतिबद्धता गरेको छ। सूचना प्रविधि, वन पर्यटन कृषि भौतिक पूर्वाधार भूमिसम्बन्धी नीति भूमि बैंक, डिजिटल बैंक भू उपयोग आयोजना शासकीय सुधार गर्ने कार्यक्रमहरू पनि समावेश गरिएका छन्। विगतमा प्रस्तुत भएका नीतिगत कार्यक्रम फराकिला ठूला र विवरणमुखी कुराले जनतामा आकाश आशंका आशा जगाउने खालको देखिए पनि व्यवहारमा कार्यान्वयन हुन नसकेको यथार्थ हाम्रो सामु छ। यसर्थ जनतामा नकारात्मक असर पर्न गएको थियो र तत्कालीन यस वर्षको कार्यक्रममा जनतामा नकारात्मक असर नपर्ने गरी यो नीति र कार्यक्रमलाई प्रस्ताव गरिएको छ। सम्माननीय अध्यक्ष महोदय, सरकारी खर्चको भद्दापनलाई रोक्न खोजेको छ। अनावश्यक र फजुल खर्चलाई पनि रोक्ने प्रस्ताव गरेको छ। तीन तहको सरकारको समन्वय सहकार्यका लागि प्रधानमन्त्रीको नेतृत्वमा बनेको सुशासन समिति अघिल्लो सरकारको प्रस्ताव नै हो र सोही प्रस्तावलाई निरन्तर दिन निर्णय गरेको छ। प्राकृतिक स्रोतसाधनको उपयोग गर्दै जलशक्तिको एकीकृत तथा बहुपक्षीय विकास गर्ने। नदी प्रणालीको संरक्षण र कानुनी प्रबन्ध गर्ने। संरचनागत प्रबन्धसमेत गर्न खोजिएको छ। स्थानीय तहदेखि सरकारी सेवामा इन्टर्नलाई प्रयोग गर्दै इन्टरसिपलाई प्रयोग गर्दै कमाउँदै पढ्दै गर्ने बढीमा २० घण्टा २० हप्ता २० घण्टाको समय हप्ताको लागि अध्ययन र अध्यापनलाई निरन्ता दिने कार्यक्रम ल्याइएको छ। पाठ्यक्रममा एकरुपता ल्याउन शिक्षण कलाको लागि तालिम सञ्चालन

बौद्धिक सम्पत्तिको संरक्षण नवप्रवर्धन र अनुसन्धानलाई परम्परागत सीप, ज्ञान र समुदायसँग जोड्ने र निजी तथा साझेदारी सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गर्ने गरी कार्यक्रम ल्याइएको छ।

सम्माननीय अध्यक्ष महोदय, नीति तथा कार्यक्रम अनुसार नै बजेटको प्राथमिकता पर्नुपर्छ। बजेट विनियोजन हुने हुँदा नेपाल सरकारलाई बजेट विनियोजनमा ध्यान दिनको निम्ति पनि आग्रह गर्न चाहन्छु। हाम्रो देशको जनसंख्याको असन्तुलनलाई व्यवस्थित गर्न कतिपय स्थानमा बाटो, पानी, बिजुली, विकासका पूर्वाधारहरू पुगेका छन्। तर ती ठाउँमा जनसङ्ख्या पातलिँदै गएको छ। सहरी क्षेत्रहरूमा जनसङ्ख्या अत्याधिक चाप रहेकोले यस तर्फ पनि आवश्यक ध्यान दिन आवश्यक छ। जनसङ्ख्याको सनतुलित विकासको लागि योजना बनाउन पनि आवश्यक छ। बसाई सराईको कारण ३४ जिल्लामा नकारात्मक असर परेको छ भने जनसङ्ख्या घट्ने दर पनि रोक्न आवश्यक छ। यस तर्फ बजेटको सिद्धान्तले समावेश गरोस् भन्न चाहन्छु। विगतका नीति कार्यक्रममा सरकारले विपद् व्यवस्थापन सम्बन्धमा गरेका प्रतिबद्धताहरू पुरा गर्न नसकेको उदाहरण जगजाहेर छ। यस अर्थ विपद् व्यवस्थापन, भूकम्प, बाढि पहिरो आगजानी जस्ता विषयमा ध्यान दिन आवश्यक छ। यसको लागि पूर्व योजना बनाउन समस्यामा परेका जनतालाई सहयोग र भूकम्प पीडितहरूका लागि घर निर्माणको लागि योजना बनाउन पनि आवश्यक छ। यस तर्फ बजेट केन्द्रिकृत रहोस् भन्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, युवा समुदायलाई लक्षित गर्दै आर्थिक तथा सामाजिक रुपान्तरण गर्ने खेलकुद, तालिम, प्रशिक्षण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म खेलकुद प्रतियोगिता सञ्चालन गर्ने भनिएको छ। यसमा थप युवा स्वरोजगारको विषय छुटेको जस्तो देखिन्छ। यसतर्फ पनि बजेटमा थप गरियोस् भन्न चाहन्छु। लागु औषध दुर्वेषण, साइवर अपराध, आत्महत्या जस्ता विषयहरू नियन्त्रण गर्न सुरक्षा निकायको दक्षता अभिवृद्धि गर्ने अपराध अनुसन्धानमा उच्च प्रविधिको प्रयोग गर्ने भनिएको छ। यतिले मात्रै पुग्दैन जस्तो लाग्छ। लागु औषधको दुर्वेषण ठुलो सङ्ख्यामा बालबालिका र युवाहरू प्रभावित भइरहेका छन्। समाजमा हिंसा र अपराध बढ्दो अवस्थामा छ। किन भइरहेको छ? कारण खोज्न अध्ययन र अनुसन्धानको आवश्यकता यस तर्फ सरकारले ध्यान दिन आवश्यक छ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले नीति तथा कार्यक्रममा नागरिकता विधेयक, नेपाल प्रहरी सम्बन्धी विधेयक, सशस्त्र बल नेपाल सम्बन्धी कानुनलाई संशोधन एकीकरण गर्न बनेको विधेयक यसै अधिवेशनमा पारित गर्ने भनी प्रतिबद्धता गरेको छ। संविधानको मर्म र भावना अनुसार बन्न बाँकी मौलिक हकका कानुनहरू १३ वटा अझै बाँकी छन्। यसतर्फ सरकारको ध्यान

पुगोस् भन्न चाहन्छु। यसैगरी बनेका कानुनहरूको कार्यान्वयनको अवस्था र प्रभावकारिताको विषयमा पनि अनुगमन गर्न आवश्यक छ। यसतर्फ पनि सरकारले सोचोस भन्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, यो नीति तथा कार्यक्रमले आवश्यक नारा र स्लोगन तय गरेको छ तर आश्वासन मात्र बाँडेको छैन। देशको आर्थिक क्षमता अनुरुप कार्यक्रम प्रस्ताव गरिएको छ। क्षमता र स्रोत साधनले धान्न सक्ने गरी विषयवस्तुलाई अगाडि ल्याइएको छ र प्रस्ताव गरेको छ। जलासययुक्त खानेपानीको आयोजना भूमिगत पानीको स्रोत पुनर्भरण उपभोक्ताहरूको सहलगानी खानेपानी सरसफाईको आयोजनालाई एकीकृत रुपमा कार्यान्वयनको विषयमा बजेटले सम्बोधन गर्नैं पर्छ। भौतिक पूर्वाधार सडक, रेल, हुलाकी मार्ग, जल यातायात, रेल मार्गको विकासलाई निरन्तरता दिने प्रतिबद्धता पनि गरेको छ। पानीजहाज सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक यसै अधिवेशनमा पारित हुनेछ। हुलाकी सेवाको पूर्वाधार व्यवस्थित गर्ने एक स्थानीय तह एक स्मार्ट हुलाकको अवधारणा कार्यान्वयन गर्दै सेवा प्रभावलाई आधुनिकरण र व्यावसायिकरण गर्ने कार्यक्रम समेत यसमा समावेश गरिएको छ। चुरे संरक्षणको गुरु योजना, पुनरावलोकन गर्ने राष्ट्रपति चुरे संरचना परियोजनाको पुर्नसंरचना गर्ने र प्रभावकारी बनाउने। राष्ट्रिय चुरे संरक्षण आयोजनाको रुपमा अगाडि बढाउने जस्ता कार्यक्रम पनि प्रस्ताव गरिएको छ। सम्माननीय अध्यक्ष महोदय, कतिपय पुराना र जीर्ण भएका संरचना र योजनाहरु खारेज गर्ने नीतिको अगाडि सारेको छ। तर त्यसमा लगानी भइसकेको देखिन्छ। ती परियोजनाहरूको विस्तृत अध्ययन पश्चात मात्र खारेज गरियोस् भन्न चाहन्छु। अध्ययन नगरिकन ती परियोजना खारेज गऱ्यो भने राष्ट्रको ठुलो लगानी भएको छ। आर्थिक वर्ष २०८२ र ०८३ को लागि प्रस्तावित नीति तथा कार्यक्रम वस्तुनिष्ट, समय सापक्ष कार्यान्वयन गर्ने हिसाबले ल्याइएको देखिन्छ। म यो कार्यक्रमलाई समर्थन गर्न चाहन्छु र नेपाल सरकारलाई हार्दिक धन्यवाद पनि दिन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, नीति र कार्यक्रमको अहिले देशको वस्तुगत विश्लेषण गरेर ल्याईएकोछ।देशको अवस्थालाई वस्तुगत यथार्थतामा परिणत गरिएको छ र यसमा बजेट विनियोजनको अवस्था हेरेर मात्र हामी मूल्याङ्कन गर्न सक्छौं। समीक्षा गर्न सक्छौं। समीक्षा त अझैं गर्न सक्दैनौं। यसको कार्यान्वयनको अवस्थालाई पनि हेर्नु पर्छ। कार्यान्वयनमा मात्र पनि होइन। यसको परिणामलाई पनि हेर्नु पर्छ। यसले पारेको असर के छ भन्ने कुरालाई हेर्नु पर्ने हुन्छ। हाम्रो देशको ढुकुटी देशको आर्थिक स्रोत साधन क्षमता अनुसार नै सरकारले नीति तथा कार्यक्रम अगाडि सारेको छ। यसरी सार्दा कतिपय पुराना कार्यक्रमहरू दोहोरिएका छन्। कतिपय पुराना कार्यक्रमहरू

छुटेका पनि छन्। त्यसले गर्दा झण्डै १८००० परियोजनामा ११ हजार परियोजना त खारेज गर्नुपर्ने खालको छ भने अनुमान गरेका छन् विज्ञ हरूले त्यो अध्ययन अनुसन्धान गरेर मात्रै ती परियोजनाहरूको खारेज गर्नुपर्छ। राष्ट्रको लगानी भइरहेको छ। त्यो कुरालाई अध्ययन गर्दै सरकारले यस तर्फ ध्यान दियोस् र यो नीति कार्यक्रम अनुसार केहीँ छुटेको विषय वस्तुलाई बजेटमा ल्यायो भने हामी सरकारलाई धन्यवाद भन्न चाहन्छौँ भन्दै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँदछु। हवस् त धन्यवाद।

(१६:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८२ साल बैशाख १९ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८२ /०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल बैशाख २३ गते मङ्गलबार अपराह्न १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल वैशाख २३ गते मङ्गलबार अपराह्न १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

स्थगितः १६:५२ बजे।